# नवप्रज्ञापन

साहित्यिक पत्रिका

पूर्णाङ्क : ९९, माघ–चैत २०७९

(प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार २०७७ द्वारा पुरस्कृत)

**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**उप-सम्पादक**
बाबुराम लम्साल

**व्यवस्थापक**
गणेशराज रिजाल

**आवरण/शब्दचित्र**
राजेश मानन्धर

**लेआउट**
डीएन्डडी कम्प्युटर
बागबजार

**मुद्रण**
लक्ष्मी गणेश प्रेस
बागबजार, काठमाडौं



**सहयात्री**
प्रा.डा. ध्रुवकुमार घिमिरे
राममणि दुवाडी
डा. दामोदर पुडासैनी 'किशोर'
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
उमेश रिमाल
रामप्रसाद अधिकारी
ईश्वरराज ढुंगेल
सदानन्द अभागी
डा. पुष्करराज भट्ट
विवेक वाइबा
भवानी तावा
माधव पोखरेल 'गोज्याङ्ग्रे'
टीकाराम उदासी
लक्ष्मीनारायण श्रेष्ठ
विनयराज गौतम
रमेश कडेल
राधा कडेल
रामबहादुर पहाडी
गगनदीप सर्व



**मूल्य : १००/-**



कार्यालय: स्वाभिमानवस्ती जीतपुर-सिमरा उपमहानगरपालिका-१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, ललितपुर, ७. पीताम्बरा 'पीयूष', काठमाडौँ ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाई, धादिङ ४६. रमेश समर्थन, रुपन्देही ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. विजय चालिसे, काठमाडौँ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. दुर्गाप्रसाद काफ्ले, उदयपुर ६४. कृष्ण खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा ६७. समीर पाखिन, बारा ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट,८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमर कुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा ।

सम्पादकीय

# हतार छ सबैलाई

भन्नुस् त !, यहाँ को हतारमा छैनन् ? कृपया यो प्रश्नको चित्त बुझ्दो उत्तर दिने प्रयास गर्नु होला । विनम्रतापूर्वक आग्रह गर्छु एकछिन सोचेर जवाफ दिए हुन्छ ।

यहाँ सबै हतारमा छन् । पालो कुर्ने र अर्काको विचार श्रवण पछि आफ्नो धारणा राख्ने धैर्यता कमैसँग छ । केवल कसरी पहिला हुने र अगाडि देखिने भन्ने हुटहुटी मन मनमा छन् । तहतहका मनहरू उचालिई रहेछन् । आफ्नै पारामा बढ्न खोजी रहेछन् । प्रतियोगिता नै त नभनौं तर तँछाड मछाडको अवस्था छ । यो सोच सकारात्मक कि नकारात्मक निर्णय गर्ने अधिकार यहाँकै काँधमा छोड्न चाहन्छु ।

यहाँ कुरा सुन्नेहरू भेट्टाउन कठीन भए पनि सुनाउनेहरूको कुनै कमी छैन । एक दुईजना मात्र कहाँ हो र ? ती त हुल हुलमा भेटिन्छन् । समूह समूहमा फेलापर्छन् । ठाउँ ठाउँमा देखिन्छन् । तपाईं निर्धक्क बने हुन्छ महाशय जति चाह्यो त्यति सजिलै पाउन सक्नुहुन्छ । यो विषयमा तपाईं वरपर केही खोजखबर नगरी विश्वस्त बन्दा हुन्छ ।

आफ्ना कुरा सुनाउन हमेशा मरिहत्ते गर्नेहरू के सुनाउँछु, कति सुनाउँछु, किन सुनाउँछु, कसका लागि सुनाउँछु कसरी सुनाउँछु यो कुरामा ध्यान दिंदै दिंदैनन् । बस्, सुनाउने ध्याउन्नाले उनीहरूका मन आकुल ब्याकुल हुन्छ । अगाडि बढी हाल्छन् । मेरो कुरा तिनीहरूले रूचाउँछन् वा रूचाउँदैनन् ध्यान कहिल्यै गएको देखिँदैन ।

किन यस्तो भएको होला ? मनमा घरीघरी प्रश्न उब्जन्छन् । उत्तर खोज्छु तर भेट्दिन । उत्तर दिन सामर्थ्य राख्नेहरू नभएका हुन् या म तिनीहरूलाई भेट्न असमर्थ बनेको हुँ थाहा छैन तर यो कुरा पक्का हो आजका मितिसम्म खोजेको उत्तर पाएको छैन । अनि कहिले पाउँछु वा पाउँदिन त्यो पनि म पटक्कै जान्दिनँ ।

म र हामी बीच धेरै अन्तर छ तर भेद खुट्याउन सकिरहेका छैनौं । यसैले हो, कसैलाई सुन्न सकिरहेका छैनौं, बुझ्न सकिरहेका छैनौं, जान्न सकिरहेका छैनौं, पढ्न सकिरहेका छैनौं, थाहा पाउन सकिरहेका छैनौं, अन्दाज गर्न सकिरहेका छैनौं । यही कारण हामी हामीमै हराइरहेछौं र विश्वास खोज्न चारैतिर भौंतारिई रहेछौं । तर पाइरहेका छैनौं ।

समय विभाजित छ । विभाजित भए पनि यसलाई बोकेर हामी हिंडिरहेछौं । कहाँ पुग्न खोजेको हो, थाहा छैन तथापि हिंड्न छाडेका छैनौं । मानिस टुक्राटुक्रामा बाँडिएछन् । जोड्नेभन्दा फुटाउनेहरूको सङ्ख्या ठूलो छ । ती त्यही गर्न तल्लीन छन् । उनीहरूकै एकछत्र राज चलिरहेछ । आ–आफ्ना राजमा नरमाउने कोही होलान् र ? हुन त होलान् तर सङ्ख्या सानो होला यति भन्न सकिन्छ ।

आज विधि र प्रक्रिया अवरूद्ध छन् । उठ्नु पर्ने हामी थियो तर उठाउन सकेनौं । म उठ्यो, अनि

उठाउन जोडबल लगायो । यतिखेर उठाउनेहरू के सोची रहेछन् कुन्नी, भन्न सकिन्न तर उठेकाहरू अगाडि पुग्न सकिरहेका छैनन् । ठाउँको ठाउँ रोकिएका छन् । बाटो असरल्ल बनेको महशुस हुन्छ तर ती फिटिक्कै बोलिरहेका छैनन् । आँखा प्रश्नमा रूपान्तरित हुने सोचमा छन् ।

माफ गर्नुहोला महाशय ! अलिकति अगाडि बढ्न मन लाग्यो । मैले महशुस गरेका कुरा भन्छु है त । को छैन हतारमा ? कृपया एकछिन सुनिदिनु होला । सबैभन्दा पहिले बाआमा हतारमा छन् । उनीहरूलाई सन्तानहरूले छिटो विदेश पुगेर कमाउन थालीहाले हुन्थ्यो भन्ने लागेको छ । विद्यार्थीलाई ज्ञान हासिल गरिरहनुको साटो छिटाभन्दो छिटो पढाई सकेर कमाउनेतिर लागिहाल्न पाए हुन्थ्यो भन्ने हतारो लागेको छ ।

शिक्षकलाई बुझाउनेतिर भन्दा छिटोछिटो काम सकेर अन्यत्र आँखा लगाउन पाए हुन्थ्यो भन्ने लागेको छ । कतिपय शिक्षालयलाई देशलाई आवश्यक जनशक्ति हैन विदेशमा के को माग छ ती कुरा तयार बनाएर उता पठाउने हतार छ । किसानहरू कृषिकर्म भन्दा बढी अन्य पेशाव्यवसाय बारे जान्ने सुन्ने र बुझ्ने लयमा छन् । गृहिणीहरू परम्परागत जिम्मेवारी बहन गर्नुको साटो उत्तरदायित्व छाडेर भए पनि सामाजिक सञ्जालमा रम्ने रमाउने हतारमा छन् । अनि कर्मचारी जनताको सेवामा हैन सङ्गठन र आफन्तका काम सकिदिने मनसायमा छन् ।

यसो त नेताहरू पनि कम हतारमा छैनन् । हिजो राजनीति सेवा थियो आज पेशा भएको छ यसर्थ जतिसक्दो छिटो मन्त्री बन्ने र कमाएर सन्तानको भविष्य सुधार्नतिर लाग्ने हतारमा छन् । कार्यकर्ता हतारमा छन् किनकि आफूले छनोट गरेको व्यक्ति पदमा पुगेपछि हुने लाभका कुराले तिनीहरूका जिब्रा रसाईरहेछन् । मतदाता पनि हतारमा हतारमा छन् किनकि उनीहरूलाई आफूले मत दिएको व्यक्तिले चुनाव जितेको र मन्त्री भएको देख्नु छ ।

लेखकहरू अझ धेरै हतारमा छन् उनीहरूलाई छिटोभन्दा छिटो स्थापित हुनु छ । सामाजिक प्रतिष्ठा कायम गर्नु छ । म पनि केही हुँ भन्ने देखाउनु छ । यसैगरी पत्रकारहरू पनि हतारमै छन् । समाचारले पार्ने दीर्घकालीन असर जेसुकै होस् छिटोभन्दा छिटो समाचार सम्प्रेषण गरेर आफ्नो खुबी र क्षमता देखाउन ती लालयित छन् ।

हुन त सबैभन्दा हतार जनताको सेवक सरकारलाई हुनु पर्ने हो तर स्थिति त्यस्तो छैन । हाम्रा आँखा छर्लङ्ग देखी रहेछन् । हामी टुल्टुल्ती हेरी रहेछौँ । त्यो भन्दा बढी गर्न सकिरहेका छैनौँ । पक्ष–विपक्ष कहिल्यै एक हुँदैनन् । हमेशा फरक फरक हुन्छन् । नहुनु पर्ने हो तर भइरहेछ । हामी हेरी रहेछौँ ।

देश निर्माणको कुरामा खासै कसैको ध्यान पुगिरहेको छैन । हिजै देखि केवल सत्ता बनाउने र भत्काउने खेल चलिरहेछ । सत्ता बिना कोही सोझो उभिन सक्ने अवस्थामा छैनन् । त्यसैले सत्ताका लागि तिकडम बाजी चलिरहेको छ । अचेल देश कपर्दी, तेलकासा र आनमान खेल्ने मैदान भएको छ । खेलाडीहरू मजासँग खेली रहेका छन् । भोलि कुर्ने धैर्यता कसैसँग छैन । ती केवल अगाडि देखिरहेछन् । वरपर र तलमाथि हेर्ने फुर्सद कसैलाई छँदैछैन । त्यसैले सबै हतार हतारमा छन् ।

लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायोग्यास, सुधारिएको चुलो, वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रविधिहरु प्रयोग गरौ ।

वन जंगल जोगाऔं,
वातावरण संरक्षणमा सहयोग गरौं ।

उक्त प्रविधिमा नेपाल सरकारले तोकेको मापदण्डको आधारमा अनुदान दिने हुँदा उक्त प्रविधि आफ्नो घर तथा समुदायमा जडान गरी फाईदा लिऔं ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
मध्य बानेश्वर, काठमाण्डौ
फोन नं ०१-४४९८०१३, ४४९८०१४
वेवसाईट www.aepc.gov.np, ईमेल info@aepc.gov.np

# रचनाक्रम


- **हाम्रो शिक्षालय**
  - राधेश्याम सिवाकोटी/७
  - सुस्मा ढुंगाना/८
  - प्रशान्त/८
  - विष्णु सुवेदी/९
  - चम्पाकुमारी चौधरी/१०
  - अर्चना सापकोटा/१०
  - केशवप्रसाद पौडेल/११
  - अंजली बस्नेत/१२
  - सिमुन सापकोटा/१२
  - दीपबहादुर खत्री/१३
  - निरुता परियार/१४
  - मनिषा बिसुन्के/१४
- **नियात्रा**
  - तेजप्रकाश श्रेष्ठ/१५
  - सन्जय साह 'मित्र'/२४
- **निबन्ध/लेख**
  - छायादत्त न्यौपाने 'बगर'/३०
  - प्रा.डा. ऋषिराम शर्मा/३४
  - शीतल गिरी/३७
- **कथा/लघुकथा**
  - अमरकुमार प्रधान/४५
  - डा. विदुर चालिसे/४७
  - तुलसीहरि कोइराला/४९
  - भोलानाथ सुवेदी/५०
- **कविता/गजल/मुक्तक**
  - ज्ञानु विद्रोही/४८
  - शिला पन्त/५१
  - हरिप्रसाद पाण्डेय/५२
  - सुशीला प्रधानाङ्ग /५३
  - राममणि सिटौला/५४
  - जगदीशप्रसाद 'पङ्कज'/५५
  - पुरुषोत्तम खनाल/५६
  - डा. विश्वदीप अधिकारी/५७
  - प्रकाश घायल/५८
  - राममणि दुवाडी/५९
  - गायत्री लम्साल/६०
  - श्रीबाबु कार्की/६१
  - जंग बहादुर यादव/६२
  - यादव भट्टराई/६३
  - सानुराजा अञ्जान/६४
  - अम्बिका थापा मगर/६४
- **समालोचना/कृतिपरिक्रमा**
  - प्रा. कपिल अज्ञात/६५
  - सीताराम उप्रेती/६७
  - विवेक वाइबा/६९
  - प्रतीक्षा रिजाल/७१

# हाम्रो शिक्षालय



● राधेश्याम सिवाकोटी
क्याम्पस प्रमुख
डुमरवाना बहुमुखी क्याम्पस, बारा

स्थानीय समुदायको सामुहिक अठोट र प्रतिबद्धतामा स्थापित डुमरवाना बहुमुखी क्याम्पस मधेश प्रदेशको बारा जिल्लामा रहेको छ । यस क्याम्पसमा शिक्षा, मानविकी र व्यवस्थापन संकायको स्नातक तहका कक्षा सञ्चालन हुन्छन् ।

तीव्र ढङ्गले परिवर्तित विश्व समाजमा शिक्षा, ज्ञान-विज्ञान र प्रविधिको महत्व बढ्दै गएको छ । यो पृष्ठभूमिमा उच्च शिक्षामा सबैको सरल पहुँच स्थापितगर्ने कुरा सबै सामु चुनौतिका रूपमा तेर्सिएको छ । बग्रेल्ती शिक्षण संस्था मात्र पनि समाधान होइन । राम्रा देखिएका अधिकांश व्यवसायिक र व्यापारिक शिक्षण संस्था कस्ता छन् भनिरहनु पर्दैन । तिनका उत्पादन वजार आवश्यकताअनुरूप छन कि छैनन् घोत्लिनु पर्ने बेला भएको छ ।

डुमरवाना बहुमुखीक्याम्पस उपयुक्त चित्र अँगाल्दै अघिबढ्न प्रयन्तशील छ । क्याम्पसलाई उन्नयनको दिशातर्फ अघि बढाउन स्थानीय अभिभावक, शिक्षाप्रेमी, दाता, बुद्धिजीवी, विद्यार्थी स्थानीय सरकार, अन्य सरकारी एवम् गैरसरकारी निकायलगायत बिभिन्न सरोकारवाला बीचको सहकार्य उत्साहजनक छ ।

क्यामपसबाट झण्डै ६०० विद्यार्थी स्नातक तहको शिक्षा हासिलगरी दीक्षित भएका छन् । तीमध्ये कतिपय माथिल्लो उपाधि हासिलगरी विभिन्न सेवा क्षेत्रमा सफल रूपमा प्रस्तुत भएका पनि छन् । यहाँबाट स्नातक शिक्षा पूरा गरेका विद्यार्थीहरूले कयामपसमा पूर्व विद्यार्थी संघको स्थापना गरी क्याम्पसको विकासमा टेवा पुऱ्याएकाछन् । ३३ शिक्षक-कर्मचारी रहेको क्याम्पसमा ५९ सदस्यीय क्याम्पस सभा र १५ सदस्यीय क्याम्पस संचालक समिति रहेको छ ।

"शिक्षा म त्यसलाई भन्दछु जसले मानिसलाई पूर्ण मानिस बनाउँछ " महाकवि देवकोटाको.यो महावाणी हृदयङ्गम् आजको पुस्तालई सही ज्ञान र विवेकबाट दीक्षित गर्ने अभियान सार्थक ढङ्गबाट अघि बढाउने प्रयासमा हामी लाग्नु पर्दछ । "मानिसले जस्तो सोच्यो त्यस्तै बन्छ " भन्ने भागवतगीताको दर्शन मनन गर्दै कर्त्तब्य पथमा इमान्दार बन्न सफल भयौं भने सामाजिक परिवर्तन र समवृद्धिकरणलाई एक-एक ईंटा गर्दै माथि उठाउन सक्दछौं ।

'साहित्य समाजको दर्पण' भनेझै ' नवप्रज्ञापन' साहित्यिक पत्रिकाले ९९औं अङ्कमा बालबालिकाको रचना प्रकाशित गर्ने सोचले यसक्याम्पलाई पनि स्थान दिएकोमा म हर्षविभोर भएको छु । यो क्याम्पस पनि भाषा साहित्यप्रति सचेत छ र समयसमयमा यसले प्रकाशन गर्ने मुखपत्रहरूमा साहित्यिक रचनालाई पनि स्थान दिंदै आएको छ ।

# कहिलेसम्म हो ?



● **सुस्मा ढुंगाना**
बि.एड. प्रथमवर्ष

मायाृ-दयाकी खानी सौन्दर्यकी रानी
सहनशीलताकी प्रतिमूर्ती अदभूतनारी
दु:ख वेदनाव्यक्त गर्न नसकी थिचिएकी
बलत्कृत रअपहरणबाट पिल्सिएकी
आफ्ना इच्छा आकंक्षा व्यक्रगर्न नसकेकी
सबै मनमा दबाई पीडित भई बसेकी
पतिको मृत्यू देखि रोदनकाआँसु पिएकी
अपशब्दको अपवित्र उपनाम दिइएकी
भावव्यक्त गर्न नपाई निस्केको आँसुले
कयौँ रात सिरानी भिज्यो तर
उपनामदिएकी थिइन्आफ्नै सासुले
जब व्यक्त गर्छु भनी हिम्मत जाग्छ
विचारभन्दा अगाडी चोर औँलो लाग्छ,
डर र त्रासले लुसुक्कभित्र पस्छिन्
सुनाउन खोज्छिन् तर मन मारेर बस्छिन्
समाज नराम्रो दृष्टि राख्छ अबलाप्रति
दबिईरहनुपर्ने अत्याचार कहिलेसम्म हो ?

# बाल्यपन



● **प्रशान्त**
बि.एड. प्रथमवर्ष

नफर्कने भयो बाल्यपन हाम्रो
त्यो समय  निकै थियो राम्रा
साथीभाइ हाँसी खुसी रमेको
याद छ ती नदीनाला घुकेको ।
न थियो मोबाइल न थियो घडी
थियो डर र गथैं सधैं होमवर्क
साथीहरू सबैसँग राम्रो थियो
अब फर्कैदैन बालापन हाम्रो ।
कता छन् साथी अहँ थाहा छैन
पहिलाभैँ सम्बन्ध त्यो पनि छैन
सम्फीरहेछु अहिले म समय हाम्रो
अब फर्कदैन अहो बालापन राम्रो ।

# हाम्रो शिक्षालय



● विष्णु सुबेदी
प्रधानाध्यापक
नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बारा

मधेस प्रदेश अन्तरर्गत् जिल्ला सदरमुकाम कलैया देखि ४ किमि. उत्तर जीतपुर-सिमरा उपमहानगरपालिका-१५ हात्तिसार बजारमा यो विद्यालय रहेको छ । वि.सं.२०२० मा प्राथमिक विद्यालयका रूपमा स्थापित् विद्यालयले २०३२ देखि निम्नमाध्यमिक, २०३९ देखि माध्यमिक र २०५४ देखि १०+२ तहका कक्षाहरू सञ्चालन गरिरहेको छ । विद्यालयमा Helen Kelar Association (THAKA) को सहयोगमा २०५३/०५४ देखि दृष्टिविहीन विद्यार्थीहरूका लागि एकीकृत शिक्षा कार्यक्रम समेत सञ्चालनमा रहेको छ । २०७५ देखि विद्यालयले प्राविधिक शिक्षा अन्तर्गत ऋत्भ्ख्ट बाट सम्बन्धन प्राप्त गरी ३ वर्षे कृषि (पशुविज्ञान) डिप्लोमा र १८ महिने पशु विज्ञान प्रि-डिप्लोमा कक्षाहरू सञ्चालन गरिरहेको छ ।

विद्यालय व्यवस्थापन समिति र शिक्षक कर्मचारीहरूको सक्रियतामा विविध गतिविधि हुँदै आइरहेका छन् । विद्यार्थीमा अनुशासित तथा स्वयंसेवी भावना विकास गराउन स्काउट ट्रुप पनि सञ्चालनमा छ । विद्यालय वरपर स्थापना भएका निजी विद्यालयमा अङ्ग्रेजी माध्यामको प्रयोगको प्रभाव तथा अभिभावकको माग बमोजिम विद्यालयमा २०७० सालदेखि अङ्ग्रेजी माध्यामबाट पठनपाठनको सुरूवात भएको छ ।

साहित्य समाजको दर्पण हो । मलाई लाग्छ साहित्य जताततै छरिएको छ । अग्ला हिमालहरूमा, तराईका फाँटहरूमा, कलकल बग्ने खोलाहरूमा, झरझर झर्ने झरनाहरूमा, चरीका चिरविरहरूमा साहित्य लुकेर बसेको हुन्छ । विद्यालय साहित्यको वृक्षारोपण गर्ने मुख्यथलो हो । बालबालिकाहरूमा अङ्कुरित भएको साहित्यको बिज कालन्तरमा एक विशाल वृक्ष बन्न पुग्ने हो । कविशिरोमणि लेखनाथ, महाकवि देवकोटा, नाटककार सम, पारिजात, राष्ट्रकवि घिमिरे तथा भूपी शेरचन नेपाली साहित्यका महारथीहरू हुन् ।

बालबालिकाहरूमा अन्तरनिहित प्रतिभालाई प्रष्फुटन पार्न विद्यालयमा समय समयमा अतिरिक्त क्रियाकलाप अन्तर्गत् प्रतियोगितात्मक रूपमा वक्तृत्वकला, कविताबाचन, गायन, नृत्य, हाजिरीजवाफ लगायत् खेलकुद कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । यस्ता कार्यक्रमहरूले प्रतिभाहरूमा निखारता ल्याउन सहयोग पुग्छ भन्ने विद्यालयको ठम्याई छ । विद्यालयमा कार्यरत शिक्षकहरूबाट विभिन्न समिति निर्माण गरिएको छ । यी समितिहरू आआफ्नो काममा निरन्तर सक्रिय बनेर आफ्नो गतिविधि सत्रचालन गरिरहेका छन् । यस्ता कर्यक्रमहरूले विद्यालयलाई अझ अगाडि बढाउने हाम्रो विश्वास छ ।

# मातृत्व



• **चम्पाकुमारी चौधरी**
कक्षा १२

माया लाग्छ आमाको र बाबाको पनि
र,म हुँ साझा दुवैको आँखाको नानी ।
हात समाई प्रगतिको शिखर टेकाउने
माता पिता दुबै हुन् दुनियाँ देखाउने ।

विपना बनाउँछु तिम्रा हरेक सपना
असल मान्छे बन्ने रहर मेरो चाहना ।
माया लाग्छ आमाको र बाबाको पनि
र, म हुँ साझा दुबैको आँखाको नानी ।

गल्ती भुल नदोऱ्याउ भन्दै माफी दिने
पाउमा बिझेको काँडा टिप्दै फ्याँकिदिने ।
आमा बुबा मेरा लागि साँच्चै भगवान
कमै लाग्छ जति गरौं आदर सम्मान ।

माया लाग्छ आमाको र बाबाको पनि
र, म हुँ साझा दुबैको आँखाको नानी
आफु भन्दा धेरै माया गर्नुहुन्छ मलाई
हजुर देख्दा संसार जितेँ लाग्छ मलाई ।

माया लाग्छ आमाको र बाबाको पनि
र, म हुँ साझा दुबैको आँखाको नानी ।
नौनौ महिना कोखमा राखी जन्म दिने
दुःख पीडा सबै भूलि सन्तान हुर्काउने ।

# महामारी र बालबालिका



• **अर्चना सापकोटा**

सारा विश्व हसाउँने जगतको हाँस्यकला गो कता
आयो रे कोरोना यो जगतमा त्यो सामना गो कता
जस्तै औषध अस्त्र शस्त्र वढीया राखीदिएको थियो
लाग्छ आज समर्थ विज्ञहरूको खैँचेर सातो लियो
त्यो बेला जनता सुरक्षित रहौँ भन्ने उपाय अनि
फुक्थे रेडियो र अनि टिभि देखिन्थ्यो तेस्मा पनि
विझ्यो च्वास्स मनमा अहो ती लास देख्यो जब
लासैले पनि कामना गरेको छ आउ बचाउ अब
जान्छु पढ्न भनेर प्राप्त समय निक्लिन्थ्यो पढ्नै भनि
आउँछन् नि कसरी बेलुकी समय, बढ्दैथ्यो त्रासै पनि
खुल्यो पढ्न भनेर इन्टरनेट  सुबिधा पढ्छु सबैले भने
कोही छन् पढने, छ गेम खेलने टिकटक हजारौ बने
लागे सुक्न व्यापार अर्थ  बलिया बेहाल भो उन्नति
शिक्षा शिक्षा रहेन आज कसरी बढ्ला कठै सदगति
विद्या मानिसको  अहीत हो भने आगो लगाउ सब
मान्छे भैँ देखिने हे मन्त्रि देवता शिक्षा सुधार अब
दिन्थ्यो सज्जन दान  धन रूपियाँ खाइनखाइ अनि
मर्ने मर्दछ तडपीतडपी कोरोना  लागे नलागे पनि
यो चाल अलिदिन चल्दछ भने देख्छन् आफैँले जब
यो कल्प कसरी चल्दछ, म भनुँ सिद्धिन्छ चाँडो अब

*— कक्षा ११*

# हाम्रो शिक्षालय



● केशवप्रसाद पौडेल
प्रधानाध्यापक
महेन्द्रोदय माध्यमिक विद्यालय,
धादिङ

बागमती प्रदेश अन्तर्गत् धादिङ जिल्लाको सदरमुकाम धादिङबेसीबाट दक्षिण पूर्वमा पर्ने धुनिबेसी नगरपालिका-१ मैदानमा रहेको यो विद्यालय जिल्ला सदरमुकामबाट ८८ कि.मि. टाढा छ । जिल्ला सदरमुकामबाट टाढा रहे पनि देशको राजधानी काठमाडौँबाट यो स्थान झण्डै १५ कि.मि.को दुरीमा रहेको छ । जिल्लाका अधिकांश भागहरू दुर्गम भेगमा रहे पनि यो स्थानलाई भने सुगम नै मान्नुपर्छ । यहाँका अधिकांश मानिसहरूको सिधा पहँच सङ्घीय राजधानी काठमाडौँसँग जोडिएको छ ।

वि.सं.२०१३ सालमा प्राथमिक विद्यालयका रूपमा स्थापित् यो विद्यालयले २०४४ सालदेखि निम्नमाध्यमिक, २०४७ सालदेखि माध्यमिक र २०६५ सालदेखि शिक्षाशास्त्र, मानविकी तथा व्यवस्थापन संकायका १०+२ तहका कक्षाहरू सञ्चालन गरिरहेको छ । राजधानी काठमाडौँसँग जोडिएको भए पनि नगरपालिकाका अधिकांश भाग पहाडी क्षेत्र भएकाले विकास निर्माण र उद्योग धन्दाहरूको भने यहाँ विकास भएको छैन ।

यस विद्यालयमा १६ शिक्षकहरू कार्यरत छन् भने विद्यार्थीहरूको सङ्ख्या २७४ रहेको छ । भौगोलिक बनावटले गर्दा विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या कम भएको यहाँका अभिभावक र शिक्षकहरूको बुझाई छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति सक्रिय रहेको छ । शिक्षक सहित् व्यवस्थापन समितिको सक्रियतामा यथा समयमा विविध गतिविधि हुँदै आएका छन् । विद्यार्थीहरूलाई अनुशासित् बनाउँदै स्वयंसेवी भावना विकास गराउन विद्यालयले विशेष किसिमले सोचीरहेको छ । के गर्दा विद्यार्थीहरूमा सकारात्मक भावनाको विकास हुन्छ र उनीहरू भविष्यमा आत्मनिर्भर बनेर यो देशका लागि योगदान गर्न तत्पर हुन्छन् भन्नेतिर पनि विद्यालय र विद्यालय व्यवस्थापन सचेत छ ।

विद्यार्थीहरूको चौतर्फी विकास र उनीहरूभित्र रहेको प्रतिभा प्रस्फुटनका लागि हरेक साता विद्यालयले अतिरिक्त क्रियाकलाप अन्तर्गत विभिन्न कार्यक्रमहरू गर्ने गरेको छ । यसका लागि विद्यार्थीहरूलाई विभिन्न समुहमा बाँडेको छ । विभाजित समुह अनुसार विद्यार्थीहरू आआफ्ना समुहका लागि काम गर्छन् । विद्यालयले शिक्षकहरूलाई सहज कर्ता बनाउँछ । अर्थात् शिक्ष्कहरूले सहजकर्ताको सक्रिय भूमिका निभाउँछन् । कहिले हाजिरीजवाफ, कहिले वादविवाद, कहिले खेलकुद, कहिले साङ्गीतिक त कहिले साहित्यिक प्रतियोगिता हुने गर्छन् । विद्यालयमा यस्ता कार्यक्रम गर्नु गराउनुलाई विद्यालयले नैतिक उत्तरदायित्व सम्झेको पनि छ । विद्यालय परिवार त्यही बाटोबाट हिँडिरहेको छ ।

# आमा

आँखा चिम्ल्यो तिम्रै तस्बिरआउँछ आमा
साथ तिम्रो पाइरहन तन  धाउँछ आमा
ऋण तिर्न नसकेर  मैले विदेशिनु पर्‍यो
बिरानो त्यो मुलुकमा छाती चिरा पर्‍यो
खटिँदा त्यो चर्को घाममा पीडा हुनेरैछ
ओह ! टाढा हुँदा आमाबाट मन रूनेरैछ
हो, विदेश गएँ म धन कमाउने आशामा
अनायासै परेँ आमा जालझेलको पासामा
कहिलेकाहिँ मलाई दुख्दा तिमी पनि रून्थ्यौ
आँसु पुछ्दै  सुम्याउँदै मेरो टाउको छुन्थ्यौ
तर आज टाढा हुँदा तिम्रो याद धेरै आउँछ
न्यानो काखको सम्झनाले सधैँ तड्पाउँछ



● **अंजली बस्नेत**
कक्षा १०

# सिन्दुर

खाली यो सिउँदो सजाएर अपुरो
मेरो श्रृङ्गारलाई पुरा गरिदियौ
मनको कुनै कुनामा रहेको एकाकीपन
र साथीको अभावलाई पुरा पुरा भरिदियौ
गाउँ, समाज र घरको साथै मेरो बालापनमा
आमाको हात समातेर लेख्न सिकेको थर फेर्‍यौ
स्वतन्त्र पन्छी जस्तै मेरो जिन्दगीमा जिम्मेवारी
अनि कर्तव्यको आकस्मिक भारीवर्षा गरिदियौ
हो, तिमीले जिन्दगीको नयाँ डोरेटो देखायौ
त्यसैलाई समाएर निरन्तर हिँडिरहेँ हिँडिरहेँ
बाटोले जिन्दगी देखाउन सहयोग गरिरहेछ



● **सिमुन सापकोटा**
कक्षा १०

# हाम्रो शिक्षालय



● दीपबहादुर खत्री
प्रधानाध्यापक
महेशधर्म माध्यमिक विद्यालय,
धादिङ

महेशधर्म देशको राजधानी काठमाडौँ सहरबाट पश्चिममा पर्ने धादिङ् जिल्लाको सुदूरपूर्वी क्षेत्रको एउटा सामुदायिक विद्यालय हो । काठमाडौँको सीतापाइलाबाट करिब १७ किलोमिटर पश्चिममा रहेको यस विद्यालय धादिङ जिल्लाको धुनिबेसी नगरपालिका वडा न. तीनमा पर्दछ । वि.स. २००९ सालमा साविक छत्रेदेउराली गाउँपञ्चायत अन्तर्गत छत्रेपाटी बजारमा आधार पाठशालाका रूपमा सञ्चालनमा आएको शिक्षालय नै आजको बृहत महेशधर्म माध्यमिक विद्यालय हो । २०११ सालमा यसले विधिवत् रूपमा दर्ता पाएको थियो ।

२०३७ सालदेखि निमावि तह र २०३९/४० देख माध्यमिक तह सञ्चालन भएको यस विद्यालयका विद्यार्थीहरूले पहिलो पटक २०४२ सालको एसएलसी परीक्षामा सहभागिता जनाएका थिए । हाल कक्षा १ देखि कक्षा १२ सम्म पठनपाठन हुने यो विद्यायमा कक्षा ११ को पठनपाठ २०६४ साउनबाट आरम्भ भएको थियो । सबै तहमा गरी २७८ विद्यार्थीहरू अध्ययनरत यस विद्यालयमा २१ जना शिक्षक र कर्मचारीहरू कार्यरत छन् ।

वि.सं.२००९ सालबाट शिक्षाको ज्योति बाल्न थालेको यस विद्यालयले धेरैभन्दा धेरैलाई ज्ञानको ज्योति बाँडी सकेको छ । यसले विगत ७० अघि थालेको त्यो कर्म आज पनि गरिरहेको छ । यहाँबाट शिक्ष ग्रहण गरेका धेरै विद्यार्थीहरू ठाउँठाउँमा पुगेका छन् । तिनीहरूको जीवन सरल र सहज भएको छ । स्वदेशमात्र हैन विदेशका विभिन्न ठाउँहरूमा पुगेर आआफ्ना तर्फबाट विभिन्न कामहरू गरिरहेका छन् ।

विद्यालयमा विद्यालय व्यवस्थापन समिति सक्रिय छ । विद्यालयले समय समयमा विविध गतिविधि गरिरहेको छ । विद्यालयमा जुनियर रेडक्रस सक्रिय छ । हरेक साता कुनै न कुनै अतिरिक्त क्रियाकलाप गरिन्छन् । विद्यार्थीहरूलाई अझ अनुशासित् बनाउँदै स्वयंसेवी भावना विकास गराउन विद्यालय चिन्तनशील छ । के गर्दा उनीहरूमा सकारात्मक भावना विकास हुन्छ र आत्मनिर्भर बनेर देशका लागि योगदान गर्न तत्पर हुन्छन् भन्नेतिर पनि विद्यालय सचेत छ ।

प्रतिभा प्रस्फुटनका लागि विद्यालयको सकारात्मक सहयोग र विद्यार्थीहरूको सक्रियतामा २०६४देखि 'महेश आवाज' नामक भित्ते पत्रिका प्रकाशित भइरहेको छ । हस्तलिखित् रूपमा निस्कने यस पत्रिकाको सम्पूर्ण व्यवस्थापन विद्याथीहरूबाटै हुने गरेको छ । यस्ता गतिविधिलाई आफ्नो विद्यालयले नैतिक उत्तरदायित्व सम्झेको छ ।

# विद्यार्थी जीवन



● **निरुता परियार**
कक्षा १०

बिहान पख लैंकबेसी गर्दै विद्यालय आउनु
भविष्यमा पढीलेखी ठूलो मानिस बन्नु
गरिबको बेदना यो कस्ले बुझिदेला
कापी कलम पाईदैन गृहकार्य गर्ने बेला
शिक्षकले जुत्ता टाई सफा लगाउँ भन्छन्
साबुन किन्ने पैसा छैन भन्दै गरीब रून्छन्
पढीलेखी बन्छ भन्छन् मान्छे ठूलो महान्
महान् बन्न चाहिँदो रहेछ उहि ठूलो धन
विद्यालय मन्दिर हो, नयाँ कुरा सिक्नुपर्छ
शिक्षक सबै जनक हुन् सधैं कदर गर्नुपर्छ
अन्धकारमा भए पनि हावा चल्दो रहेछ
शिक्षाविना बस्नुपर्दा मुटु जल्दो रहेछ
शिक्षक सिकाउनुहुन्छ राम्रो काम गर्नलाई
शिक्षा सिकाउँछ सफलताको शिखर चढ्नलाई

# बुबा–आमा



● **मनिषा बिसुन्के**
कक्षा १२

जन्म दिने आमा
कर्म दिने बुबा
मेरो मनको भगवान्
हजुरहरू नै संसार सारा
कोखमा हुर्कायौ तिमीले आमा
मुटुसँग नाता छ कर्म दिने बाबा
हात समाएर संसार देखाउने
बुबा हजुर अपार हुनुहुन्छ
आमा-बाबा संसार अन्धकार
बुझिसकैं हजुरहरूको माया अपार
तपाईहरूले दिने गाली अर्ती हुन्
सत्यसँग लड्न सिकाउनुहुन्छ
साहस र आँट पढाउनुहुन्छ
सानी चरीआमा नआउँदा रून्छिन् रे
आएपछि उनको मुहार छुन्छिन् रे
बुबा नआउँदा डराउँछिन् रे
बुबाले पढाई लेखाई बढाउनुहुन्छ रे
सुखको सिँढी चढाउँनु हुन्छ रे
त्यसैले उहाँहरूले देखाएको बाटो हिँड्छु म

# ग्वङ्गचुली, पृथ्वी र हिउँफूल



● तेजप्रकाश श्रेष्ठ

हामी ओर्लियौँ केबुलकारबाट चन्द्रागिरि हिल स्टेसन भालेश्वर !

भालेश्वर लेक हिमाल झैँ मुसुक्क मुस्कुरायो । हामी पनि मुस्कुरायौँ । चन्द्रागिरिमा हिमाली परिवेशछताछुल्ल पोतिएको भेट्यौँ ।

आहा हिउँफूल !
ग्वङ्गचुली !
चन्द्रागिरिको शिखर
भालेश्वरको तपोभूमि
गुराँस फुल्ने याममा
हिउँफूलले ढकमक्क !

आँखै तिर्मिराए मेरा । धेरै अन्तरालपछि फक्रिएको देखेँ हिउँफूल आफ्नै लेकाली आँगनमा ।डालीडालीमा सेताम्य फुलेका थिएहिउँफूलहरू । लालीगुराँस फुल्ने लेक ! ढकमक्कै हिउँ फुलेको देख्दा रमायो मन । हिम स्पर्शमा आत्मविभोर !

हिमाल आरोहणको कल्पनामा अल्झिन पुगेँ म। कस्तो होला खै हिमाल आरोहण !

यदाकदा हिउँदमा उपत्यकाका चन्द्रागिरि, शिवपुरीजस्ता उतुङ्ग पर्वत शृङ्खलामा हिउँ पर्नेगर्छ, र त हिमाली देशका हामी लज्जित हुनबाट बच्ने गर्छौ ऐन मौकामा । हिमाली देशका हामी काठमाडौँलीले यस्तै बेला हिउँ स्पर्श गर्ने अवसर पाउँछौँ र'प्रत्यक्ष हिउँ स्पर्श गर्न पाएका छैनौँ' भन्नुपर्ने लाचारीबाट त्राण पाउँछौँ ।

यस वर्ष फेरि हिउँ फुलेको रहेछ उपत्यकाका उतुङ्ग पर्वतशृङ्खलामा । चन्द्रागिरि मुसुक्क हाँसेको देखियो हिउँको खास्टो ओढ्दै । सेताम्य बनेको थियो चन्द्रागिरिका टाकुराहरू, वनपाखाहरू ।

धाक जुरूक्कै चुलिएको छ सगरमाथा झैँ ।

तर स्थानीय आराध्यदेवभालेश्वर हाँसेझैँ लागेन मलाई । नयाँ छानेशैलीको मन्दिरमा बस्न पाए पनि बुढा भालेश्वर आफ्नो सेताम्य जटा फिँजिएर गुपचुप पल्टिए झैँ अनुभूत गर्नपुग्छु म ! नतमस्तक हुनपुग्छु म ! प्रकृतिसँग, देवादिदेवसँग ।

हिमवर्षाको रोचक नृत्य थामिइसकेको थियो दुई दिनअगि नै । मानव कोलाहलबाहेक शान्त थियो वातावरण ।सेतो गलैँचा बिछ्याइएको प्राङ्गणमा चरमचरम टेक्दै अगि बढ्यौँ हामी । हामीभन्दा अगि नै जनपदचाप बढिसकेको थियो र अझै बढ्दै थियो । जम्जमाइरहेका थिए मानव उमङ्ग ।

हाम्रा दस जोडी गोडाहरू पनि मिसिए त्यसै हुलमुलमा ।उमङ्ग र उत्साह फैलिँदै थियो । युवा युवतीको खिल्खिलाहट, बालबालिकाको उत्सुकता, प्रौढ तथा बुढाबुढीका

उल्लासमा बग्दै थियो नौलो अनुभूति ! नौलो उमङ्ग !

नौला उत्सुकता र जोशमा चन्द्रागिरि केबलकार पनि खचाखच भरिँदै थियो केही दिनदेखि । युवा मात्र हैन बुढापाका र बालबालिका पनि हौसिएका देखिन्थे हिउँमा खेल्न । ओहरदोहर गरिरहेका थिए केबुलकारका खचाखच ढिब्बाहरू । गतिशील थियो वातावरण ।

काठमाडौँली मन तरङ्गित बन्न पुगेकोथियो र उकालो उक्लिरहेको थियो उमङ्ग र उत्सुकताका साथ हिउँको स्पर्श गर्दै र खेल्दै । रमाउने उमङ्ग फक्रिँदो थियो । हामी पनि केबलकार थानकोट स्टेसनमा घण्टौँ लाममा अल्झिएर मात्र उक्लिन सकेका थियौँ भालेश्वर !

उत्सुकताका आँखाहरू असरल्ल छरिएका थिए हिम कणकणमा। पाइलाहख सल्बलाएका देखिन्थे उत्ताउलो बन्दै । पछारिन्थे, थेचारिन्थे उन्मुक्ततामा । तर रून्चे हाँसोमा पनि रमाउँथे मनहरू ! सधैँ कहाँ भोग्न पाइन्छ र यस्तो काठमाडौँली परिवेश ! फुरूङ्ग हुनपुग्यो मेरो मन !हिमाल सादृश्य बनेको थियो ग्वङ्गचुली ! भालेश्वर परिसर !

सहयात्रीहरूको उत्साह रौसिँदै थियो । सबै रमाइरहेका थिए आआफ्नै तालमा । बहिनी तारा त अवाक् नै थिइन् । पहिलोपल्ट घर छेउँकै लेकमा हिउँ फुलेको देख्दा र स्पर्श गर्नपाउँदा उनी मख्ख थिइन् । उनले बाल्यकालमै हिउँ फुलेको देखेकी भए पनि हिउँसँग जम्काभेट भएको पहिलोचोटि हो सायद । नरमाउने कुरै थिएन ।

हो, 'बिहान उठ्ने बित्तिकै हिमाल देख्न पाइयोस्' गुन्गुनाउँथ्यौँ हामी भाइबहिनी गीतकार कालीप्रसाद रिजालले झैँ । वास्तवमाहामी प्रत्येक बिहान हिउँ फुलेका उतुङ्गका हिमालहरू देख्छौँ घरआँगनबाटै ।

काठमाडौँबाट सुदूर उत्तरमा टलक्क टल्कने हिमाल हाम्रो शिर शोभा नै हो । बाह्रै महिना हिउँले ढाकिएका हिमाली शृङ्खला मेरो घरबाट नजिक झैँ देखिन्छन्, तर घरभन्दा हिमाल धेरै टाढा छ।सितिमिति कहाँ जान सकिन्छ र हिमाल चुम्न ! साइत नजुरे जीवनभर हिमाल चुम्न सकिन्न पनि ।

सौभाग्य हो मेरो, बिहान उठ्ने बित्तिकै घरैबाट देख्न पाउँछुघाम पोतिएको चहकिलो हिमाल ! चन्द्रागिरिको उत्तरी काखको पारिलो र रमाइलो गाउँ चुनिखेलको मेरो घर पोतिएकै हुन्छ सधैँ हिमाली चहक ।गौरव लाग्छ । तर अहिले हिमाल खिइँदैधवलबाट धुर्मैलो देख्नुपर्दा खिस्रिक्कै बन्छ मन ।

यतिबेला हिमालबाट हिउँ पैँचो लिएर उपस्थिति रहेछ ग्वङ्गचुली । हामी चितलाङ यात्राक्रममा समुद्र सतहबाट २५६१ मिटर उचाइको चन्द्रागिरिको शिखर ग्वङ्गचुली अर्थात् भालेको सिँउरजस्तो चुलीमा पुगेका छौँ । यो चुली भालेश्वर नामले प्रख्यात छ । संस्कृत शब्द 'भाल' (निधार) र 'ईश्वर' अर्थात् भगवान् (शिव)को संयोगबाट देवत्व प्राप्त भालेश्वरको जीवन्त अस्तित्वमा शरणागत छौँ ।

यो चुलीमा भालेश्वर उत्पत्ति हुनाको कारण बारे एउटा लोककथन प्रचलित छ । कथनानुसार सत्ययुगमा महादेवले समुद्रमन्थनबाट निस्केको विष सेवन गरी छट्पटाउँदै शीतल खोज्न हिमालयतर्फ लम्किए ।बाटोमा पर्ने यस चुलीमा विश्राम गर्न खोज्दा भाले बासेकोलेलौ बिहान हुन लागेछ

भन्दै यहाँ नरोकिई हिमालतिर लागे । शिवले पैतला राख्दा भाले बासेकोले यस पवित्र स्थलमा भालेश्वर महादेव उत्पत्ति भयो ।कालान्तरमा यसैनामले यो चुली प्रख्यात भयो ।

विडम्बना नै त हो ! यस्तो प्रचलित लोककथन छँदाछँदै केही वर्षअगि भालेश्वर महादेवलाई 'सन्तानेश्वर' महादेवको नामकरण गरी प्रचार गर्ने कुत्सीत चेष्टा पनि भएको हो । वनजङ्गल फडानीगरी निर्माण गरिएकोचन्द्रागिरि हिलस्टेसनको स्थायित्वका लागि विभिन्न टिकडम रच्न कति सिपालु छौँ हामी हगि ? धार्मिक पर्यटनस्थलको रूपमा विकास गर्ने हेतुले हुँदोखाँदो प्रचलित नामलाई तिलाञ्जली दिँदै नयाँ नाम दिन खोज्यौँ – 'सन्तानेश्वर' । तर रैथानेहरूको दबाब र विरोधमा त्यस्तो कुकर्म हुन पाएन । धन्य ! बचेको छ भालेश्वरको अस्तित्व !

तैँपनि प्राचीन भालेश्वर स्थान ओझेल पर्ने गरी आफूअनुकुलको स्थानमा नयाँ शिव मन्दिर खडा गर्न छोडिएन । फलतः प्राचीन भालेश्वर स्थान उपक्षित भै गएगुज्रेको अवस्थामा मिल्किएको रहेछ ।वनजङ्गल सोत्रान भइसकेछ । त्यसैले त होला हामी पुग्दा शान्त वातावरण नपाउँदा बुढा भालेश्वर ठस्स ठुस्केका  कैलाशको हिउँ नै बर्संदा पनि !

तर हामी मख्ख छौँवनजङ्गल नासिएर पर्यावरणमै असर परे पनि पर्यटक उद्योग सप्रेकोमा ।र हिउँमा खेल्ने झिनो अवसर पाइएकोमा। र त, हामी हिउँसँग लुकामारी खेल्न आइपुगेका छौँ जमिसकेकै हिउँमै भए पनि ।

हुन त मैले फुसफुस परेको हिउँ भोगेको छु र एक फिटभन्दा बाक्लो हिउँ टेकेको छु केही वर्ष अगिको नैनीतालको रोचक यात्रामा ।अनि प्रतिभा र मैले सोलुको सल्लेरी र अमेरिकाको सेन्टलुइसमा हिमवर्षा देखेकै हौँ र स्पर्श गरेकै हौँ । तर घर माथिको भालेश्वरमा हिउँ स्पर्श गर्न पाउँदा आल्हादित नभई रहन सकेनौँ ।

श्रद्धावत् एक अञ्जुली हिउँ उठाएर चुम्न पुगेँ म । प्रतिभाले पनि अञ्जुलीभरि हिउँ उठाउँदै अर्पण गरिन् भालेश्वरलाई । धार्मिक आस्था सल्बलायो केहीबेर ।

प्राङ्गणमा जमेको सेतो कार्पेटमा सतर्कताका साथ पाइला चाल्दैउत्तरतिर चियाउनथालेँ । उत्तरतिर देखिए पूर्वदेखि पश्चिमसम्म लामबद्ध स्वेत हिमशृङ्खला । त्यसपछि पर्वत शृङ्खलाका रमणीय दृश्य । तल कचौरा जस्तो काठमाडौँ उपत्यकाका कङ्क्रिट जङ्गल असरल्ल देखिए । ठिक मुनि फेदीको आफ्नै गाउँ पनि कङ्क्रिटमय देखियो । कटक्क काटियो मन ! हरियाली त अब कल्पनामा मात्रै बाँकी रहने भएछ नेपाल खाल्टोमा । युगकै माग पो हो कि !

फरक्क फर्किएँ भालेश्वरको सेरोफेरो नियाल्न । अलि पर सेताम्मे हिउँको बिचमा ठिङ्ग उभिएर हातको चोर औँला ठड्याएर खिस्रिक्क परिरहेका देखिए बुढो बडाराजा पृथ्वीनारायण ।

आम्मै ! यी बुढा कताबाट यहाँ आइपुगेछन् त ? सायद हामीलाई नै स्वागत गर्न भञ्ज्याङदेखि उकालो चढेर स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै पो आइपुगेका हुन् कि ! नत्र त प्राचीन मूलबाटोको चन्द्रागिरि भञ्ज्याङमा पो भेटिनुपर्ने यिनी !बाटो नघाटो यति टाढा कसरी आइपुगे छन् ? छक्क परेँ म ।यिनी यहाँ त पहिले आइपुगेकै

थिएनन् ।

मैले सुनेको र पढेको हुँ यिनले पहिलोपल्ट नेपालखाल्टोको रमणीयता देखेर ऱ्याल काटेका थिएचन्द्रागिरि भञ्ज्याङबाट, यहाँबाट होइन । यहाँसम्म पुगेको कतै दसी भेटिन्न ।इतिहास कतै बोल्दैन ।

चन्द्रागिरिको थाप्लोमा रहेको यो भालेश्वर चन्द्रागिरि भञ्ज्याङबाट छुट्टैअनकन्टारमा पो थियो त । अहिले पनि छ । त्यतिबेला घना जङ्गलले घेरिएको दुर्गम लेकमा गोरखाका महत्वाकाङ्क्षी राजा पृथ्वीनारायणको सवारी मूलबाटो छोडेर यहाँसम्म पुग्ने गुन्जाइस कसरी हुनसक्थ्यो ।

हो, दुईढाई सय वर्षअगि बडाराजा पृथ्वी पुगेकै हुन् चन्द्रागिरि भन्ज्याङ ! देउरालीमा सुस्ताउँदा नेपाल खाल्टोको सुन्दरताले उनी लोभिएकै हुन् र आफ्नो कब्जामा लिने सङ्कल्प गरेकै हुन् । अनि अनेक टिकडम रचेर नेपाल खाल्टो आफ्नो कब्जामा लिइछोडेका हुन् । यही नै उनको नेपाल एकीकरण अभियान मानियो र सकारात्मकता पनि देखियो ।

हामी कति स्वार्थी छौँ हगि ! कुनै बेला साम्राज्यवादीको बिल्ला भिराएर उनैको सालिक तहसनहस पार्न पनि पछि परेनौँ र आफ्नो स्वार्थसिद्धिका लागि अहिले इतिहास बङ्ग्याउँदै असत्यलाई सत्य प्रमाणित गर्न खोज्दै ऐतिहासिक स्थल भनाउन उद्दत छौँ । बिडम्बना ! पृथ्वीनारायणको सालिक ! जयहोस् ।

यस्तै विसङगति र हिउँको चिसोलेकठाङ्ग्रिँदै थियो मेरो तन मन ।मेरो मन स्थीर हुनसकेको थिएन । छितरबितर भएका थियौँ हामी । सहयात्रीहरूको चुरिफुरिमा ऊर्जा थप्दै थियोहिउँफूल । हामी केहीबेर रल्लिँयौँ हिमक्रीडामा रमाइरहेका मनहरूलाई नियाल्दै ।

"जाऔँ अब, ढिलो हुन्छ ।" सहयात्री भीमनारायणजीको उर्दी गुन्जियो । हिउँ क्रीडामा रमाइरहेका सहयात्रीहरूको खोजीमा केहीबेर आँखाहरू कुदे यताउता । युवा सहयात्रीहरू प्राङ्गणको बार्दलीबाट काठमाडौँका कङ्क्रिट जङ्गलअझै नियाल्दै रहेछन् । रमाइलो मानिरहेका थिए ।

हामी अर्थात् भीमनारायणजी, रवीन्द्रजी, श्यामजी र मस्वयम् फोटो खिच्नमै व्यस्त भयौँ ।बसिबियाँलो !सबैमा उमङ्ग उम्लिरहेको थियो अनुकूल प्रतिकूलता जे भए पनि । चन्द्रागिरि हिलस्टेसन सबै घुम्न भ्याएनौँ । गन्तव्य पनि हैन हाम्रो यतिबेलाको ।

हामी ओरालो झर्नथाल्यौँ गन्तव्य पछ्याउँदै ।सिढियुक्त पुरानो गोरेटा साँघुरिँदै वन छिचोल्दै ओरालो झर्दै रहेछ । वन के भन्नु पोथ्रापोथ्रीको झाडीजस्तै थियो । हिउँले छपक्कै ढाकेको ढुङ्गे सिढीयुक्त बाटोले हामीलाई हाँक दिँदैरहेछ । आकाशबाट कपास झैँ फुरफुर झर्दा पनि भुइँमा थेचारिएर पछारिएपछि कस्को मन कठोर हुँदैनथ्यो र ! हिम कणहरू पनिचट्टान झैँ जमोठ भएर कठोर बनिसकेको अनुभव गरेँ मैले । नत्र हामीलाई यसरी किन व्यवधान खडा गर्थे र !

डराइ डराइ पाइला चाल्न थालेँ म । पानी भएर बग्नै परे पनि हिउँको स्वभाव हो बर्सनु, जम्नु र पग्लिनु । जन्मनु, क्रियाशील बन्नु र अनन्तमा विलीन हुनु नै त हो जीवन ।जमेको छ अहिले हिउँ । कठोर बन्दैछ चट्टान झैँ । चिप्लो बन्दैछ सिसा झैँ । पानी बनेर अनन्तमा विलीन हुनु त छँदैछ ।चिप्लो

र कठोर हिउँमा टेक्दै क्रियाशील बन्दैछौँ हामी ।

लौ ! सुलुत्त चिप्लिए हाम्रा अगुवा भीमनारायणजी। चिप्लिनु र डङ्रङ्ग पछारिनुमा पनि उनैले अगुवाइ गरे । चन्दागिरि साहित्य समाजको अगुवा जो ठहरे । गलल हाँस्यौँ हामी सबै सहयात्रीहरू । अरूको बिजोकमा हाँस्नु सायद मानव स्वभाव हो । पशुपन्छी भए हाँस्दा हुन् र यसरी । तर एकको बिजोगमा अर्को हाँस्ने क्रम रोकिएन हिममार्गमा ।

भिरालोमा सुलुत्त जुत्ता चिप्लँदा थच्याक्क बजारिन्थ्यौँ हामी पालैपालो । गलल हाँसो छुट्थ्यो सबैको । आफू पनि हाँस्दै उठ्नुपर्थ्यो दाह्रा किट्दै । लौ, सुलुत्त चिप्लिएर भिरालोमा सुलुलु बग्दै कुनै भड्खालोमा जाकिएको भए वा कुनै बुट्यानमा ठक्कर खाएर घाइते हुनुपरेको भए झन् कस्तो बिजोक हुँदो हो ?यस्तै अवस्थामा एक्लादुक्ला हिउँमा चिप्लिएर बेपत्ता भएका पनि छन् रे ! कल्पँदा थरर हुन्छ मन !

सतर्कताको पनि सीमा हुँदोरहेछ । सतर्क भन्दाभन्दै बजारिन्थ्यौँ हामी । प्रतिभा र म पनि चिप्लियौँ मज्जैले । सहयात्री प्रमिला श्रेष्ठ र सुजना श्रेष्ठ मौकामा चौका हान्दै फोटा खिच्थे आफै पछारिएकोमा प्रफुल्लित हुँदै । युवा जोश छताछुल्ल हुन्थ्यो वातावरणमा ।

हामी न हाँस्न सक्थ्यौँ न रून । पञ्चमीको पाइला सार्दै अगि बढ्ने जमर्को गरिरहन्थ्यौँ । नबजारिने कोही भएनौ कि ! सायद राजेन्द्र सर र किरणजी बचेकी, खै कुन्नि !

बहिनी ताराको बिजोक आफ्नै खालको थियो । हातमा ब्यागझुन्ड्याएर सन्तुलन मिलाउँदै ठाडो बाटोमा चिप्लो हिउँ टेक्दै हिँड्नु दुस्कर थियो । पिठ्युँमा भिर्ने ब्याग थिएन उनीसँग । हातमै झुन्डाउनु पर्दा उनी कैयौँपटक थेचारिइन् मज्जैले । उठ्न खोज्थिन् फेरि चिप्लिएर झनै पछारिन्थिन् ।बुढ्यौलीको सङ्घारमा पुग्न लागेकी उनको बिजोकमा चुक्चुकाउँथे युवा सहयात्रीहरू प्रमिला, सुजना, श्याम र किरण । अरू हामी मुक दर्शक बन्थ्यौँ र पाइला चाल्न जोखना हेर्न थाल्थ्यौँ ।

"दिदी, जुत्ता फुकाएर मोजा मात्र लगाएर हिँड्नोस्, सजिलो हुन्छ, बरू ल्याउनोस् तपाईंको ब्याग हामी लिइदिन्छौँ ।" उनीहरू सहृदयता पोख्थे र पालैपालो ब्याग बोकी दिन्थे । अन्कनाउँथिन् तारा ।

दसजनाको हाम्रो सहयात्रामा जोडिएकामध्ये जेष्ठ नागरिक भनाउँदा हामी थियौँ बहिनी तारा, श्रीमती प्रतिभा, भीमनारायणजीर म । सायद रवीद्र रिजाल पनि जेष्ठतातिर उक्लिँदै थिए कि ! लेखाजोखा गरेनौँ । साहस र दृढताले हामीलाई तानिरहेको थियो यात्रामा । साथै युवा सहयात्री श्याम बलामी र किरण पोखरेलको हौसल्याइमा हामी अझ हौसिँदै थियौँ । बालबालिका फुर्किए झैँ फुर्किदै ।

तर बिजोक छताछुल्लै थियो हाम्रो । तलबाट माथि उक्लिरहेका बटुवाहरू चुक्चुकाउँथे । सहानुभूति दर्शाउँथे 'बाटो लामो छ र अझ कठिन छ,तपाईँहरू सक्नुहुन्न होला । गाह्रो हुन्छ । फर्कर माथि नै जानुहोस् र मोटर चल्ने बाटैबाटो तेर्सो लाग्नुहोस्।' अधिकांशको सहृदय बोली यस्तै हुन्थ्यो । रनभुल्लमा पर्थ्यौ हामी न फर्कनु न त ओर्लनु ! यस्तैलाई धर्मसङ्कट भनिन्छ क्या रे !

सहृदयताका लागि साधुवाद पस्कँदै हामी ओरालो झर्न रोकिएनौँ, लाग्यौँ लुरूलुरू । यात्रा निरन्तर चलिरह्यो।

बाधा अवरोधको के चिन्ता ! जस्तै दुःख परे पनि हामी रोकिएनौं, झर्‍यौं लड्दैपड्दै ।हिम्मत हारेनौं, धैर्यता गुमाएनौं । साथ छोडेनौं । यात्राको मजा यसैमा त छ ।

बिजोकलाई झाडीमा फुलेका हिउँफूलले केही सान्त्वना दिन्थे । झाडी झाडीमा कपास झैं सेता हिउँफूलहरू मुस्कुराइरहेका भेटेर आत्मविभोर हुन्थ्यौंहामी पनि । दुःखमा पनि हाँस्नसक्नु नै त हो जीवन ! हिउँफूल झैं !

मेरो मन रूमाउँथ्यो । बुर्लुक्क उफ्रन्थे मेरा उमङ्गहरू । र म पाइला चाल्थैंलग्लगाउँदा गोडाहरूका साथ । चिप्लो हिम मार्ग फिसिक्क हाँस्थ्यो । यथार्थ हो गोडा शिथिल भइसकेका थिए । टेक्नै गाह्रो । चारखुट्टा टेक्थैं र बुट्यानको सहारामापाइला झार्थैं तल्लो खुट्किलामा ।

प्रतिभा पनि एकएक पाइला गन्दै ओर्लदै थिइन् । उनको अनुहारकोनिन्याउरोपनमा झल्केको फिसिक्क हाँसोले मलाई चिथोर्दै थियो । मैले झलक्क सम्झैं अघिल्लो साँझको संवाद ।

"जानुहोस् मम्मी, यसै मौकामा चितलाङ घुमेर आउनुहोस् । रमाइलै हुन्छ ।" दीपकले हौसल्यायो ।

"भालेश्वरसम्म केबुलकारमा गइन्छ । त्यसपछि डेढदुई घण्टा ओरालो झरेपछि त पुगिहालिन्छ नि ! जाऔं इच्छा भए । घुमेर आऔ न त ।" मैले पनि ढाडस पस्किएँ ।उनी हिंड्न भनेपछि तम्सिहाल्थिन् अरूबेला । तर प्रतिभा अल्मलिइन् यतिखेर । उनी ढाड, घुँडा र खुट्टा दुख्ने व्यथाले आक्रान्त थिइन् ।तैपनि केहीबेर घोत्लिएरउनले मसक्क आटेकी थिइन् एकडेढ घण्टा ओरालो पैदलयात्राका लागि ।

तर अहिले दुईढाई घण्टा त हिममार्ग छिचोल्नमै बित्दै थियो । बीसपच्चिस मिनेटको बाटोलाई हामीले ठ्याक्कै लगाएछौं साढे दुई घण्टा । चितलाङ पुग्नु त कहिले हो कहिले ! ढाँटेजस्तो भयो ।आत्मग्लानिले फतक्कै भए म ।

धन्य, कुनै भवितव्य बेहोर्नु परेन गोडा दुःखाइबाहेक ।

बल्ल कच्ची मोटर बाटो भेटियोभालेश्वर उक्लने र ओर्लने । ढुक्क भयो मन । अझै ओर्लनु छ चन्द्रागिरि भन्ज्याङ पुग्नै पनि । त्यही दोबाटोमा एउटा अस्थायी चौकी भेटियो हिल स्टेसनको । भालेश्वर उक्लने यात्रीहरूको लगत राखिंदोरहेछ त्यहाँ । सुस्ताऔं केही बेर हामी ।

"तीन दिनअगि पर्दापर्दैको हिउँमा रमाउन आउने रमितालुहरूमध्ये दुईजना बेपत्ता भए । अझैसम्म फेला परेका छैनन् । खोजी हुँदैछ रे । यस्तो घटना हुन्छ बेलाबेलामा ।" कुरैकुरामाचौकीदारले बेलिविस्तार लगाए ।

अहो ! कस्तो विडम्बना । खै कस्तो रमाइलो हो यो ? मानव जीवन पनि कति निरीह ! कति अनिश्चित ! खल्लियो मन ।

"कस्तो छ तिमीलाई ? गाह्रो त भएको छैन ?" औपचारिकता पस्किएँ मैले । फिसिक्क हाँसेर प्रतिभाले भनिन् "आँट गरिहालियो । अहिले थक्थकाएर के गर्नु ? ठिकै छ, हिंडौं बरू सुस्तसुस्त ।" उनको आत्मविश्वास हिउँफूल झैं फक्रियो । म केही आश्वस्त भए ।

हामी ओरालो झर्न थाल्यौं फेरि । हिउँले पिछा छोडेको थिएन भेट्दै थियौं बाटोमा असरल्ल । जमेको हिउँ पग्लँदो क्रममा रहेछ ।बाटो अझैं चिप्लो बन्दै थियो । अलिकति असावधान भयो कि

गुल्टिनेछौँ हामी । पञ्चमीको पाइला चाल्न यहाँ पनि विवश बन्यौँ ।

दिनको एक बज्दै गर्दा बिहानै बुत्याएकोअल्प खुराकले धर्म छोडिसकेको थियो । बिहानको खाना खान पनि छिट्टैचितलाङ पुग्न हतारिएको थियो मन । त्यहाँ तम्तयार थियो खाना ! तर हामी लम्कन सकेका थिएैनौँ । अझै चितलाङ पुग्न घण्टौँ लाग्ने छ ।

बल्ल हामी चन्द्रागिरि भन्ज्याङ पुग्यौँ दिनको दुई बजे ।

आहा मेरो प्यारो भन्ज्याङ । विक्रमको २००८ सालतिर आमाबुबाको काख र डोकोमा सवार भएर काठमाडौँ खाल्टो भित्रिन पहिलोपल्ट पाँच वर्षको उमेरमा मैले छिचोलेको सुन्दर भन्ज्याङ् । मलाई रमरम सम्झना छ सुदूरपश्चिमको बैतडी मालका तत्कालीन हाकिम खर्दार मेरा बुबा रामबहादुर श्रेष्ठ परिवारका साथ बिदामा घर आउनुहुँदा मैले पनि यसै भन्ज्याङ पहिलोपल्ट छिचोलेको हुँ । त्यसैले पनि मलाई प्यारो लाग्छ यो भन्ज्याङ । त्यसपछि पनि छिचोलेको छु पटकपटक ।

समुद्री सतहबाट ८२८९ फिट अग्लिएर उभिएको चन्द्रागिरि भन्ज्याङ । नेपाल खाल्टो अर्थात् काठमाडौँ उपत्यकाको प्राचीन मूलबाटोको सुन्दर भन्ज्याङ । उपत्यकाको चार भन्ज्याङमध्येको एउटा महत्वपूर्ण भन्ज्याङ ।

सोचेको थिएँ मुसुक्क हाँसेर हामीलाई स्वागत गर्ने छ भन्ज्याङको बुढो देउरालीले । तर बुढो देउराली त सयौँ मिटर उचाइमा छुट्टै निर्विकार बसेको रहेछ उदास उदास । त्यहाँसम्म पुग्नै पर्दो रहेन छ अहिले भन्ज्याङ छिचोल्न ।

मलाई पनि यतिबेला थकाईले देउरालीसम्म उक्लने आँट आएन ठ्याम्मै । केही वर्षअगि देउराली पुग्दा देउरालीमा फूलपाती र ढुङ्गा चढाउन र नेपाल खाल्टोको रमणीयतामा रमे झैँ यतिबेला रम्न सकिनँ म । पैदलयात्रामा देउराली पुग्दा फूलपाती र ढुङ्गा चढाउने नेपाली संस्कार मिठो लाग्छ । कृतज्ञता हो सुखद यात्राको । श्रद्धा हो प्रकृतिप्रति । देउराली हुन् पैदलयात्रामा सुस्ताउने काख प्रकृतिको ।

भन्ज्याङ तदेउराली छोडेर चौडा छाती र केही नयाँ संरचनाहरूको निर्माणसँगैकेही गहिरिएको रहेछ ।चन्द्रागिरि भन्ज्याङ पहिले जस्तो मुस्कुराउन सकेको देखिनँ। चन्द्रागिरि भन्ज्याङ धेरै तल झरिसकेछ मोटर बाटोसँगै।म पनि असमर्थ हुनपुगेँ देउराली पुज्न । हामीलाई विलम्ब भइसकेको थियो गन्तव्य पछ्याउन । साथै भोकले आलसतालस सहयात्रीको मर्का पनि जीवन्त थियो ।

म भने भारतका सम्राट अशोक, उनकी छोरी चारूमती, रूसका विद्वान् इ.पा. मिनाएभ, इतिहासकार सिल्भा लेभी जस्ता विदेशी ऐतिहासिक व्यक्तित्वहरू कतै भेटिन्छन् कि भन्ने सोच्दै थिएँ । हुन त, उनीहरू विभिन्न कालखण्डमा यही प्राचीन मूल बाटोबाट चन्द्रागिरि भन्ज्याङ छिचोल्दै उपत्यका भित्रिएका थिए र नेपाललाई चिन्ने चिनाउने कार्य गरेका थिए ।

भनिन्छ, इ.पुं २७३ तिरभारतका सम्राट स्वयम् अशोकतथा उनकी छोरी चारूमती बौद्धधर्म प्रचार गर्दै यही बाटो हिंडेका थिए । चितलाङको शोभा बनिरहेको प्राचीन अशोक चैत्यका निर्माता राजकुमारी चारूमती यसै भन्ज्याङ पार गर्दै नेपालखाल्टो पुग्नुले पनि यहाँको गरिमा झल्कन्छ ।

साथै बडाराजा पृथ्वीनारायणलाई

पहिलोपल्ट नेपालखाल्टो देखाएर लोभ्याउने भन्ज्याङहो यो । राणा प्रधानमन्त्री जङ्गबहादुर यसै भन्ज्याङ पार गरेर बेलायत पुगेका थिए । यस्तै राजारजौटा र विदेशी पाहुनाहरूले आवतजावत गर्ने मूल बाटोको यसै भन्ज्याङबाट लोहपुरूष गणेशमान सिंह गुप्तरूपमा मुग्लानपुगेकोको बाटो हो। राणाहरूका लागि मोटर बोकाएर उपत्यका भित्र्याउने भन्ज्याङ पनि हो यो । त्यसैले पनि गौरवमय ऐतिहासिक स्थल बन्नपुगेकोमान्छु म ।

यस्तो प्राचीन मूल बाटोमा अवस्थित भन्ज्याङमा राजकुमारी चारूमती, बडाराजा पृथ्वीनारायण, लौहपुरूष गणेशमानसिं आदि इतिहास पुरूषहरूको प्रतिमाहरूउभिइरहेको कल्पना गर्नु अयथार्थ थिएन ।कल्पनाले नै त सिर्जनाको ढोका खुल्छ । तर खै ? हामी कति गरिब रहेछौं त यस मामलामा ? सम्मान गर्न किन जान्दैनौं हामी ?

नेपाल एकीकरणका नायक पृथ्वीनारायणको स्मृतिमा यही भन्ज्याङमा उनको प्रतिमा स्थापना हुनुपर्ने हो । तर अपशोच ! उनको प्रतिमा व्यापारिक तुच्छ स्वार्थका लागि इतिहास बङ्ग्याएर कोसौं टाढाको चन्द्रागिरि हिल स्टेशन भालेश्वरमा स्थापना गरिन पुगेको छ । यो कति जायज पक्ष हो ?इतिहास बङ्ग्याउन र क्षतविक्षत गर्न सिपालु पो छौं त हामी । आफ्नो दुनो सोझ्याउन जे पनि गर्न सक्दा रहेछौं ।

म सोच्दै थिएँ अलिकति विवेक भएको भए यस भन्ज्याङमै बडाराजा र लौहपुरूष गणेशमानसिंको प्रतिमा उभ्याएर चन्द्रागिरि हिल स्टेशनको पर्यटकीय क्षेत्र विस्तार गर्न सकिँदो हो ।चन्द्रागिरि नगरपालिका र थाहा नगरपालिकाको पानीढलोमा अवस्थित यस भन्ज्याङलाईयी दुवै नगरपालिकाको संयुक्त प्रयासले पनि सिँगार्न सकिन्थ्यो। चेतना भया ।

थानकोट- चितलाङ जोड्ने यस मार्गको नामकरण गणेशमानसिं मार्ग रहेकै छ । यस मार्गको स्तरोन्नति पनि हुँदैछ । यसैले पनि प्रतिमा स्थापना गर्नु असान्दर्भिक थिएन । तर कसले चासो लिने ?

भान्ज्याङमै छिमेकी तामाङ बैनीको छाप्रे होटल मुस्कुराइरहेको रहेछ । स्वागत गरिन् उनले आत्मीयताका साथ । केही वर्षदेखि उनले यस्तो एकान्तस्थानमा बसेर नाफाकै लागि भए पनि यात्रुहरूलाई सेवा पुऱ्याउँदै रहिछिन् । धेरै वर्षपछि भेट भएकोमा प्रतिमा रमाइन्, मलाई पनि खुसी लाग्यो । भलाकुसारीपश्चात् एकएक कप तातो चिया पिएर धन्यवादका साथ कुनै बिलम्ब नगरी भन्ज्याङबाट ओरालो झर्न थाल्यौं ।

सडक स्तरोन्नतिहुँदैरहेछ । ठाउँ ठाउँमा ढलान गरिँदैरहेछ । पुरानो गोरेटो र नयाँ बाटो ठाउँठाउँमा जम्काभेट हुन्थे । हामीले छोटो पर्ने भएपनि सिढीवाल पुरानो गोरेटो. रोजेनौं र पछ्यायौं नयाँ बाटो । सजिलो र ओरालो बाटो भेट्टाउँदा मेरा पाइला पनि रमाउन थाले । हामी दम्पती अरूको फोटो खिचाइको अल्मलमा अल्भ्रेनौं र आफ्नै मताबमा अगि बढिरहँदा श्यामजीले हो वा राजेन्द्रजीले हो, प्याच्च भनिहाले "हैन, बुढेसकालमा पनि कस्तो कुखुराको भालेपोथी जस्तो ! नारिएर हिँड्दै हुनुहुन्छ हकौ ! कस्तो मायाप्रीति ।"

"लौ, बुढेसकालमै त हो मायाप्रीति झ्याङ्गिने । हैन त ?" मैले पनि तत्काल प्रतिउत्तर दिइँहालैं । प्रतिभा

लज्जावती झार झैँ लल्याकलुलुक भइन् । सहयात्री सबै गलल हाँसे ।यस्तै रक्कोफन्कोमा रूमल्लिँदा रूमल्लिँदै चितलाङको गुर्जुधारामा पुगिसकेछौँ ।

गुर्जुधारा मख्ख पर्‍यो हामीलाई देखेर । चन्द्रागिरि पारिको शोणितपुर गुर्जुधाराको आसपासबाट आएका हामी पनि मख्ख पर्‍यौँ । धेरै समयपछि ढुङ्गेधारामा हातमुख धुन पाउँदा पवित्र बन्यौँ। नजिकैको गुर्जुधारा होमस्टे मुसुक्क हाँस्यो दिन ढल्केपछि पुग्दा पनि । तर बिहानको दालभात ङिच्चहाँस्यो खिसी गरे झैँ । तैपनि हामीले सप्रक सप्रक बुत्यायौँ भोकको रन्कोमा ।

गुर्जुधारा होमस्टेका मालिक बुद्धिरत्न मानन्धरसँग परिचय र हाम्रो यात्रा उद्देश्य साटासाट गर्‍यौँ। चितलाङ होमस्टे सङ्घसँग आबद्ध मानन्धर यस भेगको पर्यटकीय उन्नयनमा सक्रिय रहेछन् । हामी पनि चन्द्रागिरि साहित्य समाजका पदाधिकारीहरू पनि साहित्य र संस्कृतिमार्फत पर्यटकीय उन्नयन गर्ने हेतुले नै यो यात्रामा होम्मिएका थियौँ ।

केहीक्षणको भलाकुसारी पछि भोलि भेट्ने बाचासहित हामी दिनको तीन साढेतीन बजे लम्कियौँ आजको बासस्थान - टुपीखेलस्थितइन्द्रेणी मसरूम रिसोर्ट पछ्याउँदै ।

एक दशकअगि पुग्दाको भन्दा चितलाङको रूपरङ नै बदलिसकेको रहेछ । चितलाङ बजार होमस्टेमा अग्रगामी देखिँदैरहेछ । प्रशस्त होमस्टे, रिसोर्ट, रेस्टुरा र आधुनिक होटेलहरूले आन्तरिक पर्यटकहरूलाई लोभ्याउँदै रहेछ । रूप स्वरूपमा काँचुली फेरिँदै रहेछ । पुराना अवशेषहरू सिला खोज्ने अवस्थामा पुग्दैरहेछन् । खर र झिँगटीका छानामा मुस्कुराएका घर आँगन देख्न दुर्लभ जस्तै भएछ । जता आँखा तेर्साए पनि कङ्क्रिटका अग्ला होचा घर उभिएका देखिन्थे । आधुनिकताले छपक्कै ढाक्न थालेको रहेछ ।

जे जति बचेका छन् ती ऐतिहासिक, धार्मिक र सामाजिक धरोहरहरू जीर्णोद्धारको क्रममा भेटिए । शिवालय जीर्णोद्धार भइसकेको पाइयो भने सँगैको जङ्गबहादुरद्वारा निर्मित भनिने भव्य लामपाटी जीर्णोद्धारको क्रममा रहेछ । सडक कालोपत्रे बनेकोरहेछ भने बाटोघाटो डाँडाकाँडा चढ्न थालेको पाइयो । यस्तैनवीन अवस्था छाम्दै हामी अगाडि बढिरह्यौँ आँखामा जिज्ञासा र सन्तुष्टि समेट्दै ।

रमाइलो लाग्यो माझगाउँको चैत्य जाने साँघुरो बाटोकै छेउमा रहेको एउटा पुरानो चिया पसल ज्युँका त्युँ रहेछ मैले एक दशक पहिले देखेकै अवस्थामा । त्यतिबेला चितलाङको भ्रमणमा आउँदा मैले यही चिया पसलमा स्वादिलो दालभात खाएको थिएँ सहयात्री रूपचन्द्र गोपालीका साथ । त्यो स्वादिलो स्मृति ताजा बन्यो तात्तातो चियासँगै ।

गन्तव्य अझै टुङ्गिएको थिएन । दुईढाई घण्टा भनिएको बाटो छिचोल्न दिनभर नै लाग्ने भयो । लम्क्यौँ फेरि लसक लसक, थकाइले चूर हुँदै । लाग्थ्यो लेकको हिउँ अझै गोडामा अल्झिरहेको छ पाइला चाल्नै नसक्ने गरी । हिउँ थकाइ बनेर हामीसँगै आइरहेछ, आइरहेछ ।

झमक्क साँझ ओर्लिसकेकोले छामछाम छुमछुम गर्दै गोडा लतार्दै करिब सातबजेतिर बल्लतल्ल पुग्यौँ मसरूम रिसोर्ट । र आज अर्थात् विक्रमको २०७८ पुस १७को रात्री विश्रामस्थलमा आफूलाई फ्यात्त मिल्कायौँ ।

*प्रतिभाकुञ्ज, चन्द्रगिरि न.पा, काठमाडौँ*

# बंगलादेशको बोर्डरमा



● सञ्जय साह 'मित्र'

साउने यात्राले धेरै ठाउँ देखाएको छ । यस यात्राको आफ्नै कथा छ र इतिहास पनि । इतिहास यस अर्थमा कि करिब डेढ दशक भइसक्यो साउन महिनामै भारतको यात्रामा निस्कन थालेको । रौतहटले मात्र साउनदेखि भदौसम्म वार्षिक दश हजारलाई बाबाधाम पठाउँछ होला । बाबाधाम भन्नु चाहिँ देवघर हो । यो झारखण्ड प्रान्तको देवघर जिल्लाको सदरमुकाम सहर हो । यहाँ वैद्यनाथ मन्दिर छ । वैद्यनाथ मन्दिरलाई हामीकहाँ बाबाधाम नामले पुकारिन्छ । बाबाधाम भनेपछि सोझै यही वैद्यनाथधाम, बैजुनाथधाम वा देवघरलाई नै बुझाउँछ ।

करिब एक हप्ताको लागि निस्केका हुन्छौँ यात्रामा । घरबाट निस्केको पहिलो दिन बाटोमा कतै वास हुन्छ । दोस्रो दिन बाबाधाम पुगेर दर्शन गरिसक्छौँ । तेस्रो दिन दुमका जिल्लामा रहेको वासुकीनाथलाई जलार्पण गरेपछि यात्राको मूल खण्ड पूरा हुन्छ । यसपछि कुनै नयाँ ठाउँका लागि निस्कने गरेका छौँ । यही क्रममा पुगेका हौँ कलकत्ता, गंगासागर, कटक, भुवनेश्वरम, जगन्नाथपुरी, गोरखपुर, काशी, राँची, लखनऊ, आगरा र वृन्दावन । बिहार र झारखण्डका करिब सम्पूर्ण प्रमुख ठाउँहरू भ्रमण गरिसकेका छौँ भन्दा पनि हुन्छ ।

वासुकीनाथधाममा दर्शन गरिसकेपछि सामान्यतया पाँच दिनको समयमा घर फर्किने गरी समयको व्यवस्थापन गर्ने प्रयास हुन्छ । हामीले प्रायः एउटा स्कारपिओ भाडामा लिएका हुन्छौँ । चाहन्छौँ कि बाँकीको साढे पाँच दिनमा सम्भव भएसम्म टाढाको ठाउँसम्म पुगेर नयाँ ठाउँको दर्शन गरूँ र समयमा घर फर्कूँ ।

यसपटकको यात्रामा मध्यरौतहट बहुमुखी क्याम्पस गरूडाका प्रेमलाल साह, अनिलकुमार निधि, देवेन्द्रकुमार साह, बैजु पटेल, मनोजकुमार यादव र म थियौँ । मध्य साउनको समय छ । वर्षा यस पटक भएको छैन भन्दा पनि हुन्छ । निकै दुःखले किसानले खेत रोपेका छन् । हामीले पनि यही गरेका छौँ । गर्मी धेरै नै छ । चर्को घामको तापले जनजीवन प्रभावित छ । अलिक वर्षा भइरहने समय हो भने यात्रामा सजिलो हुन्छ तर गर्मी बढी हुँदा गर्मीजन्य समस्या भइरहन्छ । यति हुँदाहुँदै पनि हामीले यात्रा त गर्नै छ । अहिले यात्रा गरिएन भने विद्यालय खुल्छ, क्याम्पस खुल्छ अनि समय नै पाइँदैन । चाहेर पनि यात्रामा जान नसकिने अवस्था हुन सक्छ ।

कोरोनाको मुख्य आक्रमण भइरहेका दुई वर्ष बाबाधाम पुग्न सकेनौँ । यस पटक भने पुग्नै छ ।

प्रायः पहिले नै निर्धारित समय हुन्छ । घरबाट निस्कन्छौँ समयमै र सधैँको निर्धारित ठाउँमा पुगेर रात गुजाछौँ । सुल्तानगंजमा जलबोझी हुन्छ र सोही दिन बाबाधाममा पुगेर रिसाल गर्छौँ । अर्को दिन वासुकीनाथको पनि दर्शन गरी यात्राको मुख्य खण्ड पूरा गर्छौँ । यस पछि यस वर्षको अर्को गन्तव्यमा परेको कामाख्या दर्शन । असममा पर्ने मुख्य शक्तिपीठको दर्शन गर्न जान बाटोको खोजी नेटमा हुन थाल्छ । एक जना पूर्व सैनिकले संचालन गरेको ढाबामा मिठो भोजन गरी तिनले बताएको र गुगलले देखाएको बाटोबाट असमतिरको यात्रा सुरू हुन्छ । होटलबाट गाडीमा बस्दा दिउँसोको १२ बजेको छ ।

बाटो बिराएको हो कि बाटै यस्तो हो, राम्रा र चिल्ला बाटाहरू हुँदै झारखण्डबाट पश्चिम बंगाल र फेरि बिहारमा प्रवेश गर्दछौँ । बिहारको अन्तिम जिल्लाको अन्तिम छेउमा रहेको एउटा बजारमा रात बित्छ । अत्यन्त मिठो हिन्दी बोल्ने लज बेपारीको लजमा बास बस्न पुग्छौँ । पैसाको अलिक बढी लोभी मानिस रहेछन् । पहिले भनेको भन्दा अलिक बढी दाम लिन्छन् । हामी एकाबिहानै प्रस्थान गर्दछौँ ।

धेरै साथीहरूले यो क्षेत्र घुमिसकेका छन् । दार्जिलिङसम्म केही यात्रा मेरा पनि भएका छन् तर नेपाली साहित्यमा पढ्ने गरेका खरसाङ, कालिम्पोङ नामले परिचित ठाउँहरू हुँदै यात्रा अगाडि बढिरहेको छ । नेपाल र बंगलादेशको व्यापार हुने मुख्य नाका यतै हो भन्ने पहिलेदेखि नै जानकारीमा छ । त्यो नाका फुलबारी हो । गुगल म्यापमा फुलबारी नाका नजिक भएर हामीले हिड्दै गरेको बाटो जाने भनेर देखाएको छ ।

यात्रा न हो, नरोकेसम्म अगाडि बढिरहन्छ । बढ्ने क्रममा एक ठाउँमा बोर्डर एक किलोमिटर भन्ने संकेत पाइन्छ । भन्दाभन्दै अगाडि बढिहाल्छौँ । गाडीलाई रोक्न ठाउँ चाहिन्छ । एकजनाले देखेको सूचना वा संकेतलाई विश्वसनीय बनाउनु पर्ने हुन्छ । गाडी हिँड्दाहिँड्दै पढिएको सूचनामा पृथक कुरो पनि हुन सक्छ । सत्यापनको लागि गाडी रोकेर बुझ्नुपर्ने हुन्छ र सामान्यतया जसलाई बढी चासो हुन्छ, हेर्ने बुझ्ने काम उनैले बढी गर्नुपर्छ । कतिपय साथीको मनसाय सोझै लक्ष्य गरिएको ठाउँ असमको कामाख्या मन्दिरतिर हानिनु उचित भन्ने छ ।

जति सक्यो त्यत्ति बाटो काटेको राम्रो हो पनि तर आसपासका प्रसिद्ध ठाउँहरू हेर्दै जानुको पनि त आफ्नै मज्जा छ । गाडी रोकिएपछि ओर्लिन्छु । ओर्लिएर नजिक मानिस खोज्छु । केही पाइलोको दुरी पछाडितिर फर्केर बिहानको चिया खाजा खाइरहेका दुई तिन जनालाई सोध्छु । मेरो भाषा उतिसारो बुझ्दैनन्, मैले पनि धेरै बुझिनँ । बंगाली मिश्रित हिन्दी जुन लवजमा पनि बंगालीको प्रभाव थियो । भाषा स्पष्ट नभए पनि मानिसको हाउभाउ र ठाउँको नामले थाहा भइहाल्छ । एकअर्काको भाव भने बुझ्यौँ । पूर्वानुमानझैँ अलिक पछाडि फर्केर एक किलोमिटर दक्षिण पुग्दा फुलबारी नाका आउने रहेछ ।

गाडीमा बसेका साथीहरू सबै झरिसकेका छन् । यताउति गर्दा हातखुट्टा पनि तन्किन्छन् । हातखुट्टा तन्काउँदै कोही सेल्फी लिन्छन् त कोही नयाँ ठाउँको फोटो । अर्को एक जनालाई पनि बुझ्ने काम हुन्छ । हिन्दी र नेपाली मिश्रित भाषा बोल्ने

रहेछन् । धेरै सजिलो भयो । अघि तिनीहरूले बताएको, हामीले अनुमान गरेको तथा अहिले यिनीहरूले देखाएको एउटै रहेछ । अलिकति पछाडि फर्केर दक्षिणतिर जाने हाइवे नै बंगलादेशको सीमा नाका फुलबारीतिर जाने रहेछ । पहिले पढिएको संकेत पनि सही थियो र सबै जानकारी पनि सही हुन गयो । सबैतिरबाट जानकारी पुष्टि भएपछि अलिकति फर्किने सोचमा पुगेर गाडी मोड्छौँ ।

अगाडि बढिरहेको यात्रामा सबैभन्दा अप्ठ्यारो क्षण यही हुन्छ – यात्रालाई पछाडितिर फर्काउनु । फर्केर आउने बेलामा यही मिठो लाग्छ र बाटो छिटो कटिदिए हुन्थ्यो जस्तो लाग्छ । करिब आधा किलोमिटर फर्किनुभन्दा पनि धेरै बाटो दोब्बर हुन पुगे जस्तो हुन्छ । जति फर्किन्छौँ, त्यत्ति बाटो दोब्बर भएको अनुभूतिले मन भारी तुल्यारहेको छ । तर अर्को एउटा सन्तोषको प्वाँखले भने मन फुरूङ्ग बनाएको छ, त्यो हो बिल्कुलै नयाँ देशको बोर्डरमा पुग्ने । हामीलाई नेपाल र भारतको बोर्डर सजिलो रहन्छ तर अबको केही बेर बंगलादेशको बोर्डरमा हुन्छौँ भन्ने सोचले मनलाई उत्साहित तुल्याइरहेको छ । उत्साहको उक्साहटमा फुरूङ्ग भएको मनको गति गाडीको गतिभन्दा तीव्र छ । जब दक्षिण मोडिने मोड आउँछ तब सबैको अनुहारमा नयाँ चमक देखिन्छ बंगलादेशको बोर्डरमा पुग्ने आशाको आभाले ।

अगस्त ३ तारिख २०२२ अर्थात् १८ साउन २०७९ बुधवारको यो बिहान निकै प्रिय लागेको छ । अहिलेसम्मको यात्रा असमतर्फको थियो तर एकैछिनमा एकैछिनको लागि यात्रा बंगलादेशको बोर्डरको बन्न पुगेको छ ।

स्कारपिओ बिस्तारै यसकारण गुडिरहेको छ कि अन्जानमा कतै टाढा नपुगूँ । नजिकै बोर्डर तर टाढा कसरी जान सकिएला । कहाँसम्म पुग्न पाउने हो, त्यो महत्वपूर्ण हुन्छ । जहाँसम्म गाडी जान मिल्छ र जहाँसम्म पैदल जान सकिन्छ, त्यहाँभन्दा अलिकति पनि भित्र जानु भनेको अन्जानमै गरेको ठूलो भूल हुन सक्छ । यस्तो अन्तर्राष्ट्रिय सीमामा त झन् भूल मानिँदैन, अपराध पनि मानिन सक्ला । यसै सतर्कतामा विस्तारै गुडिरहेको स्कारपिओ एक इसाराले छेउतिर उभिन्छ ।

अलिकति डर र बढी उत्सुकता मिसिएको पाइला ओर्लिन्छ गाडीबाट । सोध्नु त पर्यो । कहाँसम्म जान दिइन्छ । पहिले त्यहाँ जो जो देखिन्छ, उनैलाई सोध्ने हो । बोर्डरसम्म जान चाहिँ कतैबाट रोक छैन । अझ गाडी एकातिर रोकेर हामी पैदल हिँडिरहेका छौँ । हामी सबैका हात खाली छन् । झोला, बोरा वा अन्य केही पनि छैन । छन् भने एकेक ओटा मोबाइल मात्र । खाली हात पैदल यात्रीलाई बोर्डरसम्म जान किन रोक्ने ?

र पनि अगाडि बढिरहेका हाम्रो मनमा आशंका उब्जन्छ । कतै रोकेर केही भन्ने त होइन । हाम्रो भेष पनि कुनै यात्रुको जस्तो छैन । सबैले अत्यन्त साधारण पहिरन लगाएका छौँ । बाबाधामको यात्रामा जाँदा लगाउने वस्त्रकै समकक्षी वस्त्र छन् । सबैका खुट्टा नांगा छन् । कोही कसैले जुत्ता चप्पल लगाएका छैनौँ ।

बाँयातिर सरकारी संरचना बनेका छन् । सरकारी संरचनाह भारत सरकारले बनाएको हो । बोर्डर एरिया एकदमै शान्त छ । धेरैको चहलपहल पनि छैन । हामीकहाँ गौर भन्सार होस् वा वीरगंज भन्सार, चहलपहल घनीभूत हुन्छ । साना सबारी साधन

ओहोरदोहोर गरिरहेका हुन्छन् । कैयौँ गाडीमा सामान लोड भएको हुन्छ जसलाई भन्सार चेकजाँच तथा भन्सार कर तिर्नुपर्ने हुन्छ । तर यहाँ सामान बोकेका गाडी छन् तर साना सबारी साधनको अभाव देखिन्छ । अनुमान लगाउँछौँ - हामीकहाँको भन्सार जस्तो यहाँका स्थानीय नागरिकलाई ओहोरदोहोर गर्ने छुट रहेनछ क्यारे । एक देशका नागरिक अर्को देशमा यस नाका भएर जाँदा धेरै कानुनी प्रक्रिया पूरा गरी जानुपर्ने रहेछ ।

बोर्डरमा तैनाथ सुरक्षाकर्मीले बोलाएर सोध्नुभन्दा आफैँले आफ्ना कुरा राखेको राम्रो । यदि बोलाएर सोध्छन् भने डर लाग्छ, अनेक शंका उब्जन्छन् मनमा ।

एउटा समस्या आउँछ । समस्या कस्तो भने भारतीय सुरक्षाकर्मीले सोधेमा कहाँको भन्ने ? हामीमध्ये स्कारपिओ चालक बिहारका छन् उनी भारतीय नागरिक हुन् । हामी रौतहट नेपालका हौँ । भारतीय सुरक्षाकर्मीका अगाडि भारतीय भन्ने कि नेपाली ? निधि सरको सिधा र स्पष्ट तर्क छ - सुरक्षाजस्तो सम्वेदनशील मामिलामा जे छ त्यही भन्नुपर्छ । कुनै कारणले विशेष सोधखोज गर्ने अवस्थामा आए एक ठाउँको वासिन्दाले अर्को ठाउँको वासिन्दा भन्दा अप्ठ्यारो पर्न सक्छ । यस्तो सन्दर्भमा सुरक्षाकर्मी अझ सशंकित हुने सम्भावना रहन्छ । यसकारण यदि सोध्ने वा भन्ने अवस्था आए नेपाली नै भन्नुपर्छ ।

म पनि सुरक्षा सन्दर्भमा सचेत रहन चाहन्छु । परदेशमा आएको वेला नेपाली छौँ र आफ्नो गाउँठाउँको वा प्रसिद्ध ठाउँहरूको नाम भनिर्दिदा कोही आए गएका हुन्छन् भने निकै राम्रो मान्दछन् । आफन्तजस्तो व्यवहार गर्दछन् । तिन जना सुरक्षाकर्मी सडक छेउमा बनेको घरको संरचनामा बसेका छन् । अगाडि पूरा सडक ढाक्ने ठूलो र अग्लो फलामे ढोका छ । फलामे ढोकाभन्दा पनि मोटा रडले बनाइएको ढोका हो । वारपार सजिलै देखिन्छ तर मानिस छिर्न पाउँदैन । केही बेर पैदल हिँडेपछि भन्सार एरियामा पुग्छौँ ।

सुरक्षाकर्मीलाई हामीलाई देखेर अलिकति उत्सुकता बढेको छ क्यारे । आफ्नो कर्तव्य पनि निर्वाह गर्न चाहेका छन् । विस्तारै इसाराले बोलाउँछन् । हामी सबै त्यहाँ पुग्दछौँ । हिन्दी भाषामा सोध्छन् - कहाँ जान्छौ ? कहाँबाट आएका छौ ? जानु त हामी असम गइरहेछौँ । प्रसिद्ध कामाख्या देवीको दर्शन गर्न । बाबाधामबाट आइरहेछौँ । बाबाधाम भनेको देवघर हो । अहिले यही बोर्डर हेर्न आएका छौँ । यो बोर्डर कहाँसम्म हेर्न पाइन्छ ?

कहाँबाट आएका छौ ?

नेपालबाट ।

नेपालको कुन ठाउँ ? काठमाण्डौँ बाट ?

होइन । मधेश प्रदेश । जनकपुरको नजिकबाट । जनकपुर जहाँ भगवान श्रीरामको बिहे भएको थियो र माता जानकी त्यहीँ जन्मिएकी थिइन् । जानकी मन्दिर त्यहीँ छ ।

अलिकति चिनेको वा सुनेको जस्तो भाव अनुहारमा झल्किन्छ । अझ अलिकति स्पष्ट पार्नको लागि हामी भन्दछौँ - बिहारको सीतामढी जिल्लाको छेउमै पर्दछ ।

यस क्षेत्र बारे खासै धेरै सुनेका अधिकारी रहेनछन् । अलिकति वीरगंजको नाम सुनेको जस्तो गरे । एउटै काठमाडौँको नाम सुनेका थिए । हुन सक्छ, काँकडभिट्टा नाकाबाट सामान सधैँ ओहोरदोहोर हुने भएकोले नाम सुनेका थिए । तर हामीले अझ धेरै

भन्न चाहेनौँ । प्रश्न गऱ्यौँ - कहाँसम्म पुगेर हेर्न पाइन्छ ?

हातले दक्षिणतिर इसारा गर्दै ती नम्र र भद्र अधिकारीले भने - ऊ त्यहाँसम्म जहाँ भारतीय सुरक्षाकर्मीको अन्तिम पहरा रहेको छ । बंगलादेशको सुरक्षाकर्मीले पहरा दिइरहेको ठाउँतिर नजानू ।

एक जनाले पहिले नै चेतावनी दिइसकेका थिए - भूलले पनि यदि बंगलादेशको सीमानामा पाइला टेके सोझै ढाका पुऱ्याउँछन् । विश्वास र अविश्वास पक्षभन्दा पनि झन्झट र झमेलामा किन पर्ने ?

सकारात्मक भावमा टाउको हल्लाउँदै मनमा उत्साहको हावा हुल्दै नजिकै भन्सारका संरचनाहरू हेर्दै विशाल ढोकातिर बढ्छौँ । ढोका पूरै खुल्ने रहेछ । छेउबाट आवतजावत गर्न पनि बनाइरहेको रहेछ । खाली हात किन मूल ढोकाभएर निस्कनु पऱ्यो ? एउटा गाडी छिर्ने सजिलो सानो ढोकाबाट दक्षिणतिर निस्कन्छौँ । लाग्छ कि बंगलादेशको भूमिमा पाइला टेकिसकेका छौँ ।

बंगलादेशको सीमानामा नै त छौँ । ऊ त्यहाँ बंगलादेशका सुरक्षाकर्मीले पहरा दिइरहेछन् । ती निकै कम संङ्ख्यामा देखिन्छन् । कुनै चहलपहल छैन । अघिदेखि अहिलेसम्म कुनै यात्रु वा सबारी साधन एक अर्को देशमा आउजाउ गरेका छैनन् । कोही आवतजावत गरिरहेका छैनन् भने सुरक्षाकर्मीले पहरा दिएर मात्र पनि हुन्न । सडकमा सुरक्षाकर्मीको उपस्थिति नदेखिए पनि छेउमा छन्, कुर्सीमा छन्, उता घरको पछाडि छन् । जे होस्, बंगलादेशको भूमि, केही घर, वनस्पति तथा सुरक्षाकर्मी र त्यहाँको वातावरणसित निमेष नै सही, परिचित हुने अवसर प्राप्त गर्दछौँ । बिल्कुलै नयाँ अनुभव र अनुभूति भइरहेछ । एकापसमा तर्क गर्दछौँ । उत्साहका कुरा गर्दछौँ । आफ्नै आँखाले एउटा नयाँ देशलाई देखिरहेछौँ । बोर्डरमा रहेको शान्तिलाई अनुभूति गरिरहेछौँ ।

"बंगलादेशमा एक पाइलो राख्नुको अर्थ हो एकैचोटि ढाका पुग्नु र जेलमा बस्नु" कानमा गुन्जिन छोडेको छैन । बिर्सेर पनि भारत र बंगलादेशको सीमाना ननाघ्नू भन्ने सुझावलाई निकै सतर्कताका साथ पालन गरिरहेछौँ । एक किसिमले बंगलादेश हेरिरहेछौँ, अनुभूति गरिरहेका छौँ । यत्तिको धेरै सतर्कताका साथ कि कतै पाइला तेस्रो देशमा नजाओस् ।हामी अशिक्षित होइनौँ । हाम्रो पहिचान पनि चिनेको हुनुपर्छ । हामीलाई डुल्न र फोटो खिच्न कुनै मनाही हुँदैन । मज्जाले फोटो खिचिरहेछौँ । कुराकानी गरिरहेका छौँ । कोही सुन्ने छैनन् । रोक्ने छैनन् । यस्तो पनि अनुभूति हुन्छ कि क्यामराझैँ कैयौँ आँखाले हामीलाई हेरिरहेछन् ।

बोर्डरमा अलमल गर्नु कति उचित हुन्छ, अलमल गर्ने पनि कतिबेर ? कतैबाट कुनै मानिस आएको वा गएको देखिँदैन । बोर्डर दुवैतिर सुनसान छ । अन्तर्राष्ट्रिय सीमा यति सुनसान हुन्छ भन्ने सोचाइ नै आउँदैन । कसैले पनि पत्याउन त्यत्ति सजिलो छैन । विभिन्न चलचित्र वा समाचारको अन्तर्राष्ट्रिय बोर्डरमा निकै भीडभाड हुने देखेको थिएँ । यस्तो सुनसान भन्सार क्षेत्र त दुर्लभ दर्शन नै हो । यो कुराले अलिक डर मनमा भने उमारेकै छ ।

साथीहरू अब फर्किने कुरो गर्न थाल्छन् । जहाँ पुग्नुपर्ने छ, त्यहाँ जानको लागि सम्भव भएसम्म बाटो छोट्याउनु उचित हुन्छ । कोही कोही साथी फर्किन थाल्छन् । म र प्रेम सर अलिक ढिलो गर्न खोज्छौँ । मनोजले त

झन् अलिक भित्रै जाऔँ भन्ने प्रस्ताव गर्छन् । सतर्कता हो कि अलिक डरको मात्रा बढी भएर हो, अरू कसैको पनि सहमति हुँदैन । जहाँसम्म आइपुगेका छौँ, यसैमा सन्तुष्ट हुनु उचित हुन्छ । हाम्रो यात्राको मूल उद्देश्य त असमको कामाख्या दर्शन न हो । यहाँ धेरै अलमल गर्नु त्यत्ति उचित हुँदैन ।

अब पाइलो फर्किन सुरू हुन्छ । जुन फलामे ढोका छ, त्यसतिर अब पाइला अगाडि बढ्छन् । पाइला अगाडि बढ्दै गर्दा मनोजको भनाइ आउँछ - अब हामी चार देशमा पाइला टेकिसकेका छौँ । भन्नुको तात्पर्य हो नेपाल, भारत, भुटान र बंगलादेश । एकपटक गन्ती सुरू हुन्छ कति प्रदेशमा पुगिसक्यौँ । नेपालको सातमध्ये अधिकांशले पाँच प्रदेशमा पाइला टेकिसकेका छन् । जब नेपालको पाँच प्रदेशको कुरा आउँछ तब भारतको कति प्रदेशमा पाइला टेकेको हो भन्ने प्रश्न पनि लगत्तै आइहाल्छ । सम्भव भए आजै अर्को एउटा भारतीय प्रान्तमा पाइला टेक्दैछौँ ।

विशाल फलामे ढोकाबाट निस्कँदै गर्दा भारतीय सुरक्षाकर्मीहरू हामीलाई सहानुभूति र उत्सुकताको नजरले हेरिरहेका छन् । कोही बोलबम पनि भनिरहेका छन् । एकजना आफू पनि बाबाधाम जाने गरेको बताएर सहानुभूति प्रकट गर्छन् । नेपालको काठमाडौँ र पशुपतिनाथको नाम निकै सुनेको बताउँछन् । यस्तो लाग्छ कि मेरो आफ्नै कोही नातादारले आफन्तको खबर सुनाइरहेछन् । यसमा हार्दिकता बढी हुन्छ । भेषको हार्दिकता क्षणिक भए पनि अन्तर्हृदय चमत्कृत पार्ने हुँदोरहेछ, अभ्यन्तरमा सन्तोष दिने रहेछ । काठमाडौँको कुरा गर्ने सुरक्षाकर्मीको अनुहारमा हार्दिकताको बेजोड चमक देखिन्छ ।

भन्सार क्षेत्र न हो । सम्भवतः पहिलोचोटि बंगलादेशी ट्रक देखिन्छ । ट्रक त उस्तै हो, नम्बर प्लेटले बंगलादेशको हो भनेर चिनिन्छ । नेपाली र भारतीय सबारी तथा ढुवानी साधनको नम्बर प्लेटभन्दा केही फरक किसिमको भएकोले सजिलै चिनिन्छ । फर्किदैछौँ विस्तारै । भारतीय नम्बर प्लेटका केही ट्रक पहिलेदेखि नै लाइनमा छन् । सायद कार्यालय खुल्ने समयमा यी ट्रकको काम होला । समय बाँकी छ । बल्ल सम्झना हुन्छ कि यहाँ भीडभाड वा चहलपहल नहुनुको मुख्य कारण भन्सार बन्द रहनु हो । अहिले त कार्यालय समय छैन ।

अनि देखिन्छ एउटा नेपाली नम्बर प्लेटको ट्रक । मानिस देख्दैनौँ तर नेपाली नम्बर प्लेट देख्नासाथ आफ्नोपनको अनुभूति हुन्छ । सायद मसुरो होला अनुमान हुन्छ । हामीकहाँका गल्लावाल यही भन्दछन् मसुरो जति बंगलादेश पुग्छ । नेपालको गाडी बंगलादेश जान भारतको भूमिमा रोकिएको रहेछ । एउटै गाडीले तिन देशको सम्बन्ध वर्णन गरिरहेको अनुभूति हुन्छ ।

आफ्नोपन अनुभूतिको आनन्द प्राप्त गर्दै पाइला अगाडि बढिरहेका छन् । हामीमध्ये कोही पनि असम पुगेका छैनौँ र असमको यात्राको लागि मेरै प्रस्ताव रहेको छ । झन्डै तिन चार वर्षदेखि कामाख्याको दर्शन गर्ने प्रस्ताव गर्दै आएको छु । फलिभूत हुँदैछ ।

केही मिनेटमा जहाँ हाम्रो वाहन रोकिएको थियो त्यहाँ आइपुग्छौँ । भारत बंगलादेश बोर्डरतिर दृष्टि दिन्छौँ । सीमानाकाले विदाइको हार्दिकतापूर्वक हात हल्लाइरहेको छ अमिलो मुस्कानका साथ ।

*मित्रनगर, गरूडा नपा ४, रौतहट*

# पर्खबहादुर



● छायादत्त न्यौपाने 'बगर'

कसैले भन्दियो जिन्दगीमा जुरो पलाउँछ भने कहिले पलाउला भनेर पर्खन थालिहाल्छ मान्छे । शब्दको अर्थ पत्याउने हो भने मान्छे शब्दको अर्थ "मान्छ" हुनुपर्ने हो तर व्यवहार यसो भन्दैन । व्यवहारले त ऊ पर्खबहादुर हो । मान्छेले आफ्ना प्रत्येक पाइलामा पर्खिरहन्छ भने जिन्दगीमा जुरो पलाउने सूचना पाएपछि त झन् नपर्खिने कुरै भएन । ऊ त बल गरेर पर्खन्छ तर जति बल गरे पनि जिन्दगीमा जुरो थपिएको छैन । हिजोदेखि गरेको चिन्तन, आज भएको सङ्घर्ष, भोलिका लागि गरिने प्रतीक्षा जिन्दगीमा जुरो थप्ने प्रयत्न हुन् तर जुरे जीवनलाई परिभाषित गर्न पुग्ने आधार भेटिएको होइन । अहिलेसम्म जुरेजीवन भोग्ने दुई खुट्टे भेटिएको छैन । अँ, जिन्दगीमा जुरो होइन, मुखहरू छन् नि ! जुरो नभएर के भो त भन्ने मनसाय छ भने स्वाभाविक हो तर खाने मुख धेरै छैनन् । कति-कतिखेर एउटैमात्र खाना खाने मुख पनि बिग्रेर पाइपबाट खानुपर्ने हुन्छ, पानी मात्र खाएर निर्वाह गर्नुपर्ने अनि नचपाई घुर्लुक्क निल्नुपर्ने अवस्था आउँछ । अरूअरू मुख त जाने मुहान हुन् खाएको पठाउने मार्ग ।

आजसम्म नभएको कुरो जिन्दगीको जुरो, कहाँबाट आयो यस्तो कुरो ? प्रकृतिमा कतै देखिएको छैन । जिउमा कतै टु-टुल्का देखिए भने 'ऐजेरू निस्क्यो' भनेर उपचार गरिन्छ । जुरो निस्कने त गोरूको हो, गाईको नमुना मात्र हुन्छ जुरै निस्कँदैन, भैंसी-राँगाको पनि जुरो देखिँदैन, चौरी-याकमा पनि खासै देखिन्न जुरो । अँ, पत्यार लाग्दैन भने पर्खेर हेर्न सकिन्छ भोलिसम्म कसैको पलाइहाल्छ कि ! मान्छे पर्खन पल्केको प्राणी हो, उसलाई पर्खन किन गारो, के को मुस्किल ? पर्खाउन त ऊ झन् खप्पिस छ । अँ, पर्खने र पर्खाउने संस्कृति कहिले कसले कहाँबाट थालेको अभियान हो भन्ने पत्तो भने लागेको छैन । लाग्छ यसको इतिहास, वर्तमान अनि भविष्यको टुङ्गो छैन । कसैले मैले पर्खेको छैन र पर्खन्न भन्छ भने मानौं त्यो सरासर छल गर्दै छ, ढाँट्तै छ । नपर्खेर धर पाउने कोही छैन,पाको कुरा यही हो ।

म त पर्खेरै जिन्दगी हुर्काउँदै अनि बगाउँदै आएको छु । म मेलापात गएकी आमा कतिखेर फर्कनुहोला र स्तन पान गरूँला भनेर घण्टौ रून्थेँ रे ! भोकको छटपटी कम गर्न औंलो चुस्दै पर्खदै । कतिखेर आमाले आँगन टेक्नुहोला र काखमा भाइ थमाएर साथीहरूसँग एकखुट्टे खेल्न जाउँला भनेर दिदी पनि मैसँग पर्खिरहनुहुन्थ्यो रे । अलिकति ठुलो भएपछिको सम्झना, आमा रोटी पकाउनुहुन्थ्यो । पहिलो रोटी भाइले पाउँथ्यो, दोस्रो बहिनीले, म तेस्रोको पर्खाइमा हुन्थेँ ।

बार वर्ष पर्खेपछि आयो मेरो स्कुल जाने पालो । एक वर्ष त मङ्गलबार

पऱ्यो अर्को दिन जालास् भनेर बाले भनेपछि शुभसाइत पर्खँदै बित्यो । भर्ना भइहाले पछिका केही दिन स्कुल पोसाक र कापीकलमको पर्खाइले खाइदियो । गाउँका साथी भारततिर गएर संस्कृत पढ्थे । मलाई पनि त्यतैतिर जान पाए त पढेर शास्त्री हुन्थेँ, शास्त्री भनेको पढेर बनेको ठुलो मान्छे भन्ने ध्याउन्नले पर्खायो, पछ्यायो र डोऱ्याएर त्यतैतिर पुऱ्यायो । मैले शास्त्रीको ताज पर्खिरहेर वर्षौं बिताएँ ।

पर्खने क्रम बढिरह्यो । एम.ए. पढेपछि त पाइलैपिच्छे जागिर पाइन्छ भन्ने हल्लाले पर्खन कर गऱ्यो । त्यसैमा आकार्षित भएँ । यतिका पढिसकेको मान्छे के गाउँमै फर्किनु सहरमै नजोतिएर । जागिर नखाई हुन्न भन्ने निम्छरो चिन्तनले पर्खायो, पर्खाइरह्यो जागिरले भन्यो जा-गिर तथापि पर्खाइको परिणाम मिठो हुन्छ भन्ने उक्ति सुनेकाले पर्खिरहेँ । मैले ठाउँ ठाउँमा पर्खिरहेको देखेर न त पशुपन्छीमा दया जाग्यो नही मान्छेका आँखा परे ममाथि । साथीभाइको कुरा गर्ने हो भने त झन् सुटुक्क छलिएर आफूमात्र पर पुग्दा रहेछन् । म त त्यही पर्खिने खाल्डोभित्रको भित्रै भएँ बाहिर निस्केर हेर्दा साथीहरू पर पुगेका हुने !

पत्रै नपाई मलाई पर्खन बानी बसिसकेछ तर जति पर्खे पनि जुरो पलाएको छैन जिन्दगीमा । मेरा बाले छोराले केही गर्ला र सन्तोषको सास फेरौंला भन्दा भन्दै नियमित सास फेर्न बिर्सनुभो । आमा पर्खंदै हुनुहुन्छ । श्रीमतीले अत्याधुनिक गर-गहनाले सजिएर छिमेकीलाई धाक दिउँला भन्दाभन्दै सारीचोलो च्यातिन् । छोराछोरीले कापीकलम पर्खे, नामुद कम्पनीका नयाँ नयाँ चकलेट पर्खन विवश भए । यहाँनेर लाग्न सक्छ निजी गन्थनले पाना भऱ्यो । पर्खनुहोस्, पढ्दै जानहोस्, मैले बस पर्खेर प्रतीक्षालयमा खर्चेको समय तपाईंको पनि हो । छिमेकीसँग सँगै मन्दिर जाने रहरले दोबाटोमा कुराएको क्षण पनि कम स्मरणीय छैन कि कसो ?

परीक्षा दिन जाँदा 'सँगै जाऔं' भनेर छेउमाग्ने साथीको मोटरसाइकल-चालक बनेर परीक्षा हलमा दस मिनेट बिलम्ब गरी पुगेको यथार्थ पनि बिसिनुभएको छैन होला नि ! नढाँटेको प्रसङ्ग पत्याउने भए म त जतातत‌ै व्याप्त हेपाहा प्रवृत्ति सचिएको र समान अवसरले बनेको आत्मीय समाज भेट्ने प्रतीक्षामा छु । कुनै दिन राजनीतिकर्मीले लाउने गरेको आग्रही-पूर्वाग्रही चस्मा फेरिएला कि ! पर्खनै मन लाग्छ । निमुखा जनता सताउने छुद्र मनोवृत्तिका आफैले राखेको फाइल हरायो भन्न लाज नमान्ने राले कर्मचारीको नकचरो चरित्र परिवर्तन होला कि नपर्खे कसरी जानकारी पाइन्छ र ?

अनि भाषणमा सीमित नेतृत्व कर्मयोग लिएर किसानको घरदैलोमा पुगेको दृश्य देख्न लालायित आँखाले नपर्खेर हुन्छ ? फेरि पढ्दै गर्दा 'सेवाभावबाट प्रेरित छौं' भनी गरेको वचनबद्धता बौचामा थन्क्याएर 'कति पैसा खर्च भएको छ रातारात नअसुलेर भो' भन्ने स्वार्थी स्वास्थ्यकर्मीको दरिद्रता सन्चो भयो/भएन ? पिरोलिरहने महङ्गीको पीडाले आहत बन्न बाध्य जनता त्यसबाट मुक्त हुन सके/सकेनन् अनि उनीहरूका ओठमा मुस्कान झुल्कन भ्यायो/भ्याएन जानकारी लिने उद्देश्य नभेटाई हुन्छ ? त्यसैले मेरो त हजुर धैर्यपूर्वक पर्खिरहने विचार छ न्यायिक समाज नभेटिएसम्म ।

कति वर्ष पढेर थुप्रै वर्ष धोका पाए पछि हात लागेको जागिर, भोलिको के ठेगान भन्ठानेर प्राविधिक सिप, नीति, नियम र आदर्शमा अडिनुभन्दा बर्ता आय हुने पद्धति पछ्याएको सस्तोमा इन्जिनियरङ कला बेच्ने संस्कार फेर्दै विवेकी मूल्य पहिचान गरी महको माखा होइन सार्वजनिक बगैंचाको फूल बन्ने अठोटमा साझा जीवनको मर्म बुझेको क्षण

कम्तो रमाइलो होला ! यही सम्झेर पनि पर्खिरहने आँट आउँछ आफूलाई त ।

जीवन जिउने कला एकनास छैन । भुइँचालाले पनि एकैखाले आहत दिएन । धेरैतिर क्षत-विक्षत पाऱ्यो । मानिसहरू निकै अप्ठेरामा परे । कम आय हुनेहरूको दैनन्दिनी बढी कष्टकर बन्यो । यही निम्छरो समयलाई अवसर ठान्ने तुच्छ मानसिकता छताछुल्ल पोखियो सोझा जनताको भाग हत्याएर हिनामिना गर्ने गरी । यस्तो राहत लुटाहा चरित्रलाई कानुनले कठघरामा उभ्याएको फिराद सुन्ने कान र हेर्ने आँखाको जतन नगरी हुँदैन त्यसैले पर्खिनु आवश्यक छ । देश जनताको साझा बासस्थान हो ।

यसले बराबर घामछायाँ दिन्छ । हावापानीले फरक गर्दैन । शिक्षा, स्वास्थ्य र रोजगारमा प्रकृतिको हंसन्याय लागु भए थोरै मान्छेका लागि धेरैले कष्ट उठाउनु पर्दैन । समग्र जीवन फुल्छ/फक्रन्छ, सबैले सँगै सन्तुष्टि लिन पाइन्छ अनि हुँदैन त पर्खिनुको छट्टै मजा ! फरक हुन सक्छन् पर्खिने ठाउँ र उद्देश्य । सुखी र सम्पन्न मान्छे अस्पताल पुगेर लामो समय काल पर्खी-पर्खी जिब्रो टोक्छन्, साँच्चै भन्ने हो भने घरमै पर्खनेहरूलाई सहज हुन्छ जिब्रो टोक्न । हिजोआज पर्खिने संस्कृति राम्रै गरी फस्टाएको छ । पैसा तिरेर लिने सेवा पनि घण्टौं पर्खेपछि सम्भव हुन्छ । तलतलले चिया पसलमा पुऱ्याउँछ 'एकछिन है !' भाका पाइहालिन्छ । सरकारी कार्यालयका कर्मचारी चिया खाएर एक घण्टाअघि फर्केको तथ्याङ्क कतै भेटिएला र ? सेवाग्राहीले कति दिन पर्खिनुपर्छ सरकारी कार्यालयबाट काम लिन कुनै लेखाजोखा छ ? भित्र कम्प्युटरमा चेस खेलेर बाहिर पर्खाउने हिम्मतवाला कर्मचारी त कति भेटिन्छन् कति । कतिका श्रीमतीले भरे घर आउँदा ल्याउनुपर्ने घरेलु सामानको सूची टिपाइरहेका हुन्छन् । तर्क गर्न सकिन्छ नेताहरू त्यस्तो नगर्लान् कि ! हो, उनीहरू त्यस्तो गर्दैनन् किन कि उनीहरूको शैली अर्कै हुन्छ, कर्मचारीभन्दा फरक हुनु पनि पऱ्यो नि । छिमेकीका छोरी श्रीमतीहरूसँग मस्कामस्की उनीहरूले नगरे कसले गर्ने? अनि के गर्नुहुन्छ नपर्खी ? उनीहरू यति धेरै व्यस्त ! कि त कामै छाडिदिनुपऱ्यो । अँ, मनले मागे प्रहरीको सेवा छरितो छ भनेर दाबी गर्दा हुन्छ तर 'चोर पस्यो' भनेर खबर गर्नुभो भने पाँच सय मिटर दुरीलाई एक घण्टा बाटो म्याद लाग्छ । समयमा उपस्थित भएर क्षति हुन नदिने गल्ती प्रहरी चरित्रले पनि गर्दैन, नपत्याए पर्खेर हेर्न पाइन्छ । आगलागी भो भनेर दमकल बोलाउनुस् पर्खनुको विकल्प छैन ।

थरीथरी मान्छेका भिन्न भिन्न कुरा । आजकल बालकहरू धेरै चतुर छन् । उनीहरूसँग पर्खने समय छैन, कामजति कम्प्युटरबाटै गरिहाल्छन् । कुरो राम्रो हो तर आमा 'बाबु छोरा ! स्कुल जान ढिला भो, खाना खान आऊ' भन्नुहुन्छ । छोराले जबाफ दिन्छ 'मैले जित्नै लागेँ एकछिन पर्खनुहोस् है आमा !' दोबाटोमा आधा मिनेट रोक्ने स्कुलबस दुई मिनेट पर्खेर छुट्छ, छोरो पुऱ्याउन आमा आफै टेक्सीमा कुद्नुहुन्छ । अर्को पाटो पनि छ, शिक्षक आउनुहोला र पढ्न पाइएला भनेर विद्यार्थीले पर्खिने परम्परा बदलिएर विद्यार्थी आउलान् र पढाउँला भनेर शिक्षक आफै औंलाले मारकर घुमाउँदै कक्षाकोठामा टहलिरहने भएको छ ।

कसरी पत्याउने धेरै प्रविधिको विकास भयो मान्छेलाई पर्खाउँदैन भनेर । जुवाडेले 'ए ! फलाना तेरा बा मरे, मलाम जान आइज भनेर कटुवाली गर्दा यही बाटो ल्याउँछन् एक हात भ्याइन्छ बाँड् न बाँड्' भन्छ रे ! कम छैन है नयाँ पुस्ता पनि, बाआमाले 'एक अम्खरा पानी देऊ न नानी' भनिरहँदा 'पर्खनुहोस् है ! म च्याटमा छु एउटा जबाफ लेख्छु र'

भन्ने सान्त्वना नदिई रहला र ?

भनाइ पनि छ नि प्रतीक्षाको घडी लामो हुन्छ, स्वाद बेग्लै हुन्छ । कतिलाई लाग्न सक्छ पर्खनु जस्तो गारो काम अरू हुँदैन । हुन पनि होला, पर्खन थालेपछि छिन-छिनमा घडीतिर आँखा घोप्टिरहन्छन्, आउने बाटातिर हुत्तिरहन्छन् । विदेशबाट आउँदै छन् आफन्त विमानस्थलमा पर्खौं, शल्यक्रियार्थ उपचारकक्षमा लगिएको छ आमालाई बाहिर बसेर प्रतीक्षा गरौं, साम-दाम, दण्ड-भेद सबै हतकन्डा प्रयोग गरेर चुनाव लड्यो, भोट खसाल्ने दिन पर्खौं, भोटको काम सकियो, मत-गणना पनि सुरू भयो, परिणाम नपर्खेर सुख पाइन्छ ? जोखना हेरीहेरी चाँजो मिलाएर प्रेमी-प्रेमिका भेट्ने साइत पार्‍यो एकान्तमा छटपटिनै पर्ने । सुत्केरी बेथाले च्यापेर आत्तिएकी श्रीमतीले 'कतिखेर कस्तो सन्तान देखाउलिन्' नपर्खी नहुने । मान्छे कति ठाउँमा रहरले पर्खन्छ त धेरै ठाउँमा बाध्यताले । 'मैले कसैलाई पर्खेको छैन' भन्ने गफ त अरूलाई बुद्धू बनाउने धुनको आफै बेबकुफ बन्ने संस्कार होइन र ?

प्राणप्रिय सन्तानलाई त आमाहरू केही छिन पर्खाउँछन् । हामी दुईको एउटै मुटु छ भन्नेहरूले त झन् 'एकैछिन म आइहालेँ' भनेर ढोके बनाउँछन् । भात खाँदा गला लाग्यो भने 'पर्खनुहोस् है मैले घिउचिनी ल्याउँछु' भन्छन् अनि थप्छन् 'पर्खनुहोस् एकछिन नखानहोस्' पनि । भोक लागेको छ, परिकार अगाडि आइसक्यो, मुखभरि पानी पानी, 'खान सुरू गरौं' भनेर अनुमति माग्दा 'एकैछिन पर्खनुहोस्' आदेश आइहाल्छ विना हिचकिचाहट । अनौठा सन्दर्भ, पर्खने रहर कसैलाई लाग्दैन र पर्खाउने उद्देश्य पनि हुँदैन तर नपर्खी जीवन बाँचेको पाइँदैन । सारै दुःख पाइयो बरू मृत्युवरण गर्न पाए हुन्थ्यो भन्ने मान्छेलाई 'पर्ख एकछिन चुप लागेर बस' कालले आदेश गर्छ । यहाँसम्म सत्य हो पर्खने/पर्खाउने संस्कृति ।

मलाई सम्झना छ, मेरा बा मृत्युसँग पौंठेजोरी खेलिरहनुभएको थियो । परिवारका सदस्य अनि छिमेकीहरू वरिपरि थियौं । बालाई असजिलो भो भन्दै आत्तुरी दान गर्ने, तुलसीजल खुवाउने, श्रीमद्भगवत गीता, श्रीमद्भगवत पुराण पढेर सुनाउने काम गर्रिंदै थियो । बाले अन्न खान छाडेको पनि धेरै दिन भइसकेको थियो । दिसा-पिसाबका लागि हामी सहयोग गर्दै थियौं उहाँलाई । पण्डितहरू प्राण जान किन गारो भयो भन्दै थिए । मध्याह्न्न तीन बजेतिर एक जना दाइले 'बा, नआत्तिनुहोस् है, ऊ हेर्नुहोस् त साइलो पनि आइपुग्यो' भन्न के भ्याउनुभएको थियो ! बाले अलिकति आँखा खोलेर पुलुक्क हेर्न खोजेझैं गरी अन्तिम सास फेरिहाल्नुभो । उपस्थित धेरैले दोहोर्‍याई दोहोर्‍याई भने, 'बूढाले त साइलो छोरो पो पर्खेका रहेछन्' तर भाइ साँच्चै आइपुगेको थिएन, हडतालका कारण बाटामा थियो । छोरो आइपुग्यो भनेर ढाडस दिँदा बाको चारैभाइ छोर ासामु मृत्युवरण गर्ने धोको रहेछ, साइलो आयो भन्दाबित्तिकै बाटो समाइहाले भन्ने लख काटे धेरैले, देखियो पनि त्यस्तै ।

जीवन हो, जरा छरिएका हुन्छन् । भित्रभित्र छरिएका जराले कहाँ-कहाँ छुन्छन् किटानी जाहेरी गर्न त सम्भव छैन, आसा गरेझैं विश्वासयोग्य आधार फेला पार्न पनि सकिँदैन तर जिजीविषामा मान्छे बौरिरहन्छ भन्ने सत्य पत्याउन कर लाग्छ । आज देखे/सुनेर अनुमान गरेका सामलले भोलिलाई पुग्दैन र पुर्‍याउन खोजे पनि भनेजस्तो चुरो फेला पर्दैन । पर्खने आकाङ्क्षा मेटिँदैन । यहीनेर प्रस्टिन्छ कि मान्छेले जन्मसँगै पर्खने संस्कार बोकेर आएको हुन्छ, बाँचुन्जेल पर्खिरहन्छ लाभ-हानि र सुख-दुःखका ढिस्काहरूमा उभिएर । 'अस्तु'

# कोरोनायुद्धले जुरुक्क उचालेको गुर्जो



● प्रा.डा.ऋषिराम शर्मा

विद्रोहमा धनजनको अपार क्षति र आन्दोलनमा जनताको अपूर्व उत्सर्ग बाट नयाँ नयाँ नेता जन्मिए झैँ कोरोना कहरको नर संहारकारी विद्रोहले मानव जातिमा तवाही मच्चाए पनि जडिबुटीका साम्राज्यमा नयाँ नायक जन्मायोः गुर्जो !

हुनत कोरोना कालमा गुर्जो मात्र होइन बेसार, अदुवाजस्ता जडिबुटीहरूको चमत्कारिक र अप्रत्यासित प्रमोसन भयो ! पहिलेदेखि आफुलाई सुकिला मुकिला र सुगन्धित ठान्ने सुकमेल, ल्वाङ् र अलैँचीजस्ता जडिबुटीहरूको एकल सिहासन डग्मगायो ! कोरोनाले गुर्जोलाई जुरूक्कै उचाल्यो र भुइँबाट कुर्सीमा पुर्यायो !

गुर्जो भुइँबाट एक्कासि सर्वोच्च सिंहासनमा पुग्यो ! हिजोसम्मको सबाल्टर्न गुर्जो आज हठात् एलिट बन्यो !ऊ यो अवस्थामा पुगेको देखेर नेपाली वन पाखाका उसका अनन्य मित्रहरू अतिस, अश्वगन्धा, असुरो, गिट्ठा भ्याकुर, घोडताप्रे, चिउरी, चिराइतो, चुत्रो, जटामसी, जिम्बु, जेठीमधु, टिमुर जस्ता जडीबुटी र कन्दमूलहरू चौपट्टै खुसी भए ! अब हामीजस्ता दुखी जडीबुटीका दिन पनि आउने भए भनेर गद्‌गद् भए !

हिजोसम्मका एलिटहरूले गएगुज्रेको ठानेको गुर्जो एक्कासि बौरेर आयो ! कोरोनाका कारण हर घरमा ` एक घर एक गुर्जो' अभियानै सुरू हुन थाल्यो ! सुकिला मुकिलाहरूले वनपाखाको पाखे लहरा भनी हेप्ने गरेको त्यस्तो गुर्जोका पक्षमा पूरै जनलहर उर्लेको देखे पछि त सम्भ्रान्त मरिच रिसले चाउरिन थाल्यो ! कुलीन सुकुमेल कुण्ठाले सुक्न थाल्यो ! रिसले गर्दा लोकप्रिय भनिएको ल्वाङ ल्याडल्याङ गर्दै हल्लिन थाल्यो !

यस्तो लाग्न थाल्यो, जडिबुटी साम्राज्यको व्यासासनमा भूकम्प जाँदो छ ! हालसम्म व्यासासनमाआसीनहरू र अहिलेसम्म जडिबुटीका राज्यमा एकल शासन चलाएकाहरूका दिन क्रमशः ओरालो लाग्दै छन् ! भुइँमान्छे जस्ता भुइँ जडिबुटीहरूका दिनदशा सप्रँदै छन् ।

जङ्गलका पहिचान विहीन असत्त्य जडिबुटीहरूलाई ठूलो आड र भरोस भो ! आफ्नो दुखसुखको साथी गुर्जो सत्तारूढ भो ! उनीहरूलाई विश्वास हुन थाल्यो, अब गुर्जोले पहिचान विहीन जडिबुटीहरूको पहिचान स्थापित गर्ने छ ! र आवाज विहीन कन्दमूलहरूको कल्याणस्वरूप तिनीहरूको दबिएको आवाज सम्बन्धित ठाउँमा पुर्याउने छ !

दलाल पुँजीवादी काजु र किसमिस मात्र होइन सामन्ती सुकमेलको

पनि सातो जान थाल्यो ! किनकि तिनीहरूले चाल पाइसके: गुर्जो, बोजो, हर्रो, बर्रो र अमलाहरू अब भीषण हमलाको तयारीमा छन् ! सहरमा बसेर जङ्गलका जडिबुटीहरूलाई हेला गर्ने त्यस्ता शोषक जडिबुटीहरूका विरूद्ध पाँचऔँले, पिपला, बेल, रिट्ठा, सर्पगन्धा, सतुवा जस्ता अर्गानिक जडिबुटीहरू सातो लिने सुरसारमा छन् !उनीहरू अब उहिल्यैदेखि राज गरेका सुकमेल, अलैँची, मरिच र ल्वाङ्को उच्चवर्गीय किल्ला नभत्काई छाड्ने छैनन् ।

गुर्जो जङ्गलमा हुर्क्यो ! हुर्कँदै जाँदा ऊ एक्लै ठडिन सकेन ! विचरा ऊ लहराको जुनि लिएर जन्मेको थियो ! ऊ आफै उभिन सक्तैनथ्यो ! उसलाई रूखले उभिन सिकायो र रूख र वनस्पतिका हाँगा समातेर अग्लियो ! प्रकृतिले नै उसलाई ताते गर्न सिकायो । रूखको जङ्गलको र वनस्पतिको आड भरोस नपाएको भए गुर्जोको के हालत हुन्थ्यो ?

तर जब आज गुर्जो र बोजो जस्ता जडीबुटीहरूलाई सहरले रेड कार्पेट ओछ्याएर स्वागत गरिरहँदा चाहिँ गुर्जो आफ्ना गुरू बिर्सँदो छ ! आफूलाई आश्रय दिएका कन्दमूल भुल्दो छ ! आफूलाई इम्युनिटीयुक्त अमूल्य रसायन दिएर सम्पन्न तुल्याउने वनजङ्गलका वनस्पतिका गुन बिर्सँदो छ ! र आफ्ना जङ्गली जडिबुटी साथीभाई भुल्न थलिसकेको छ !

उसलाई हरियो जङ्गलको प्राकृतिक गन्ध मन पर्न छाडिसकेको छ ! कङ्क्रिटको जङ्गलको क्रूर गन्ध उसलाई मीठो र स्वादिलो लाग्न थालेको छ ! कङ्क्रिटको सहरमा ठडिएका अलिशान महल, बङ्गलो र हवेलीहरूमा यो पसिसकेको छ ! सुपर मार्केट र सपिङ मलहरूका सुकिला र चम्चमाउँदा सोकेसमा र र्‍याकहरूमा शानसँग बसिरहेछ ! मलाई लाग्छ अब यो फर्केर पुनः जङ्गल कहिल्यै जाने छैन ! किनकि यो कम्पाउन्ड वालभित्रको गार्डेनमा र कौसीखेतीका रूपमा गमलाको मादक नशाले लट्ठिसकेको छ !

मलाई लाग्दै छ, अब यो गुर्जो भूमण्डलीकरणको चक्रव्यूहमा पस्दो छ र नराम्ररी फस्दो छ । यो विदेश जाने छ र उपभोक्ताहरूलाई लोभ्याउँदै र मुलुकको अर्थतन्त्रलाई आफ्नो दास बनाउँदै र नयाँनयाँ ट्याबलेट र क्याप्सुलका रूपमा यो मुलुकमा पुनः भित्रिने छ । हामी हाम्रै अर्गानिक गुर्जोलाई हाम्रा वनपाखामा उम्रेको र सित्तैमा पाइने यस जडीबुटीलाई महँगो मूल्यमा किन्न वाध्य हुने छौँ ।

जब बेसार टर्मरिक क्याप्सुलका रूपमा सुकिलो पोशाकमा आऊने छ ! त्यो बेसार भूमण्डलीकरणको पासपोर्ट हातमा हल्लाउँदै बजारीकरणको महामारी लिएर हाम्रै घर आँगनीमा आउने छ ! अनि हामी त्यसलाई आफ्नो हलेदोबारी बेचेर महँगो मूल्यमा किन्ने छौ र हाम्रो बारीको बेसार पलायन हुन वाध्य हुने छ !

यसै गरी हाम्रा अर्गानिक र अमूल्य जडिबुटीहरू ब्रेनड्रेन हुँदै पलायन हुने अनि भूमण्डलीकरणको चक्रव्यूह, मल्टिनेसनल कम्पनीहरूको जालो र बजारीकरणको पासोमा परेर चम्किला बट्टाहरूभित्र रङ्गीचङ्गी पोशाकमा आएर हामीलाई लोभ्याउने छन् ! हामी हाम्रै घर आएर हाम्रोखेत बेचेर त्यसको जादुका पछाडि लट्ठिँदै मादक पारामा हराउने छौँ । अनि हाम्रो मौलिकता, पहिचान र अस्तित्व समेत खतरामा पर्न बेर लाग्ने छैन !

हुन त यो कोरोना कालमा केही सबाल्टर्न जडीबुटीहरूको अप्रत्याशित र चमत्कारिक प्रमोसन भएपछि पहिलेदेखिका एलिट जडिबुटीहरू मनमनै ईर्ष्याग्रस्त छन् र भित्रभित्रै मुर्मुरिएका पनि हुन् ।

तर अब दलाल पूँजीवादी जडीबुटीहरू डराउन छाडिसके जस्तो छ ! किनकि जडीबुटीको संसारमा तहल्का मच्चाउँछु भनेर सहर पसेको गुर्जो आफू चाहिँ पूरै बदलिसकेको छ ! ऊ केवल आफ्नै आफ्नै र केवल आफ्नै मात्र चिन्तामा डुबेजस्तो छ !

तर जङ्गलका हेपिएका र किनारीकृत गरिएका थुप्रै जडिबुटीहरूलाई आज यति छिटै गुर्जोले चिन्नै छाड्यो भन्ने तिनीहरूको गुनासो छ ! पहिल्यै सहर पसिसकेका र सहर देखेका ओखर, तुलसी, टिमुर, अदुवा र तेजपात ( दालचिनी वा सुनकाउली ) हरू पनि हिजो सहर पसेको गुर्जोको शान, ऐश, धक्कू र फुर्तीफार्ती देखेर लज्जाबोध गरिरहे जस्तो पो लाग्दो छ त !

जसको काख पाएर गुर्जो हुर्क्यो, जजसलाई जेजे दिन्छु र जहाँजहाँ पुर्याउँछु भनेर वाचा बन्धन गर्दै उनीहरूलाई भरोसा दिलायो, आज रातो कार्पेटमा टेक्दै सहर पसेपछि आफ्ना र पराई चिन्नै छाड्यो । त्यति मात्रै कहाँ हो र हिजो जुन दलाल पूँजीवादी काजु, किसमिस र सुकमेलका विरूद्ध हामीहरूलाई लड्न हौस्यायो उही आज उनै दलाल जडिबुटीहरूसँग कुममा कुम जोड्दै र कुम हल्लाउँदै सुपर मार्केट र सपिङ मलका वातानुकूलित र्याकहरूमा मस्ती गर्न पो थालिरहेछ गाँठे !

तर उसले चेतोस्, गुर्जोको यो कृत्रिम र अस्वाभविक चाला देखेर सहरलाई पनि दिक्दार लाग्न थालिसके जस्तो पो छ त ! कोरोना उपचारको सर्वेसर्वा मै हुँ र म बाहेक कोरोनाबाट कसैले मुक्त गर्न सक्तैन भन्दै गुर्जो सहरका गल्लीगल्लीमा गर्जँदै र हल्लीखल्ली गर्दै हिँड्दो छ ! कतिपय उसका कुराको लैलैमा लागेको कुरो सुनिँदै छ !कतिपय रोग निरोधक काममा यो उपयोगी हुन सक्ला र भएकै पनि छ, तर सर्वेसर्वा म नै हूँ भनेर जुन यसले गुड्डी हाँक्दै छ र बिसौ वर्ष पहिलेदेखि भान्सा मा सुस्वादु खाना तयार पार्न र रोग प्रतिरोधी क्षमता बढाउन योगदान गर्दै आएका बेसार र मधुका बिचमा फाटो परी जडिबुटीका क्षेत्रमा भेदको नीति अवलम्बन गर्ने गुर्जोको षडयन्त्र बेसार, अदुवा, तुलसी, टिमुरहरू र तिनका झोलले समयमै चेतून् !

अनि पछि आएर माझमा सुत्ने र छेउछाउकालाई अझै किनारामा धकेल्दै भिरबाट घचेट्ने गुर्जोको गएगुज्रेको नीति समयमै बुझून् ! अनि कोरोना मुक्तिका नाममा जथाभावी गुर्जो सेबन गरेर आफ्नो रक्तचाप न्यून हुँदै गएको कुरो सिङ्गो मुलुकले बुझोस् अनि यसका कुरा पत्याएर जथाभावी सेवन गर्नेहरू र सङ्ग्रह गर्नेहरू समेत समयमै सतर्क होऊन् !

र अन्त्यमा गुर्जोको योगदान नभएको होइन, यसको अन्ध महत्वाकाङ्क्षा ब्रेक लाग्नु मुलुक र जनहितका लागि जरूरी छ ! यसलाई अनावश्यक भाउ दिँदा जटिल समस्या न निम्तियोस् यसलाई आफ्नो हैसियतमा रहन दिऊँ चाहिने जतिमात्र सेवन गरौँ ! अन्यथा असत्त्य जडिबुटीहरूले धोका पाए जस्तै अब कोही र कसैले पनि धोका खान नपरोस् !

# नाथ सम्प्रदायको दार्शनिक सिद्धान्त



• शीतल गिरी

**धर्म र अध्यात्म**

आज हाम्रो समाजमा 'धर्म' शब्द सर्वाधिक विवादास्पद बन्न गएको छ । सामान्यतः धार्मिक र आध्यात्मिक हुनुको अर्थ यस संसारबाट सर्वथा विरक्त भै आफैमा लीन भएर कुनै अर्कै लोकमा निवास गर्ने अर्थमा लिन थालिएको छ । कतिपय मानिसले धर्म-विशेषप्रति निष्ठा राख्ने मानिस अनिवार्यत : अन्य धर्मप्रति अनुदार हुन्छ, यसकारण धर्मबाट अलग हुनु नै उचित हो भनेर बुझ्न थालेका छन् । केही धर्म-प्रवण मानिस बाह्य कर्म-काण्डलाई नै धर्मको मूल तत्त्व मानेर धेरै भन्दा धेरै समय ति वाह्य विधि र अनुष्ठान पूर्ण गर्न लगाउँदछन् जो एउटा उच्चतर मनोभूमि निर्माण गर्ने साधनमात्र हो । 'धर्म' यथाथैत : त्यो आन्तरिक सर्वसामञ्जस्यमयी व्यवस्था हो जसले सम्पूर्ण विश्वलाई धारण गरेको छ ।

'ध्रियते लोको अनेन इति धर्मः ।' यस विविधतापूर्ण संसारमा, यस सम्पूर्ण विराट् प्रकृतिमा कही पनि असामञ्जस्य छैन । सामान्य प्राकृतिक विचलन प्रलयंकर हुने गर्दछ । प्रकृतिको सम्पूर्ण तत्त्व कुनै केन्द्रिय शक्तिको अधीन आ-आफ्नो धर्म पालन गर्दछन् । एउटाको धर्म अर्काको अबरोध बन्दैन । यस विराट विश्वलाई सुचारू र सामंजस्यमय संचालनको जुन अन्तर्नियम छ, त्यही 'ऋत' हो, र त्यही 'धर्म' हो । मानिस यस विश्वको अंग हो । 'ऋत' को बाह्य लक्षण हो– सामञ्जस्य । मानिसले आफ्नो आन्तरिक प्रकृति र बाह्य प्रकृतिमा पूर्ण सामञ्जस्य घटित गर्नको लागि जुन नियमको सृष्टि गरेको छ, त्यो नै 'धर्म' को आधार हो ।

मानिसको मनमा र उसको मनोवृत्तिहरूमा द्वन्द्व छ । इच्छाहरूमा द्वन्द्व छ । इन्द्रियहरूले आफ्नो तृप्तिको लागि अतृप्ति, उद्वेग र क्षेभ उत्पन्न गर्दछ । किनभने सामान्य मनुष्यको अन्तःकरण पूर्ण सामञ्जस्यको स्थितिमा छैन । यस प्रकार बाह्य प्रकृतिको साथ पनि उ प्रायः आफूलाई संघर्षको स्थितिमा पाउँदछ । त्यो कुन साधन हो, जसले मानिसको भीत्र र बाहिर पूर्ण सामञ्जस्य गराएर उसलाई दुःख-सुखको सामान्य विषमता-मूलक अनुभूतिहरूबाट मुक्त गराउँन सक्दछ । उसलाई अनेकौं थरिका शारीरिक-मानसिक द्वन्द्वहरूभन्दा माथि उठाउन सक्दछ ? त्यो साधन हो– धर्म । अखिल व्रह्माण्डव्यापी सामञ्जस्य-विधायक शक्ति-केन्द्र नै 'ब्रह्म' या 'परमात्मा' हो । सर्वे पुगेर

मानिस जब ब्रह्म या परमात्माको अनुभव हुन्छ ।

आध्यात्मिक आनन्दको अनुभूतिको स्तरमा मानिसको आत्मा नै गतिशील हुने गर्छ, उ मन र बुद्धिको स्तरभन्दा माथी उठीसकेको हुन्छ । अन्नमय, प्राणमय, मनोमय र विज्ञानमय कोश तल छुट्ने गर्दछ । आनन्दमय कोशसम्म मानव-चेतनालाई लैजानु नै धर्मको लक्ष्य हो । धर्म आफ्नो पूर्णतामा मानिसलाई आध्यात्मिक बनाउँदछ । ' आत्मा' को सत्ताको अनुभव बुद्धिको भेदात्मक स्तरभन्दा माथी उठेर नै गर्न सकिन्छ । मानव-पिण्डमा ' आत्मा' को सत्ता ठीक त्यसै रूपमा छ, जुन किसीमबाट ब्रह्माण्डमा ' ब्रह्म' या 'परमात्मा' को । धर्म-साधना यस अभेद अवस्थाको अनुभूति गराउँने साधना हो । यस प्रकार धर्म-साधनाको त्यो प्रक्रिया हो जसले मानिसलाई जडताको बन्धनबाट मुक्त गराएर भेद-बुद्धिभन्दामाथि उठाएर पूर्णरूपले आध्यात्मिक बनाइ दिन्छ ।

'अध्यात्म' धर्मको शिखर स्तरको अनुभूति विश्वका सबै महान धर्म-साधकहरूले गरेका छन् । डा. राधाकृष्णन्ले 'सत्य की खोज' भन्ने पुस्तकको पृ. १३४ मा लेखेका छन्– ' जब उपनिषद्ले यस महासत्यको घोषणा गर्‍यो, त्यो तिमी हौ (तत्त्वमसिं), जब बुद्धले उपदेश दिएका छन्, प्रत्येक मानव-व्यक्ति आफु भित्र बुद्ध या बोधि सत्त्व बन्ने शक्ति राख्दछ, जब उहुदी भन्दछ– मानवता नै ईश्वरको दीपक हो, जब ईसा आफ्ना स्रोताहरूसँग भन्दछन्– स्वर्गको राज्य उसै भीत्र छ र जब मुहम्मदले जोड दिन्छन्– ईश्वर हाम्रो घाटकिो धमनी भन्दा पनि नजिक छन्– तब यी सबेको एउटै आशय हुन्छ– जीवनको सबभन्दा महत्त्वपूर्ण बस्तु मानवको बाहिरको कुनै चीजमा नभएर उसको चिन्तन एवं भावनाको गुप्त स्तरमा नै पाउन सकिन्छ ।' महाभारतमा पनि भनिएको छ– जुन धर्म कुनै अर्को धर्मको विरूद्धमा लाग्दछ, त्यो वास्तविक अर्थमा धर्म होइन ।

सम्पूर्ण धर्म अन्ततः त्यस परमात्मा-तत्त्वबाट प्रेरित छ जसले विराट विश्वको सम्पूर्ण गतिहरूलाई नियंत्रण र सामञ्जस्य– विधायक हो । परमात्व-तत्त्वको अनुभूति मनुष्यले आफैमा ती गुणहरू विकसित गर्नु पर्छ, जसले उसको नैतिक बोधलाई जागृत गरेर उसलाई ऐन्द्रिक आसक्तिहरूभन्दा माथी लैजान सकोस् । धर्मशास्त्रहरूमा यी गुणहरूलाई, धर्मको लक्षण मानिएको छ । धैर्य, क्षमाशीलता, आत्म-नियंत्रण, चोरी नगर्नु, पवित्रता, इन्द्रियलाई वशमा राख्नु, बुद्धिमता, विद्यामा अनुराग, सत्यलाई पालन गर्नु, क्रोध नगर्नु– यी दश धर्मका लक्षण हुन् ।

यी धर्मका व्यावहारिक रूप हुन् । मानिसलाई आध्यात्मिकता तर्फ अग्रसर गराउँनु धर्मको प्रथम सोपान हो । यो उसको नैतिक धरातल हो । यसकारण उपर्युक्त गुणहरूलाई आयत्त र चरितार्थ गर्नु अनिवार्य मानिएको थियो । राम नियतात्मा, धैर्यवान, जितेन्द्रिय, बुद्धिमान, नीतिमान, सत्यप्रतिज्ञ, उदार, समदर्शी, क्षमाशील, त्यागी, पवित्रात्मा, ज्ञानी र तत्त्व-वेत्ता थिए । राम-काव्यको सम्पूर्ण परम्परा– वाल्मीकिदेखि लिएर तुलसीम्म– मा रामलाई यी गुणहरूले मंडित भएको देखाइएको छ । मध्यकालका सम्पूर्ण महान साधक, संत र भक्तहरूले यीनै

गुणको चरितार्थमा जोड दिएका छन् । गोरक्षनाथ, नामदेव, ज्ञानेश्वर, तुकाराम, शंकरदेव, कबीर, नानक, दादू, रैदास तथा यस परम्परामा आएका अनेकौं सिद्ध साधकहरूले यसै सामान्य धर्मको शिक्षा दिएका छन् ।

रवीन्द्रनाथ टैगोरले त संत र साधकका् वचनलाई आधार बनाएर ' मानवधर्म' को परिकल्पना गरेका छन् र 'रिलेजन आँफ मैन' नामक एउटा किताब नै लेखे । पौरस्त्य संस्कृतिको एउटा निजी विशेषता भनेको उसले मानिसका सम्पूर्ण क्रिया-कलापहरूलाई धर्ममय बनाइ दिएको छ । कला र साहित्य, विज्ञान र दर्शन, राजनीति र अर्थशास्त्र, पारिवारिक र सामाजिक संगठन र उसका कार्य-व्यापार, परम्परा र कानून, अर्थोत्पादन र वितरण प्रणाली अर्थात् मानिसको सम्पुर्ण कार्य-कलाप सनातनीको दृष्टिमा मानवजातिद्वारा विकसित आध्यात्मिक संस्कृतिको नै विविध आयाम हो र यी सबै आध्यात्मिक जीवनको विश्वजनीन सिद्धान्तद्वारा नियंत्रित एवं अनुशासित छन् ।

यी सम्पूर्ण कार्यकलाप धर्मभावनाले गर्ने गरिन्छ । यसकारण चारवटै पुरूषार्थमा 'धर्म' पहिलोमा छ, 'अर्थ' र 'काम' पछि र अन्ततः यी सबै ' मोक्ष' प्राप्तिमा सहायक या साधक बन्ने गर्दछ । जगत्को सम्पूर्ण भेद-प्रमेदहरूभन्दा माथि उठेर अखिल ब्रह्माण्डको गति नियमन गर्ने परमतत्त्वसँग एकात्म हुनु नै मोक्ष हो ।

कला, साहित्य, दर्शन, अर्थशास्त्र, राजनीति, सामाजिक संगठन तथा यीसँग सम्बन्धितसम्पूर्ण कार्य व्यापार मानिसको ज्ञानशक्तिद्वारा हामी तत्त्व-चिन्तनमा प्रवृत हुन्छौं र दर्शनशास्त्रको रचना गदृछौं । इच्छाशक्तिद्वारा हामी आफ्नो साहित्यिक एवं कलात्मक प्रयोजनहरूको सिद्धि गर्दछौं । क्रियाशक्तिद्वारा हामी वीचार र चिन्तनबाट लब्ध अवधारणाहरू व्यावहारिक स्तरमा मूर्त र आचरित गर्दछौं । जब यी तीनवटा शक्तिहरू अलग अलग क्रियाशील हुन्छन् र यिनीहरूका लक्ष्य अलग अलग हुन्छ तब भेदबुद्धि बढ्नेगर्दछ । समाजमा कार्य र लक्ष्य-भेदले अनेक स्तर र श्रेणीहरूको जन्म हुन्छ । घोर नैतिक असंतुलन सम्पूर्ण मानव-समाजलाई अनुशासनहीन बनाइदिन्छ ।

आसुरी शक्तिहरू प्रबल भै हाल्दछ । यस्तो स्थितिमा विश्वनियन्ता परमतत्त्व अवतरित हुने गर्दछ । यस्तो अवतरण धर्म-ज्योतिलाई पुनः प्रज्जवलित गर्नको लागि हुन्छ, 'इच्छा', 'ज्ञान' र 'क्रिया' यी तीन शक्तिहरूमा सामञ्जस्यको विधान गर्नको लागि हुन्छ । पौरस्त्य मनीषीले 'मोक्ष' लाई नै अंतिम पुरूषार्थ मानेका छन् । हामी तत्त्व-चिन्तन गर्दछौं— मोक्षको लागि, हामी साहित्य सृजना गर्दछौं— मोक्षको लागि, हामी योग र भक्तिको साधना गर्दछौं— मोक्षको लागि, अर्थशास्त्र, राजनीति, समाजशास्त्र तथा यस किसिमका अन्य अनेकौं अनुसन्धान 'अभ्युदय' भएर ' निःश्रेयस' तर्फ अग्रसर हुने मार्ग प्रशस्त गर्दछौं ।

यही मानव-जीवनको अध्यात्मीकरणको प्रक्रियालाई हामी वर्ण-व्यवस्था र आश्रम-धर्मको विधानमा राम्ररी लक्षित गर्न सक्दछौं । वर्ण-व्यवस्था गुण र कर्म अनुसार गरिएको

छ । आफ्नो कर्म पालन गर्नु प्रत्येक वर्णको धर्म हो । यसकारण स्वार्थवश झगडा हुने संभावना छैन । जब एउटाको कर्मलाई अर्कोले हीन ठान्न थाल्यो तब वर्णमा ठुलो-सानोको भावना उत्पन्न भयो । कुनै पनि समाजमा यो संभव छदैछैन कि सबै मानिसले एउटै किसिमको काम गरोस् । कार्य-विभाजन बौद्धिक स्तर र मनःप्रवृत्ति अनुसार गर्नु नै उचित हुनेछ । एउटा कुरोमा भने सतर्कता अपनाउनै पर्छ त्यो के भने– जुन सुकै स्थितिमा कार्य-विशेषको आधारमा ठुलो-सानोको भावना यस सीमासम्म नबढोस् कि सम्पूर्ण समाज भेदभावबाट आक्रान्त भैजाओस् । यसमा शंका छैन पौरस्त्य मनीषी यस बिन्दुमा सतर्क थिए । कालान्तरमा अनेक थरिका आचार-विचार, संस्कार र धार्मिक विश्वासले युक्त अनेकौं जातीहरूको समागमको कारण वर्ण-व्यवस्था विकृत हुन थाल्यो । भेद-भाव बढ्यो । आजको आवश्यकता भनेको हामी प्रत्येकले आफ्नो सांस्कृतिक परम्परालाई पुनर्मूल्याङ्कन गर्नु हो । यस्तो हामीले समय समयमा गरिरहनु पर्छ ।

'गीता' मा भगवान कृष्णले अनासक्त भावले कर्म गर्ने भावनामा जोड दिएका छन् । शंकराचार्यले 'संन्यास' मा जोड दिए र अभेदमूलक ज्ञान साधनाको महत्त्व प्रतिपादित गरे । मध्यकालीन संत र भक्तहरूले आचरणको पवित्रता, मानवीय एकता र ईश्वरप्रति पूर्ण समर्पणमा बल दिए । योगेश्वर गोरक्षनाथले उच्चतर नैतिक मूल्य अनी आचरण र समरसत्वलाई लक्ष्य-सिद्धि साथै धर्मसाधनाको मूलाधार माने । प्रत्येकमा सामान्य मतभेद अवश्य पाइन्छ तर धर्मको विषेध कतै छैन । शिव भूमी नेपाली चिन्तन मंथनले धर्म-प्रेरित सांस्कृतिक राष्ट्रीय चेतना र विश्वमानवतावादलाई पहिल्याएको छ । आस्थाको कुनै केन्द्र त हुनै पर्छ जसले हाम्रो प्रवृत्तिहरू नियमनगरेर हामीलाई घोर स्वार्थ-भावबाट माथी उठाएर परहितमा लगाउँन सकोस् । हामी आस्थाको यसै केन्द्रलाई धर्म भन्दछौं ।

**दार्शनिक सिद्धान्त**

नाथ सम्प्रदायका योगी 'पिण्ड' र 'व्रह्माण्ड' लाई नै वैयक्तिक मूर्त रूप मान्दछन् । तिनीहरू 'व्रह्माण्ड' र 'पिण्ड' लाई एक अर्काको रूप मान्दछन् । नाथ सम्प्रदायको धारणामा व्यक्तिले पिण्डको रहस्यपूर्ण ज्ञान एवं त्यसमा पूर्ण आधिपत्यद्वारा सम्पूर्ण विश्वको ज्ञान प्राप्त गर्न सकिन्छ । योगसिद्धान्त अनुसार विश्व शक्तितत्त्वको भेदात्मक आत्मअभिव्यक्ति हो ।

शक्तितत्त्वले शिवको परम-श्रेष्ठ आत्मप्रकाश रूपलाई आफ्नो भेदात्मक रूपले आत्छादित पार्दछ । यहि शक्तितत्त्व प्रत्येक प्राणीको जीवनमा क्रियाशील छ र यही शिव सबैको वास्तविक आत्मतत्त्व हो ।नाथ सम्प्रदायको दार्शनिक प्रणाली अनुसार परमतत्त्वको वास्तविक स्वरूप शिवको शाश्वत मिलनद्वारा प्रकट गर्ने गरिन्छ अथवा शक्तिलाई शिवको असीम वक्षस्थलमा शाश्वत रूपले नृत्य गर्दैगरेको मानेर परमतत्वको वास्तविक स्वरूपको कल्पना गर्ने गरिन्छ । शिव, शुद्ध, भेदरहित, अज्ञेय चेतनतत्त्व हो जबकि शक्ति आफूलाई विविध गोचर चेतन तत्त्व-अनेक बौद्धिक, भावात्मक एवं संकल्पात्मक प्रवृत्तिहरू– को रूपमा व्यक्त गर्दछ । शिव परम कल्याणकारी

हो । शिव पूर्ण मौन छ जब कि शक्ति आफूलाई क्रियाशलिता, उद्वेगशलिता तथा आत्मोच्चारमा अभिव्यक्त गर्दछ ।सामान्य तर्क एवं कल्पनाको दृष्टिले दुबैको मान्यतामा एक अर्काको विरोधी हुन् यद्यपि हामी शक्तिको सीमामा रहनेगर्दछौं । प्रत्येक व्यक्तिको अनुभवमा शिव हाम्रो दृष्टिभन्दा टाढा छन्, उनी अस्त व्यस्त ढंगले विभीन्न रूपमा विभाजीत संसारका असंख्य प्राणिहरूमा एक हुन् ।

शिव आफैमा सतत् परिवर्तित हुदै आफ्नो चारैतिर परिवर्तन लक्ष्य गराउँदछन् । उ परस्पर संघर्ष एवं द्वन्द्व उत्पन्न गराउँने विरोधी स्वार्थ, आत्मरक्षा एवं आत्मविश्वासको लागि हुने संघर्ष तथा शक्तिमानको सुरक्षा एवं दुर्बलको विनाश हेर्दछ । उ यो विशाल संसारको अनुभव गर्दछ, यस्तो संसार जो समय र स्थानको सीमाभन्दा पर भउको लाग्दछ, जो विविध प्रकारको तत्त्व एवं शक्तिहरूले भरीएको छ र जसले उसलाई अनेक रूपमा प्रभावित गर्दछ । यी सबैको बचिमा रहेका प्रत्येक व्यक्ति आफुलाई सीमित एवं बाँधिएको अनुभव गर्दछ, दुःख र आपत-विपत झेल्दछ र मुक्तिको लागि मन मनै कामना गरिरहन्छ ।

यसै सीमित एवं परिवर्तनशील अस्तित्वको दुःखात्मक स्थितिबाट छुटकारा पाउनको लागि उ पूर्ण शान्ति एवं एकता, अपरिवर्तनशील र अभेदात्मकता तथा शुद्ध कर्तृत्वरहितता एवं आनन्दमयत्व सर्वनिरपेक्ष चेतनाको स्थिति प्राप्त गर्न चाहनछ । जब कुनै पनि व्यक्ति शान्तिलाभ गर्ने आदर्श आफ्नो परिवार एवं सामाजिक अधिकार एवं दायित्वप्रति उदासीन हुनपुग्छ, त्याग र तपस्याको जीवन स्वीकार गर्दछ र सर्वनिरपेक्ष चेतनाको स्थितितर्फ लैजाने आध्यात्मिक साधनाको नियमित अभ्यासमा लाग्नेगर्दछ। जब उ एकाग्रता र ध्यानको अभ्यासद्वारा समाधिको स्थितिमा पुग्दछ तब आफ्नो चेतन आत्मामा अद्वैतता, अपरिवर्तनशीतला, अभेदात्मकता र शक्तिको अनुभूति गराउँदछ । जब वैयक्तिक चेतनाले शिवत्वको अनुभूति गर्दछ, तब ' शक्ति तत्त्व' एक पृथम सत्ता जस्तै आफ्ना क्रियाहरू र अभिव्यक्तिहरूका साथ त्यसैगरी तिरोहित बन्ने गर्छ जसरी सत्यको अनुभूति हुँदा भ्रम तिरोहित हुनेगर्छ ।

केही धर्म प्रधान दार्शनिक मत समाधिको अवस्थामा चेतन आत्मालाई अद्वैतात्मक, अभेदात्मक, अविकृत स्थितिलाई जबकि उ बनधन, सीमा एवं दुःखहरूबाट पूर्ण मुक्त रहन्छ, धेरै महत्पूर्ण मान्दै यसलाई नै सत्यानुभूतिको निश्चित मानदण्ड मान्दछन् र यसै अपरिवर्तनशील, अभेदात्मक र अद्वैतात्मक चेतना या 'शिव' लाई पूर्ण सत्य मान्दछन् । गोरखानाथ सम्प्रदायका सिद्ध योगी शक्ति तत्त्वलाई पूर्णतः भ्रमात्मक या अज्ञानजनित मान्दैन, उसको आध्यात्मिक साधनाको अन्तिम लक्ष्य पनि शक्ति तत्त्वबाट छुटकारा मात्र मान्दैन बरू उनीहरू शिवतत्त्वको साथ अभेद स्थापना गरेर त्यसमा एकाधिपत्य गर्न चाहन्छ । तिनीहरू बलपूर्वक भन्दछन्, शिव र शक्ति, एकता र अनेकता, अपरिवर्तनशीलता र परिवर्तनशीलता, कर्तृत्व र निश्चलता तथा शुद्ध चेतनात्मक स्थिति र गतिशलिता चेतनामा लक्षित हुने जति

विरोध उथार्थमा सत्य होइन । 'शक्ति' नित्य रूप शिवको वक्षस्थलमा स्थित भएर आफ्नो कार्य गर्दछ । 'शिव' सँग पृथक र स्वतन्त्र उसको कुनै सत्ता छैन ।

'शिव' को अभावमा 'शक्ति' को सत्ता रहदैन र 'शक्ति' को अभावमा 'शिव' को अभिव्यक्ति असम्भव छ । शिवको असीम गौरव शक्ति रूपमा प्रकट हुनेगर्छ, तर हामीमा चेतनाको तल्लो स्तरमा शक्ति तत्त्वको नै प्रधानता रहन्छ जसले शिवको वास्तविक रूपलाई आच्छन्न गरिरहन्छ । यो जगत असत्य होइन, वरू हामीहरूको यो स्थितिको धारणा नै मित्थ्या हो किनभने यो स्थितिमा हामी शिव र उसको शक्ति दुवैको अनुभूति गर्न सक्दैनौं । जब योग दृष्टि प्राप्त हुने गर्दछ– तब शिवको पूर्ण आत्म-प्रकाश एवं शक्तिको क्रियात्मक अभिव्यक्तिमा कुनै किसिमको असंगति प्रतीत हुदैन । शिव र शक्ति एउटै आत्मप्रकाशित, अद्वैतात्मक परमतत्त्वको निश्चय एवं गतिशील रूप अनुभूत हुन्छ र यसप्रकार एक अर्काको नजिकमात्र होइन वरू एक अर्कोसँग अभिन्न बन्छन् ।

यो अनुभूति हो, एकत्व नानात्वको मूलाधार हो र नानात्व एकत्वको नै आत्म अभिव्यक्ति हो । जबसम्म शिव आफ्नो वास्तविक सर्वनिरपेक्ष रूपलाई कुनै व्यक्तिको चेतन आत्मा समक्ष प्रत्यक्ष गर्दैन, तबसम्म उनको शक्तिले नै उनलाई लुकाएर राख्दछ, पृष्ठभूमिमा राख्दछ र उनलाई विरोधात्मक तत्त्वको रूपमा प्रकट गर्दछ र यस व्यक्तिको चेतनालाई शक्तिद्वारा प्रकट शिवलाई नानात्वमय रूप पृथक तत्त्व प्रतीत हुन्छ । यद्यपि उ व्यक्ति स्वयं पनि यिनै नाना रूपहरूमध्ये एक हो ।

शक्ति तत्त्व आफ्नो सम्पूर्ण अभिव्यक्तिहरूका साथ आफ्नो आत्मा, आफ्नो आधार, आफ्नो प्रभु परमतत्त्व शिवको आत्मप्रकाशबाट प्रकाशित र उनको एकताबाट एकरूपित अनुभुति हुन्छ । सत्यको निश्चल र गतिशील रूप एकातिर पूर्ण प्रतीत हुन्छ । द्वैतवाद, अद्वैतवाद या अन्य कुनै वाद भन्दा माथि 'परम तत्त्व' छ र यो कुनै पनि स्कूलको विद्वानको दार्शनिक पद्धतिद्वारा न त संझाउन सकिन्छ न व्यक्त गर्न सकिन्छ ।

सामान्य तर्क-पद्धतिबाट आध्यात्मिक साधनाको उच्चतम भूमिको निरूपण पनि हुन सक्दैन । यस सिद्धान्तलाई वेदान्तिक सिद्धान्तको एक रूप भन्न सक्दछौं जस अनुसार एउटा सर्वनिरपेक्ष आत्म चेतन तत्त्व व्रह्मको सत्ता वास्तविक हो र यही व्रह्म विश्वको निमित्त र उपादान कारण हो, जस अनुसार व्यक्तिगत आत्माहरू विश्वात्मासँग अभिन्न छ, जसमा व्रह्मको क्रियात्मक शक्ति ब्रह्मभन्दा अलग छैन । यो हुँदा पनि आफ्नो सिद्धान्तको प्रतिपादनमा योगिहरूका दृष्टि अनेक कुरामा शंकरको अद्वैत, रामानुजको विशिष्टाद्वैत र मग्धको द्वैताद्वैत भन्दा फरक छ ।

**पिण्ड र व्रह्माण्ड**

प्रलय कालमा शैव सिद्धान्तका छत्तीस तत्त्वलाई निःशेषभावले आत्मसात गरेर शक्ति परम शिवमा तत्त्वरूपा भएर अवस्थान गर्दछ । यसैकारण 'वामकेश्वरतंत्र' मा भगवती शक्तिलाई 'कवलीकृतनिशेषतत्त्वग्रामस्वपिणी' भनिएको छ । यस अवस्थामा शिव कुल

र अकुलको भेदभन्दा टाढा भैहाल्छन् । र अव्यक्तावस्थामा विराजमान रहनेहुँदा यसकारण शास्त्रकार गण 'स्वयं' भनेर स्मरण गर्दछन् । परम शिवको इच्छा (= सिसृक्षा= सृष्टि गर्ने इच्छा) नै शक्ति हो । अब यस अवस्थामा परम शिवबाट एकैसाथ दुई तत्त्व उत्पन्न हुन्छ– शिव र शक्ति । यथार्थमा यी दुवैमा कुनै भेद छैन ।

'निजा' अवस्थामा शिव पनि क्रमशः परम, शुन्य, निरंजन र परमात्माको नामले नै छ पिण्ड– १. पर या आद्य, २. साकार, ३. महासाकार, ४. प्राकृत, ५. अवलोकन, ६. गर्भमा रहन्छन् । यी पिण्डहरूमा पर पिण्ड त शिव र शक्तिको संयोगले उत्पन्न हुन्छ । परवर्ती तीन तत्त्वहरूले आद्य पिण्ड र माया अनि पंच कुंचुकबाट आच्छादित अहन्ता-प्रधान पुरूष र इदन्ताप्रधान प्रकृतिसम्म साकार तत्त्व हो । महतत्त्वबाट पंचतन्मात्रसम्म प्राकृत पिण्ड र एकादश इन्द्रियहरूको अवलोकन पिण्ड हो । अनि गर्भोत्पन्न यो पंच भूततत्मक स्थूल शरीर गर्भपिण्ड हो । यसप्रकार ३६ तत्त्वहरूको स्फुरण यस पिण्डोत्पत्तिको सामंजस्य गरिएको छ ।

संसारमा जे जती पनि पिण्ड छन् ती गथार्थतः त्यसै प्रक्रियाबाट बनेको हो जसरी यो सम्पूर्ण व्रह्माण्ड बनेको छ । सबैमा त्यहि तत्त्व जस्ताको तस्तै छ । विकासका विभिन्न अवस्थालाई असत्य ठान्नु हुँदैन । ति सबै सत्य हुन् । फरक यतीमात्र हो– सत्त्व, रज, तम । काल र जीवको आधिक्य र न्यूनत्व वशको कही अविकसित छ, कहि अर्ध विकसित छ, कही पूर्ण विकसित छ । यसकारण गोरक्षमतमा प्रथम सिद्धान्त हो– 'जे जति पनि ब्रह्माण्डमा छ त्यो सबै पिण्डमा छ– ब्रह्माण्डवर्ति यत् किञ्चित, तत् पिण्डेऽप्यरित सर्वथा । गोरक्षनाथको योग मार्ग साधनापरक मार्ग हो,यसकारण व्यावहारिक कुरोको विस्तार मात्र त्यसमा दिइएको छ ।

मनुष्य शरिरलाई नै प्रधान पिण्ड मानेर यसको व्याख्या गरिएको छ । भनिएको छ– पाताल कहाँ छ, स्वर्ग कहाँ छ । साधना मार्गको तीर्थस्थान कहाँ छ, गंधर्व यक्ष, उरग, किन्नर, भूत, पिशाच आदिको स्थान कहाँ छ । स्पष्ट छ, मानव शरीरमा सबभन्दा प्रधान कार्यकारिणी शक्ति कुण्डली हो । यो विश्व-व्रह्माण्डमा प्रव्याप्त महाकुण्डलिनीको नै पिण्डगत स्वरूप हो । नाथ मार्ग अद्वैतवादी हो तर शंकर वेदान्तसँग आफूलाई पेथक देखाउनको लागि यिनीहरू आफूलाई 'द्वेताद्वैत विलक्षण' वादी भन्दछन् ।

नाथ तत्त्व द्वैत र अद्वैत दुबैभन्दा पर छ । यो अखण्ड ज्ञानरूपी निरंजन हो– शून्य । यो निष्क्रिय र क्रिया व्रह्म दुबैभन्दा अतीत अवाच्य पद हो । यसकारण यसको आद्य संज्ञा हुन सक्दैन । जगत्को प्रपञ्च शक्ति स्फेट पछि शुरू हुन्छ यसकारण शक्ति नै वास्तवमा जगत्कर्मी हो शिव होइन । शिव ज्ञेय मात्र हो । क्षिति आदि कार्यको कुनै न कुनै कारण हुनु पर्दछ, कारण नभएर उत्पन्न हुन सक्दैन । यस अनुपपत्तिलाई पन्छाउनको लागि नै शिव र शक्तिको कल्पना हो ।

चित्स्वरूप व्रह्मको धर्म पनि चित्स्वरूप नै हुनु उचित हो । वेदान्तीले यस्तो नमानेर भूल गरेका छन् । तिनीहरूका मान्यतामा चिद्रुप व्रह्मको शक्ति माया जगतको उपादान हो यसकारण यो सम्पर्ण जगत जड

हो । शाक्त आगमको यो कुरा स्वीकार गरिदैन । व्रह्म धर्मी हो, शक्ति उसको धर्म हो । तर पनि व्यवहारमा धर्म र धर्मीमा अलीकती भेद मान्नु नै पर्छ । शिव (परमशिव) रूपातीत, गुणातीत शून्य रूप निरालंब स्वभाव हो यसकारण यसको स्वरूप निर्धारण अशक्य हो । उपासनाको लागि यो 'परंशिव' उपयुक्त होइन । शक्ति उपासनाद्वारा परमशिवको साथ शक्तिको अभेद ज्ञान नै साधकको परम लक्ष्य हो । कर्तृत्व र निर्वाहकत्व दुवै नै चित्तमा अवस्थित छ अतः चित्स्वरूप शिवभन्दा फरक शक्तिलाई स्वीकार गर्नु निष्प्रयोजन हो भन्नु उचित हुने छैन । अनपढदेखि लिएर सुपंडित व्राह्मणसम्म सबै भन्दछन्– यो कार्य गर्ने 'शक्ति' म मा छ अथवा छैन ।

यसप्रकार शक्तिको कल्पना, कल्पना मात्रै होइन– यो तथ्य हो । यश शक्तिको उपासनाको लागि टाढा जानु पर्ने आवश्यकता पर्दैन । प्रत्येक पिण्डमा, प्रत्येक अणु-परमाणुमा यो शक्ति विद्यमान छ । व्राह्माण्डको रग रगमा प्रख्यात यो शक्ति मानव शरिरमा कुण्डलिनी रूपमा स्थित छ । नाथमार्गी साधक यस शक्तिको उपासनाको प्रधान साधन पिण्ड अर्थात् कायालाई नै मानेका छन् । शक्ति संचालनको लक्ष्य हो शिव र शक्तिको सामरस्य रूप सहज समाधि । समस्त प्राणिहरूमा सर्वाधिक सध्वगुणी मनुष्य हो । मनुष्य शरीर योग सिद्धिको उत्तम साधन भएर मात्रै पनि योगसिद्धि हुँदैन । यसलाई बुझ्नु पर्दछ । आश्चर्य लाग्दछ संसारका मानिसको मूर्खतामा ।

कोही शुभाशुभ कार्यको अनुष्ठानबाट मोक्ष चाहन्छन्, कोही वेदपाठबाट, कोही (बुद्धिष्ठ) निरालंवनलाई बहु मान्दछन्, कोही ध्यान-कला-करण-संवद्ध प्रयोगबाट उत्पन्न रूप-बिंदु-नाद-चैतन्य-पिण्ड-आकाशलाई मोक्ष भन्दछन्, कोही पूजा पूजक मद्य-मांस, सुरतादिबाट उत्पन्न आनन्दलाई मोक्ष भन्दछन्, कोही मूलकंदबाट उल्लसित कुण्डलिनीको संचारलाई नै मोक्ष भन्दछन्, र कोही समदृष्टि निपातलाई नै मोक्ष भन्दछन् । तर यी सबै यथार्थमा मोक्ष होइनन् । सहजसमाधिको अवस्था नै यथार्थमा मोक्ष हो भने यो सहजसमाधि के हो ? यस कुरोलाई बुझ्नको लागि पहिले पातंजल-विहित योगमार्ग बुझ्न आवश्यक छ । नाथमार्गको प्राचीन ग्रंथहरूमा कुण्डलिनीको कुनै चर्चा पाइदैन । नै प्रश्न छ न उत्तर नै । कतिपय ग्रन्थकारहरूमा हठयोगलाई कुण्डलीयोगभन्दा पृथक भनिएको छ । यसबाट थाहा हुन्छ गोरक्षनाथ कुण्डलिनीवादको विरोधी थिए । तर अमरौध शासनमा प्राणायामको परिणाम कुण्डलिनीको उद्बोधन भनिएको छ ।

**सन्दर्भ सामग्री**


*तिवारी, रामचन्द्र डा. (२०५३) योग के आयाम, वाराणसी : विश्वविद्यालय प्रकाशन ।*

*द्विवेदी, हजारीप्रसाद (सन् १९५०) नाथ-संप्रदाय, इलाहावाद : हिन्दुस्तानी एकेडेमी, उत्तर प्रदेश ।*

*बनर्जी, अक्षयकुमार (सन् १९६८ द्वितीय) नाथ योग, गोरखपुर : द्विग्विजयनाथ-ट्रस्ट, गोरखनाथ मन्दिर ।*

*ज्ञवाली, अर्जुन (२०७६) महायोगी गुरू गोरखनाथ अवतरण र नेपाल एकीकरण, काठमाडौं : ब्रदर बुक्स प्रकाशन प्रा.लि. ।*

# पार्वती



● अमरकुमार प्रधान

शब्दाङ्कुरका सम्पादकले मुम्बईमा बसेपछि नेपाली साहित्यकार खोजी लेख्न लगाई पठाउनु होला भनी बारम्बार ताकेता गरिरहेका छन् ।

मुम्बईमा घुम्दा नेपाली त के हिन्दी साहित्य र हिन्दी दैनिक समेत पाइँदैन । खोजे पाइएला भनी उत्कण्ठा राखी फेसबुकमा लागिरहेको छु ।

धीरकुमारले दिनमान तामाङ्को नाम पठाउनु भयो तर फेसबुकमा यो नाम नखुली केबल घुमिरहयो । अन्तत : छोरा बुहारीलाई सोधैँ । उनीहरूका छिमेकी र मित्रहरू प्रवासी नेपाली दार्जिलिङका थिए । जोसँग हामीहरू सञ्जय गान्धी वन्य जन्तु आरक्षण घुम्न गएका थियौँ ।

उहाँहरू दार्जिलिङका स्वनाम धन्य मूर्धण्य साहित्यकार पारसमणि प्रधानका वंशज हुनुहुँदो रहेछ । दार्जिलिङका सूर्यविक्रम ज्ञवाली जो पछि नेपाल आई नेपाल प्रज्ञाप्रतिष्ठानको कुलपति, धरणीधर कोइराला (त्रिभुवन आदर्श विद्यालय, फर्पिङका संस्थापक) पारसमणि प्रधान, ललितपुरका (प्रधान) जसको जीवन दार्जेलिङमा नेपाली भाषा र साहित्यको सेवामा समर्पित हुनु भयो । प्रधानले त मदन पुरस्कार पनि पाउनु भयो ।

अँ त फेरि जोडुँ मुम्बईमा नेपाली त के हिन्दी पुस्तक पत्रपत्रिका पनि पाइँदैन । हामी बसेको ९ वटा टावर (लोधा हाउस कफे परेड) को साझा एउटा पुस्तकालयमा एउटा गीत सङ्ग्रह, एउटा भजन सङ्ग्रह दुई महाराष्ट्र प्रान्तमा परेकोले मराठी भाषाका पुस्तक छन् । बाँकी सबै अंग्रेजी पुस्तकहरू मात्र छन् ।

मैले छोरालाइ सोधैँ, अरू नेपालीहरू छैनन्ख? हुन त जुहु विच सँगैको रेष्टुँरामा कोभिडको महामारी १,२ पछि प्रकोप खुले पछि घुमफिरमा ५ जना नेपालीको रेष्टुराँ भेटे पनि तिनीहरू कहाँबाट आएका थिए त्यति सोध खोज गरिएन । हाम्रोमा काम गर्ने धनगढीकी सुसारे कोभिड आक्रन्त भए पछि बाध्य भएर विदा गर्‍यौँ ।

अहिलेको धनगढीकै साम्राागी राज्यलक्ष्मी धेरै नेपाली टिकटक हेर्ने भएकोले नेपाली अभिनेत्री साम्राागी राज्यलक्ष्मी राखेकी हुनुपर्छ ।

छोराले गम्भीर भएर भन्यो रेड लाइट एरिया जान सक्नुहुन्छ । त्यहाँ नेपाली युवतीहरू प्रशस्त छन् । मैले मोबाइलमा सर्च गरेँ । त्यहाँ थुप्रैं नाम आए । एउटा नाम आयो जसमा म अड्कैं । पार्वती जोशी मलाई विश्वास भएन पार्वती कसरी मुम्बईको रेड

लाइट एरियामा छिन् ।

सिन्धुपाल्चोक, नुवाकोट, रामेछाप आदि ठाउँमा खर परालको छानाको साटो कर्कट पाताका छाना राखिएमा स्पष्ट सङ्केट हुन्थ्यो । त्यो घरकी छोरी मुम्बई कलकत्ता पुगेकी छे । मैले फेसबुकमा खोजी गरेँ । पार्वती जोशी सर्च गुगल चक्र घुमिरहयो । अन्तत :पार्वती फेला पऱ्यो पार्वती प्रधान श्रेष्ठ, जोशी मैले जोशीलाई समातेँ । ठेगाना पत्ता लाग्यो र म चुपचाप रेडलाइट दिउँसै गएँ । राती जाने मेरो हिम्मत भएन । रामेछापमा हाम्रो घर नजीक थियो । म फुपुको भदा थिएँ । पार्वती छिमेकी हस्तबहादुरको छोरी थिई ।

फुपु कृष्णा भन्नु हुन्थ्यो तिमीहरूको जोडी मिल्छ । हुन पनि मेरो नाम शिव थियो । तिन्को नाम पार्वती तर अचम्म पार्वतीको बिहे डबलकाजीसँग भयो । कक्षामा हामीहरू सहपाठी थियौँ । ऊ उमेरले सानो भए पनि बालबिहे भयो । आमाले बताउनु भयो । उनीहरूलाई बुहारी होइन ज्यामी चाहिएको छ ।

जंगलबाट घाँसपात पतकर बोक्न, धाराबाट पानी ल्याउन बुहारी होइन नोकर्नी चाहिएको हो । तामाकोशीमा पानी धेरै बगेर पार्वतीका बाबु आमा बितिसकेका रहेछन् । तीनमा उनका बुबाले सिकाएको विलक्षण सीप थियो । तिनी दाँतमा कीरा लागेकोमा सानो धर्साले किटाणुहरू झार्दथिन् र विरामी निको हुन्थ्यो । मेरो दाँत किराले खाँदा तिन्कामा गई उपचार गराएको थिएँ ।

अन्तत : मुम्बई रेडलाइटमा पार्वती मेरै अगाडि थिई। तिनको शास्वत सौन्दर्य अलि वृद्धावस्थातिर घर्कदै थियो । मलाई देखेर तिनी हतप्रम भइन् र म तिनलाई ।

हामीहरू चुपचाप उभिई रह्यौँ । आधा घण्टा पछि तिनले सोधिन्, कसरी ? मैले भनेँ मलाई नेपाली साहित्य लेख्ने चाहिने उनले भनिन् म साहित्य लेख्न जान्दिनँ तर रामेछापबाट मुम्बईको नरकमा कसरी पुगेँ त्यो एक एक गरी लेखेको छु । पख, अनि भित्र पसी एउटा कापी दिइन् । यो पढेर तिमीले नेपाली साहित्यको लेखक मलाई ठहऱ्याउँछौ भन्नेमा आपत्ति छैन ।

मलाई उकुसमुकुस भयो । रेड लाइट एरियामा भेटिएकी पार्वती कस्तो थिई ? मेरो भाव बुझेर तिनले भनिन् म अहिले वेश्यावृती गर्दिनँ तर गर्नेहरूको मालिकनी भएकी छु ।

मेरो बुबा मुमाले धनी घरमा नोकर्नी बनाई बुहारी बन्न पठाउनु भयो । शुरूमा सब सहेँ । तर बिस्तारैँ उमेर बढेर आमा बनेपछि पनि बुहार्तन खप्न नसकेको हुँदा विद्रोह गरेँ । तर जाने ठाउँ कहाँ थियो र ? माइतमा एकजना विश्वासी साथी भेटाएँ । उसले भारतको मुम्बई ल्याई । यहाँको झिलिमिलीले भुलायो ।

एक दिन मलाई खाने कुरामा बेहोशीको औषधी मिसाई रेडलाइटमा छोडेछ । होस आउँदा म मँ थिइँन । शिवकी पार्वती थिइँन । इन्द्रको दरवारमा नाच्नु पर्ने नर्तकी भएँ । मेरो सौन्दर्यले अभिभूत भएर कोठी मालिकनीले मलाई इच्छा विरूद्ध जबरजस्ती गराइनन् । आफ्नै स्वेच्छाले चाहिँ म यौन कर्मी थिएँ ।

शिव, तिमी आयौँ ! म अहिले यहाँको कोठी मालिकनी भएकी छु । मेरा आमा बा नेपालको गाउँमा कसरी बसेका छन् ? घरको लोग्नेको हालत के छ ? यी सबको खोजी नीति र मेरो सम्झना कल्पना यो कापीमा छ ।

*– दोलखा (हाल मुम्बई)*

# दुई लघुकथा



• डा. विदुर चालिसे

**क. नैतिक प्रश्न**

ओठमा मुस्कान गालामा लाली र मुहारमा चमक लिएर कसैले कसैलाई फकायो ।

"रूँदारूँदै हाँसिदिन्छु, हाँस्दाहाँस्दै रोइदिन्छु !"

"म पनि हाँस्दाहाँस्दै रोइदिन्छु । प्रेममा फुरूङ्ङ परेकी लैलाले भनी । उसको मनमा अर्को पनि निर्णय थियो । अलिकति मनको कुनामा रहेको कुरा फुस्काएर भनी ।

"अन्मिने बेलामा म त छमछम नाचिदिन्छु !"

"नाच्नलाई के चाहिन्छ त ?"

"व्याण्ड बाजा !"

व्याण्ड बाजाको रूपमा सवारीको साइरन बजिरहेको थियो ।

सहरभरि व्याण्ड बाजाको तालमा नाचिरहेका सरकारका भक्त जासुसहरूले रिपोर्ट दिए । उनीहरूले घटनाको जिब्रो समातेर भने ।

"प्रेम त जल्यो रे !"

"को प्रेम !"

"दुखी प्रेम !"

बज्दा बज्दैको व्याण्ड बाजा रोकियो । सवारीको साइरनतर्फ फर्केर सुरक्षक हत्त न पत्त सलाम ठोक्न थाल्यो । बेखबरको प्रेम जल्दाजल्दै आगोको ज्वालासँगै पुर्लुक्क ढल्यो । परिवेश धमिलो थियो ।

"अन्यायीहरूको !"

अन्यायको वेदनाले छटपटिएर जल्नु परेपछि कसले कसलाई माया गर्ने भन्ने प्रश्न अब उठ्न थाल्यो । एकछिनमा जलिरहेको प्रेमको सालिकको छेउमा उभिएर कसैले सलामी दियो ।

"सहिदहरूको सपना साकार पार्छौं ।"

सहिदको सपना साकार हुनेहुने बेला थियो । मन्त्रीज्यूले आँखाबाट परिवारतर्फ फर्केर तरक्क आँसु निकालेर भने । "अपराधीलाई जरूर कारवाही हुन्छ !"

"यो कस्तो कारवाही हो !"

"नैतिक प्रश्नको !"

**ख. गृहम् गमनम्**

"सुन्छौ ? सुन्दिनँ ! भन्छौ त ? भन्दिनँ !"

प्रश्नोत्तरको होडबाजी चलिरहेको थियो । सभामा एक मुसोले आएर उपस्थित सबैका अगाडि सोध्यो ।

"तपाईंहरूमध्ये भगवान को हो ?"

सभाहलमा सबैजना भगवानहरूको जमघट थियो । मुसाको प्रश्न सुन्नासाथ सबैले हत्त न पत्त हात उठाएर चिच्याउँदै भने "भगवान भनेको मै हो, अरू कोही हुन सक्दैन ।"

सभाहलमा सबैको हात ठडिईरहेको र मुट्ठी कस्सिईरहेको थियो । कसैले पनि भगवान भएको आफ्नो हात तल झार्न खोजेनन् । मुसाले फेरि प्रश्न गऱ्यो ।

"त्यसो भए मलाई आशीर्वाद कस्ले दिन्छ त ?"

सबै भगवान चुपचाप लागे । एकले अर्का थरिलाई आँखा सन्काउन र निधार तन्काउन लागे । कसैको नाक खुम्चिएको त कसैको दाँत उछिट्टिएको देखिन्थ्यो । मुसालाई कसैले हात झुकाएर आशीर्वाद दिन चाहेनन् । हातका साथै उनीहरू पनि ठडिरहे । सानो आकारको दिमाग भएको मुसालाई केही क्षण पछि लाग्यो ।

"यिनीहरू कि कसैका सालिक कि देशका मालिक हुन् !"

मुसाले आफ्नो पुच्छर ठाडो पारेर उनीहरूको गोली गाँठोमा जब हिर्काको तब ती चिच्याउन थाले ।

"हे ! भगवान ! बचाउ हामीलाई ।

ठडिएका भगवानहरूलाई देखेर मुसालाई निकै असजिलो महशुस भयो । अनि अन्त्यमा फेरि सोध्यो ।

"तपाईहरू सबै भगवान हुनुहुँदोरहेछ । यसमध्ये महाभगवान चाहिँ को हो त ?

भगवान बनेको वचन भाकिसकेका उनीहरू सबैजना केहीबेर अलमलमा परे । आफैं भगवान बनिसकेका तिनले मुसालाई दण्डबत गरेर भने ।

"वास्तविक महाभगवान त हजुर पो हुँदोरहेछ ।"

मुसा गणेशको मूर्तिको वरिपरि घुमिरहेको थियो । मुसा हाँसि रह्यो । गणेशले मुसालाई अँगालोमा च्यापिरहेर भने । "गृहम् गमनम् !"

# गजल



• ज्ञानु विद्रोही

बिछ्याएर आँखा म पर्खिरहेछु
भन्यौ तिमीले र म फर्किरहेछु

कतै भोकमा छु, कतै खशोकमा छु
हिजो भन्दा झन् आज चर्किरहेछु

शिरानी छ साथी, म झस्कन्छु राती
ओभाना छन् आँखा म दर्किरहेछु

चलेको छ मनमा उही भूइँचालो
छु एक्लै सहरमा र थर्किरहेछु

*— झापा*

# आफ्नो पीर



● तुलसीहरि कोइराला

माइक्रोवस भीड पनि थिएन । त्यसो त जति नै कोचाकोच भए पनि खाली छ, आउनुस् आउनुस् भनेर जबर्जस्तीजस्तै गरेर पनि खलासीले चढाएरै छाड्छन् । जानेलाई पनि नगई भएको छैन, कोचिएरै भए पनि जानै परेको छ र मै पनि यसरी नै यात्रारत छु ।

तर आज अचम्मै भयो- सीट नै खाली भएको गाडीले पनि ढोकासम्मै पुगिसकेको मलाई नचढाई हुँइक्यायो ! भीडम्भीडै भए पनि पछिल्लो गाडीमा चढेर गन्तव्यमा पुग्नु थियो, पुगियो ।

अर्को दिन पनि माइक्रोवसको ड्राइभरले चढ्नै लागेको अवस्थामा उसरी नै गाडी हुँइक्यायो तर यो माइक्रोवस हिजोको नभएर अर्कै थियो ।

दैनिक ओहोर-दोहोर गरिरहँदा एउटै रूटमा चल्ने माइक्रो बसका खलासी-ड्राइभर प्रायः चिनिन्छन् नै तर उनीहरूले यात्रुलाई भने चिनेर साध्य हुने कुरै होइन । कहिले कुनमा चढ्न पुगिन्छ, कहिले कुनमा भन्ने टुङ्गो पनि हुँदैन ।

केही दिनपछि उसरी नै सडकमा पर्खिरहेको बेलामा आफू अगाडि नै आएर एउटा माइक्रो बस रोकियो । यसो हेरेको त उही केही दिनअघि चढ्नै नदिई हुँइक्याउने ड्राइभर पो रहेछ । मैले पनि चढ्ने चाहना नै नदेखाई उभिइरहेँ ।

दाइ जाने होइन ? अगाडि नै बस्नुस् न, एक सीट खाली छ ।

खाली सीट नै पाएपछि जानु नै थियो, ढिलो नगरी चढिहालेँ ।

तपाईंको को बितेको नि दाइ ? ड्राइभरले गफ गर्ने सुरमा सोध्यो । मैले ' आमा' भन्ने जवाफ दिएपछि उसले भन्यो- मेरो पनि आमा नै बित्नुभयो नि । खासमा नि दाइ, बर्खी बारेको सेतो लुगाको मान्छेलाई गाडीमा चढाउँदा अपसगुन लाग्छ, राम्रो ट्रिप लाग्दैन भन्छन् । त्यैभएर मैले पनि बर्खी बारेकालाई चढाउने गरेको थिइनँ । दाइलाई पनि अस्ति मैले नचढाएको हो नि ।

ड्राइभरलाई हेरेँ- ऊ पनि मैजस्तो आमाको बर्खी बारेकोले सेतो लुगामा थियो ।

# प्रण



• भोलानाथ सुवेदी

आज एकाबिहानै देखि मलाई आफैँसँग रिस उठिरहेको छ । रिस उठेपछि के गरौँ कसो गरौँ हुन्छ । रिस उठेको कुरा श्रीमतीलाई भन्छु भनेर सिरक भित्रबाट टाउको निकाली हेरेँ । तर उनलाई देखिन । भित्तेघडीमा आँखा पुग्यो । यसो नियालेर हेरेको त सात बजेको रहेछ ।

सिरकभित्र गुटमुटिएर रिस घटाउने अनेक उपाय सोच्न थालेँ । एउटा उपाय मुखबाट अनायास फुत्कियो । फ्रिजको पानी पिउने । जे त होला भनेर सिरक फालेर हानिएँ भान्साकोठातिर । फ्रिज चालू रहेनछ तर पानी चिसो नै रहेछ । दुई घुट्की पिएँ । रिसको पारो दस प्रतिशत घटेको अनुभव भयो । बिहानै फ्रिजको पानी पिउँदा घरकाले के सोच्लान् हतार हतार कोठातिर दौडिएँ ।

अब अफिस जाने कसरी ? मनमा अनेकन जुक्ति सोच्न थालेँ । यस्तो आवेगमा जाँदा हाकिमसँग ग्रह मिल्दैन । ठूलो स्वर कसैलाई गरियो भने युटुबेहरूले जिउँदै खरानी बनाउँछन् ।

सम्झँदा सम्झँदै सानो नातिले कान तानिदियो । ऐया ! भन्न नपाउँदै मेरो रिस सर्लक्कै घट्यो । नातिको समातेर हात च्याप्प समातेर के उठाउन खोजेको थिएँ ऊ खित्का छोडेर हाँस्दै त्यहाँबाट भाग्यो । म अन्योलमा परेँ ।

म प्रत्येक दिन उठेर योगा गर्थें । अचेल किन किन बिहान उठ्न जाँगर चलेकै थिएन । माघको ठिहीले हो गर्दा कि बुढ्यौलीले हो ठम्याउन सकिरहेको थिइनँ । आफ्नो नित्यकर्म भुल्दा मेरो दिमागले अनेकौं समस्या भोग्नु परेको कुरा मैले पत्तो लगाएँ । बिहानै रिसको पारो चढेको कारण पत्ता लगाएँ । अबदेखि यस्तो अल्छी नगरी दैनिक नित्यकर्म गर्ने प्रण गर्दै म अफिस तर्फ लागेँ ।

नवप्रज्ञापनले यात्रा प्रारम्भ गरेको ३० वर्ष लाग्यो । देश विदेश जहाँ रहनु भएको भए पनि के तपाई नप्रज्ञापन पढ्न चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने तपाईहरूको सेवामा हाजिर छ ।

वेबसाइट

www.nabapragyapan.com.np

पुराना अंकहरू पनि FDF मा उपलब्ध छ ।

# लोभ, मोह र मत्सर्य



● शिला पन्त

के खालान् अब यी मान्छे कहाँ देह बिसाउलान्
खेतबारी सबै मासे पहरो के रसाउलान्
अन्धा भए सबै मान्छे कसरी बुझाउँला
धर्तीको छातीमा गोली ठोक्दैछन् तीखैतीखा ।
बलात्कार भएको छ पृथ्वी माथि निरन्तर
ठग्यो लुट्यो र धम्क्यायो खाँदै जम्दै दिगन्तर
विवेक रजनीगन्धा हराएर गईन् किन
सत्तैन भन्न क्वै मान्छे सुतेका छन् सबै किन ?
बढे दूश्मनका हुल छैन सत्कर्मको फल
किन हो किन मान्छेमा बढेकै छ मुढे बल
खोल्दैनन् नेत्र मान्छे कोही मान्छे अन्धो भैकन
अरूकै धन सोसी आफ्नै घर सिंगार्दछन् ।
फकाई अवला मान्छे लालपुर्जा सबैलिई
मालपोत गयो नित्य कर्मचारी सबै मिली
गऱ्यो पास लियो खोसी सोझा हुन् धपिने जति
खण्डीकरण गर्दैमा सिध्याउने गरी धन ।
जतातते सबै अग्ला बने कङ्कीटका घर
भोकै नाङ्गै हुदै जालान् लाखौंलाख सुसज्जन
रोएर कसले सुन्छ ? बगरेका अघिल्तर
खसी बोका सरी मर्छन छैन न्याय कतैतिर ।
लोभ, मोह र मत्सर्य बढेको छ सबैतिर
छैन कोही यहाँ मास्ने हुँदैछ अझ भरभर
पहराले थिचेका छन् सोझा मानिस दिनदिन
छियाछिया भएको छ पड्केर बम छिनछिन ।

*— सिफल, काठमाडौं*

# पीडाको आँसु



• हरिप्रसाद पाण्डेय

सासू ती जब आइथिन् घरभरी कोलाहलै भै गयो
सारा दोष लगाउने अरूतिरै बानीउनैको थियो
जस्तो काम गरेर नै अपजसै मात्रै दिने हुन् सधैँ
भन्दै तीपतिदेवले पनि सधैँ सम्झाई थाके उनै ।
जे जे थ्यो घरमा बराबर गरी भागै लगाई दिए
बारीखेत कमाइमा जति थिए पूर्जा बनाई दिए
श्यामेले जमुनी फकाउन गरी माया गरेझैं गऱ्यो
तिम्रो जीवनमा खुसी भरिदिने दायित्व मेरै भयो ।
तिम्रै तीदुःखका सबै दिनगए राम्रो हुने भो अब
सानो एक घरै बनाउनपऱ्यो बासै मिलाई तब
सानो स्वर्ग बनाउँला मिलिजुली विश्वास मेरो गरे
तिम्रो निम्तिकुनै कुरा यदि भए आदेशमात्रै गरे ।
फुर्कायो उसले रहस्यतरिका बुझ्दै नबुझ्ने गरी
लागेको ऋण तिर्न आखिर लग्यो पूर्जा लुकाईवरि
आफ्नो भागलिएर बेचबिखनै गर्दा तिनै साहुले
थोरै मूल्यदिएर सम्पत्तिलियो जग्गा सबै साहुले ।
श्यामेले उसको थियो जति सबै बेचेर भागीगयो
पत्नीतीजमुनी कठै  सकसले रूनै परेको थियो
मेरो जीवनमा कसै पनि गरे आलोक देखिन्न रे
मेरो जीवननै दुःखीहुनगयो कालो कडा रात रे ।

# क्षितिजको सपना



• सुशीला प्रधानाङ्ग

प्रत्येक दिन
मिर्मिरे उज्यालोमा
सपनालाई सँगालेर
देखेको हुन्छ
क्षितिजले
दृष्य सुखद् परिवेशको
हो, दृष्य सुखद् परिवेशको
विर्सेर आफना सारा पीडाहरूलाई
त्यहि दृष्यलाई मनमा सजाएर
स्वर्णिम भविष्यको तस्विरलाई
चित्रकारले आफ्नो क्यानभासमा
सजाए जस्तै
इन्द्रेणीहरूको रंगहरूले सजाएर
कोरीदिएको हुन्छ उसले
बनाएर सिँगो आकाशलाई
क्यानभासमा
त्यतिवेला हो त्यतिवेला
जुन ताराहरू वरपर बसेर
बजाउँदै थपडी
साथ दिईरहेका हुन्थे
उता कतै
धेरै पर
तृष्णाको काकाकुल बनेर
केही मनहरू
भट्किरहेछन्
गर्दै वेवास्ता उज्यालोको
उनीहरू दम्भ र अहङ्कारको
बोकेर भारी
हिँडने गर्छ धनमनिँदै
अनि अरूलाई पनि ढलाउँदै
आजभोली उनिहरू गर्दैछन् रे
प्रतिस्पर्धा
आफनो शिरमा ताज लगाउने
त्यहिवेला
भरखरै जन्मेको बालकका
च्याहाँ च्याहाँ रूवाईको
सुनेर आवाज
पग्लिरहेकी छिन् प्रकृति
र त बनेर झरनाको पानी
बगिरहन्छिन्
ममताको स्वरूपमा
जीवनदाता बनेर
बस,
त्यहि बालकको रूवाईमा
भरिएको छ
दृष्य सुखद् परिवेशको
त्यहि दृष्यमा
बसेको छ आशा
लुकेको छ भावना
अढेको छ विश्वास
हाम्रो आफनै मनभित्र रहेको
निश्छल क्षितिजले
देख्ने गरेको सपना !
हो,
क्षितिजको सपना !!!

*– कौशलटार, भक्तपुर*

# गगनचुम्बी महल




• राममणि सिटौला

भ्रममा नपर
ओ बाँसघरे साइँला,
जति विशाल सोचिरहेछौ
यी गगनचुम्बी महलहरूलाई
भित्र भित्र त्यति नै ग्रस्त छन्
र लघुताभासले ।
भ्रममा नपर
जति बाहिर भव्य देखिन्छन्
यी महलहरू
त्यति नै भित्र भित्र ग्रस्तछन्
निस्तेजता, रूग्णताले ।
त्यहाँ खेल्दैनन् बालकहरू
खुला आकाशमुनि
डण्डीबियो, कपर्दी
गाउँदैनन् स्त्रीहरू
वर पीपलका छायामा
सँगिनी, मारूनी
कहिल्यै पाक्दैन
त्यहाँका भान्सामा
खोले, सिस्नो, निगुरो
हुँदैन काँसका बटुका
ढलोटको अम्खोरा
हुन त हुन्छ त्यहाँ
पार्क, बगैंचा
हुँदैन वरको छाया
कदमको दोछायाँ
त्यहाँ मानिसहरू
हाँस्न पाउँदैनन्
खित्का छाडेर
जो धक फुकाएर हाँस्छ
ऊ कहलिन्छ जङ्गली
त्यहाँ हुँदैन
एकार्कामा भरोसा
मानिसभन्दा अधिक
प्रिय हुन्छन्
जर्मन सेफर्डहरू
त्यहाँ दबिएका हुन्छन्
हरेक थोक
कङ्क्रिटका चार पर्खालभित्र
बाहिर जान नपाएर
भित्र भित्र गुम्सिरहेका हुन्छन्
स्वरहरू
ममा नपर
बाँसघरे साइँला,
यी आकर्षक महलमा
निकै कम हुन्छन्
आकर्षक मानिसहरू
निन्द्राले ग्रस्त महलहरू
पलपल तड्पिँदै, छट्पटाउँदै
भित्र भित्र निसासिरहेछ
क्रमशः रूपान्तरित भइरहेछन्
प्रायः महलहरू
निर्जीव, निष्प्राण
कङ्क्रिटमा ।

*साङ्ला, तारकेश्वर-१, काठमाडौँ*

# हमर गौरैया

● जगदीशप्रसाद 'पङ्कज'



हमरा अँगना दुअरा पर सुनर
एक जोडी आवे गौरैया
चिरचिर चिरबिर चिरबिर कके
मीठ गीत गावे गौरैया
कबहु कुदके कबहु फुदके
अँगना दुअरा घुमघुम गौरैया
छितरल बितरल अन्न के कनिका
खूब खाला चुनचुन गौरैया
कबहु ठोर से देह हउआवे
कबहु पाँख फुलावे गौरैया
लम्हर फतेङी के पकड के
खायसे पहिले झुलावे गौरैया
कबहु पानी कबहु धुरा के
छिटछिट नाहाला गौरैया
नेउर बिला बिल्ली के देख के
उड ऊपर जाला गौरैया
घामा मे गाछी लतिका
झोंझी मे बइठे गौरैया
गोड पसारे पाँख पसारे
कबहु घेंट अंइठे गौरैया
कबहु गौरा का लम्हर झूंडमे
उडे आकाश मे ऊपरे गौरैया
सुखत धान के देख पथार
धरती पर फेरू उतरे गौरैया
हमरा फूसका छप्पर छान्ही मे
बाटे बनवले घर गौरैया
प्रियाँशु कहेला हमर बा
आलोक कहे हमर गौरैया

*महागढीमाई-२, बारा*

# लेखकहरूसँग



● पुरुषोत्तम खनाल

साहित्य रसपान खातिर आउने मित्र मण्डली
स्वागत गर्न उभेको हुँ फूललिई एक अञ्जुली
म खोक्रो देह मात्र हुँ मेरो प्राण यहाँहरू
लेखनी रक्त सञ्चार, निरन्तर लेख है गुरू

आँधी, हुरी, झरी छिटा परेको दिनमा पनि
ओतदिन यहाँ आउनु मेरै यो घर हो भनी
अशान्ति, द्वेष औँ घृणा बढेमा सुट्ट आउनू
लिई पुस्तक पढी बस्नु मन शान्त गराउनू

देशमा सङ्कटै आए गम्भीरै भई सोंचनु
चलाउनू बहस, छलफल, अन्तर्क्रिया गराउनू
सहमति पहिल्याएर कार्यक्रम बन्नुपर्छ है
आपसी एकताबिच सँगसँगै हिंड्नुपर्छ है

तिम्रो लेखनीले नित्य जनता जाग्नु पर्दछ
तिम्रो यो मृदु वाणीले सामन्ती जग ढाल्नुछ
भोको, नाङ्गो, सुकुम्वासी हुनुहुन्न यहाँ अब
ज्ञानामृत पिलाएर स्वाबलम्बन् बनून् अब

*– दाङ*

# युद्ध उद्योग



● डा. विश्वदीप अधिकारी

एकातिर
वम र वारूदले घाइते भएका
आफन्तहरूको घाउ देख्ने र
तिनको चित्कार सुन्नेहरू
आकाशमा उडेको
धुवाँ र धुलोको सुनामी हेर्दै
युद्ध मडारिरहेकोमा दुःखी छन् ।
उनीहरूको शान्त मन
आकाशमा एक्कासी मडारिएको
युद्धको कालो धुवाँको मुस्लो हेर्दै र
बन्दुक अनि क्षेप्याश्त्रको निरन्तर आवाज सुन्दै
अशान्त भएर अनुमान गर्छ
अब यो द्वन्द्वको भुँवरीमा
आफू र अरू पनि थुप्रै पर्ने हो कि भनेर ।
अर्कोतिर
वम र बन्दुक पड्काउनेहरू मख्ख परेका छन्
गुमसुम बसेर मौन समर्थन जनाउनेहरू पनि प्रसन्न छन्
उनीहरू सबैले आत्तना आरनहरू फेरि
खोलिसके
रोजगारी खुलिसक्यो
हरेक वमको आवाज र
वन्दुकको गोलीको सुइयँसँगै
उनीहरूको अशान्त मन शान्त हुँदै गइरहेछ
अनुहारबाट चिन्ता क्रमशः हट्दै

मुस्कान देखापर्न थालिसकेको छ
किनभने उनीहरूको जीवनमा
फेरि एक पटक कमाउने अवसर आएको छ ।
युद्ध नभएर अशान्त भएको मन र
युद्ध भएर अशान्त भएको मनको
अनुभूति विलकुल फरक छ
बुझाईमा आकाश जमिनको भिन्नता छ
युद्ध त उद्योग पो हो भनेर बुन्नेहरू
द्वन्द्व युद्धमा बदलिएकोमा जुँगामा
ताउ लगाइरहेछन्
मैमत्तापनको अहंकारमा उम्लिएर
युद्ध जन्माउन सघाइरहेका
आत्मकेन्द्रित शासकहरू
आक्तना लोभहरू खरानी भएर उडेको देखेर
खुइय गरेर टाउकोमा हात राख्दै झन बहुलाएका छन्
कहिलेकाहीँ बर्वराउँदा भन्ने गर्छन अरे
द्वन्द्व युद्ध उद्योग
युद्ध उद्योग
उद्योग
द्वन्द्व युद्ध उद्योग

*शास्त्रीमार्ग, मैतिदेवी, काठमाडौ*

# तीन मुक्तक



• **प्रकाश घायल**

मिठो आश्वासनको पोको देखाउँदै छलछाम गरेकै हुन्
अझ झन् राष्ट्रिय अस्तित्व संकटमा पार्ने काम गरेकै हुन्
एक्लो बृहस्पति झुठो हुन्छ भन्थे हो जस्तै लाग्न थाल्यो
अहिले गला जोडियो उसलाई गाली तथानाम गरेकै हुन्

खोला आखिर कतै झरना कतै छाल भएको देख्छु
स्वाभिमानकै ब्यापार गर्ने मालामाल भएको देख्छु
इमानको खडेरीमा नैतिकता ब्यापारीको समर्थनमा
जो माथी थियो भरोसा उही चण्डाल भएको देख्छु

प्रकृति सम्पदा हरायो कोइली नाच्ने वन हरायो
निष्ठा अनि नैतिकता भरिपुर्ण भएको मन हरायो
उडाउन कुनै कसर बाँकी राखेन विधाताले पनि
भन्नुपर्दा बेईमानको आँधीमा आफ्नोपन हरायो

# दायित्वबोध



● राममणि दुवाडी

घरमुनि पनेरो
हिँड्नुपर्ने गल्ली,
सानी बैनी अघि लाग्छे
पुन्टुङ् पुन्टुङ् हल्ली । (१)

आफैँ पनि सानी
बोक्नुपर्ने पानी
यो डल्लीलाई लिएर
म कसरी जाने ?(२)

आमा वन जानुभो
ठूल्दिदीलाई लानुभो,
बाबा छैनन् घरमा
छोडुँ कसको भरमा ? (३)

भोकतिर्खा खपेर
घाँसको भारी थपेर,
झम्के झरी माझमा
आमा आउँछिन् साँझमा । (४)

कुंडो पानी नगरूँ
गोठको भैसी कराउला
दैलो लगाई जाउँ भने
घरको पाठो हराउला । (५)

नहिँड् भन्दा मान्दिन
आफ्नो पीर जान्दिन
छोडुँ भने रून्छे
दिदी १ दिदी ११ भन्छे । (६)

गोडाभरी हिलो
नानाभरी छिटा,
जुत्ता छैन गोडामा
उछिहाल्छ खटिरा । (७)

पानी भर्ने नजाऊँ कि,
बैनीलाई रूवाऊँ कि
गरूँ कसो मैले रू
दोधारमा छु अहिले । (८)

# विदा



● गायत्री लम्साल

आज भोलि सार्वजनिक विदाको
व्यापक बिस्तार भएको छ
मान्यजनलाई मस्ती छ
मान्छे मारेर, छानबिन समितिको लागि
सार्वजनिक विदा घोषणा गरिन्छ यहाँ
कहिल्यै नमर्ने, अजम्बरी छन् ठूला मान्छे
त्यसैले, उनीहरूका लागि मृत्यु
महान् चाड जस्तो भएको छ
मृत्यु उत्सबमा रमाउने रमिते भएका छौँ हामीहरू
मृत्युका विभत्स तस्वीरहरूले
सोसल मिडिया रङ्ग्याउँदा
आफू र आफ्नो संस्थालाई महान् ठान्छौँ हामी
आफन्तको मन्जुरी बिना
ह्दयविदारक तस्वीर अनि
मृत्युका समाचार छपाउन
प्रतिस्पर्धा गर्छौं बजारमा
दूर्घटनास्थल गएर, तस्वीर खिचाउँछौं
भो अब विदाको व्यापार बन्द गरौँ
विदाले सबैको मनमस्तिष्कमा
सुख शान्ति र समृद्विल्याउन सकोस्
विदाले दूर्घटनाजन्य मृत्युलाई
सधैँको लागि रोकोस्
मुलुकले विकासको फड्को मार्दा
हामी विदा बसौँला
सुरक्षित सडक सुरक्षित आकाश
समग्र व्यापार नाफाको खुसीयालीमा
सार्वजनिक विदा गरौँला
विकास व्यवस्थापनका मीठा खबरहरू
सबै सोसल मिडियाहरूमा
निस्फिक्री सँग छपाउँला
सबै नेपाली जम्मा भएर
सार्वजनिक विदाको
खुसीयाली मनाउँला

*– स्याङ्जा*

# अजेय गति




• श्रीबाबु कार्की

म
एक बूँद पानी हुँ ।

नबिथोल्नु मेरो साइत
नचलाउनु मेरो भूगोल
नजिस्क्याउनु मेरो ईमान
नचिथोर्नु मेरो सपना
नरोक्नु मेरो गति
नभत्काउनु मेरो आस्था
म एक अजेय गति हुँ
म पृथ्वीको अप्रतिम सौन्दर्य हुँ ।
मलाई चुपचाप चुपचाप बग्न देउ ।
वर्षौंवर्षदेखि यसैगरी बगिरहेको छु आफ्नै लयमा
नदीलाई बाटो देखाउनु पर्दैन नदेखाउनू
म
एक थोपा आस्था
एक थोपा बिश्वास
एक थोपा विचार
एक थोपा आदर्श
र,
एक थोपा प्यास हुँ ।
म,
आगोलाई चपाउन सक्छु
पहाडलाई गलाउन सक्छु
मेरा अवरोधलाई भत्काउन सक्छु
हजारौं सपनाहरूलाई बगर बनाउन सक्छु
बञ्जरभूमि हराभरा बनाउने मै हुँ
प्यासीहरूको अतृप्त प्यास मेटाउने पनि मै हुँ
म एक बूँद पानी हुँ
पानीलाई आफ्नो बाटो बग्न देउ
नबिथोल्नू पानीको अविरल लय
नसिकाउनू पानीलाई पानीको दर्शन
म आस्था हुँ
म बिश्वास हुँ
तिमीभित्र बगिरहेको शान्त काली गण्डकी हुँ ।

– *दोलखा*

# दहेज के फंदा



• जंग बहादुर यादव

दहेज के लोभी, भैया तनिका विचार करी,
रही ना जवानी एक दिन देहिया बुढाई ।
हाथ गोड कापे लागी बोली लटपटाय लागी,
लाठी लेके चल्लो पर देह थर थराँई ।
ओह दिनवा रउआ सेवा के जरूरी पडी,
कहब पतोहिया से मुँह विचकाई ,
तिलक दहेज लेइके समधी के रोवले रही ।
काहे करी सेवा काहे पनिया पियाई ,
दहेज के लोभी, भैया तनिका विचार करी ।

चोट लागी दिलवापर मनवा कचोटे लागी,
बउआ के विअहवा के दिन ईयाद आई ।
दुअरापर आइल अगुवा के भगवले रही
दहेज के मोट रकम दिहली फरमाई
रोय गिड गिडाय राउर गोडवा पकडे बाकीर
गोड भारी मागी दिही वेरिहा के भगाई
मोर रकम लेइके कइली बबुआ के विआहवा
मिलल बाटे फल उहे काहे पछताई ,
दहेज के लोभी, भैया तनिका विचार करी

सजधज के बेटी जव गइली शसुरार मे ,
फस गइलीन विटिया दरिन्दन के जाल मे

प्यार से पोसल बेटी रोय जियल मोहाल भइल ।
सास, ससुर ननद से घोर अपमान भइल ,
फूल जइसन बेटिया पर लाठी बरसाई रउआ ।
दुख देइके घरवा मे लक्ष्मी के रोआई रउआ
ओही के कारण बेटी फँासी पर लटक गइलीन
लालच मे फसके रउआ पापवा कमाई
दहेज के लोभी, भैया तनिका विचार करी

दहेज वेगर सादी कइके सुनर बहुरिया ल्याई
बनके बहुरिया जवन घरवा मे आई,
घरवा के लक्ष्मी घरके शोभाजे बढाइ दिहे ।
बेटी मानब ओकारा त मानी बाप माई ।
खुशी खुशी घरवा मे सभी खुशहाल रही
घर के बहुरिया दिहे सरग बनाई,
सास ससुर के सेवा करी तनिको ना घमण्ड करी
खुशीय खुशीय मे राउर जिबन वित जाई
दहेज के लोभी, भैया तनिका विचार करी

*सुवर्ण गा.पा.७ सनफुलवा, बारा*

# केही मुक्तक

● यादव भट्टराई



आफैँ निर्धक्क अघि सर्‍यौ र पो सहिद भयौ
सबैले गर्न नसक्ने गर्‍यौ र पो सहिद भयौ
आफू बाँच्न देश मार्नेहरूको बिचमा यहाँ
हाँसेरै देशका निम्ति मर्‍यौ र पो सहिद भयौ ।

हरेक वसन्तपछि शिशिर कहिल्यै नआउने भए कस्तो हुन्थ्यो
पसिना बगाउनेहरूले दुःख कहिल्यै नपाउने भए कस्तो हुन्थ्यो
दुखाउँछन् घरिघरि मान्छेका होचीअर्घेली व्यवहारहरूले
तिनै व्यवहारहरूले कहिल्यै नदुखाउने भए कस्तो हुन्थ्यो ।

आफूलाई अग्लो देखाउन अरूको खुट्टा तान्नेहरू छन्
अरूलाई नालायक आफूलाई लायक मान्नेहरू छन्
होसियार हुनू छद्मवेशीहरूको बिग्बिगी छ सहरमा
सिसाको घरमा बसेर अरूलाई पत्थर हान्नेहरू छन् ।

*भैरहवा, हाल : काठमाडौँ*



# गजल

● सानुराजा अञ्जान

चिता भएर जलिरहें कसैले बोलेन
खुसी भयौ होला अब कसैले सोधेन
जलिरहेँ पलपल र मुटुलाई जलाई रहेँ
यो जीवनलाई अङ्गालोमा कसैले बेरेन
हिंडिरहेँ म यात्रामा फगत हिंडिरहेँ
घर पुग्दा नि ढोका कसैले खोलेन
म मरूं र पनि तिम्लाई सम्फिरहुँला
व्यथा मुटुमा बोकिरहेँ कसैले खोजेन
सुन्ने र बुझ्ने कोही छैन अञ्जानलाई
विरोध बोल्छु म तर अहँ कसैले रोकेन

*– पशुपति देउपाटन*



# गजल

● अम्बिका थापा मगर

छोरो परदेशमा थियो ऊ फर्की आएन
समयको नेटो काटियो ऊ फर्की आएन
आउँछ भन्छन् ज्योतिषले जोखना हेर्दा
चिना र कुण्डली हेरियो ऊ फर्की आएन
बुहारीको चोटले कतै केही पो गऱ्यो कि
भाग्यले छलिदियो कठै ऊ फर्की आएन
आज कुर्दा भोलि कुर्दा वर्षौ वर्ष बित्यो
आमाको चोला सकियो ऊ फर्की आएन
यो बुढेसकालको सहारा मेरो एउटै छोरा
कसरी काटौँ जिन्दगी यो ऊ फर्की आएन

*– दोरम्बा, रामेछाप*

# व्यासका तीन आयाम



● प्रा. कपिल अज्ञात

नेपाली साहित्यमा व्यास भन्नाले ' निर्मोही व्यास' बुझ्नुपर्ने हुन्छ । उनको प्रमाण–पत्रीय पूरा नाम 'वेदव्यास उपाध्याय न्यौपाने' हो । त्यही वेदव्यासबाट 'व्यास' झिकेर 'निर्मोही' विशेषण थपी साहित्यमा निर्मोही व्यासका नामले उनी प्रसिद्ध छन् । पौराणिक पात्रका रूपमा कहलिएका व्यास महाभारत र अठार पुराणका रचयिता हुन् । व्यास व्यक्तिवाचक नभएर पद हो भनिन्छ । जे होस्, व्यासले सिर्जनधर्मिताको सङ्केत गर्दछ ।

साहित्यकार निर्मोही व्यासको जन्म २००९ साल भदौ ४ गते पिता नरनाथ उपाध्याय न्यौपाने र माता भगवतीदेवी न्यौपानेका कोखमा ज्येष्ठ पुत्ररत्नका रूपमा कलैयाको भवानीपुरमा भएको हो । व्यास पहिले बारा, कलैयावासी थिए, पछि मधेसमा चलेको त्रासदीले सुरक्षाको खोजीमा राजधानीवासी बन्न विवश भए । उनले जीवनमा निकै उतारचढाव, सङ्घर्ष र हुन्डरीहरू बेहोरेका छन् । जीविकोपार्जनका क्रममा जीवनको प्रारम्भतिर पुरेत, त्यसपछि शिक्षक र स्थायित्व र आत्मनिर्भरताको खोजीमा योग्यता बढाउँदै प्राध्यापन क्षेत्रमा प्रवेश गरी त्यसको शिखर आरोहण गर्दै प्रा.डा. को विशेष उपाधि लिएर सेवानिवृत्त पनि भए ।

सदा उल्लासमय वातावरण मन पराउने र उत्साही भावनामा रमाउने हुँदा उनले नेपालभित्रका धार्मिकस्थल, तीर्थस्थल र साहित्यिक स्थलको परिभ्रमण गरिसकेका छन् । यस क्रममा उनले नेपालभित्रै दूरदूरको यात्रा तय गरिसकेका छन् । साहित्यको श्रद्धा र निष्ठाको प्रतीक स्वरूप ढुङ्गा–माटोको पूजा–आराधना पनि गरिसकेका छन् । साहित्यको अनवरत साधनामा लागिरहने उनको नेपाली साहित्यिक परम्परामा आफ्नै स्थान,मान र प्रतिष्ठा छ ।

बहुमुखी प्रतिभाका धनी व्यासले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनी कथाकार उपन्यासकार र सम्पादकका रूपमा पनि सुपरिचित छन् तापनि उनी मूलरूपमा निबन्धकार, कवि र समालोचकका रूपमा देखापरेका छन्। यही सन्दर्भमा व्यासको विधागत धर्म र स्वभावलाई ध्यानमा राखी व्यासका तीन आयाम भनिएको छ । निबन्धकारका रूपमा उनी संस्मरणकार र नियात्राकार हुन् । दुबैमा उनको महत्त्वपूर्ण योगदान रहिआएको छ । यस विषयमा उनका पौने दर्जन

कृति देखापरेका छन् । संस्मरणकारिता र नियात्राकारितामा उनी निकै उत्कृष्ट छन् । कुनमा अधिक विशेषता छन् शोधखोजको विषय रहेको छ ।


संस्मरणकार र नियात्राकारभित्र उनमा कवित्वचेत पनि सन्निहित थियो । गद्यधारामा यथोचित प्रतिभा र सीपको विकास भइसकेपछि उनी पद्यधारातर्फ पनि आकर्षित भए । निबन्धका उत्कृष्ट कृतिजस्तै कविताका पनि उच्चस्तरीय कृति प्रकाशित हुन थाले । कवितामा शास्त्रीय छन्द नै उनका कवित्वको साधन बन्यो । छन्दका विशेष ज्ञाता भएकाले उनका छन्द र व्याकरणका नियममा कहीँ–कतै त्रुटि पाइन्न । प्रथमतः अनुष्टुप् नै उनको प्रिय छन्द रहे पनि पछिपछि अनेक प्रचलित छन्दमा उनका भावना र विचार मुखरित हुन थाले । उनी परिष्कारवादी चेतनामा अधिक विश्वास राख्छन् । परिष्कार गर्दै गएपछि भावनालाई कवितारत्नका रूपमा रूपान्तरित गर्न सकिन्छ भन्ने उनको सैद्धान्तिक मान्यता छ । उनका कवितामा प्रकृतिप्रेम, प्राकृतिक सौन्दर्य एवं मानवमनका कारूणिक भावनाहरूको मार्मिक चित्रण पाइन्छ ।

गद्यधाराका संस्मरणमा वा नियात्रा लेखनमा पनि उनी परिष्कारवादी नै हुन् । शुरूशुरूमा उनी अधिक भावुकतावादी भए पनि उत्तरार्द्धतिर उनी सिद्धान्तवादी बन्न पुगेका छन् । जब उनले नियात्राको सैद्धान्तिक ग्रन्थ यात्रासाहित्यको सिद्धान्त (२०७०) रचना गरे । त्यसपछि उनमा सैद्धान्तिक सचेतता आउन थाल्यो । फलतः बौद्धिकता अधिक प्रभावी हुनथाल्यो । कुनै पनि रचनामा मनभन्दा मस्तिष्कको भूमिका अधिक हुन थालेपछि त्यसमा हार्दिकताको ह्रास हुन थाल्दछ तथापि चिन्तन र विश्लेषणको सघनता र उच्चताले उनका रचना उत्कृष्ट श्रेणीका रचना बन्न पुगे । प्रारम्भिक कालका रचनामा जुन भावप्रवणता र कोमलता छ तिनका प्रभावको आफ्नै मूल्य र महत्त्व छ । त्यही विशेषताले उनका रचनाहरू पाठकहरूका बीच अधिक प्रिय हुन थाले । आफ्नै स्वर र शैलीका कारण स्थापित पनि भए । पहिले मानौँ उनी नियात्राका प्राकृतिक शिष्य थिए, पछि नियात्राका बौद्धिक गुरू बन्न पुगे । नेपाली नियात्राकारहरूका अधिकांश रचना उनले अध्ययन गरिसकेका छन् । उनी चिन्तन र अध्ययनको गहिराइबाट रचना कर्ममा प्रवृत्त हुन्छन् । उनले नियात्रा र संस्मरण तथा नियात्राका सैद्धान्तिक तत्त्वको पहिचान र विश्लेषणसमेत गरेका छन् । नियात्रा सिर्जनामा गतिशीलता, वस्तुपरकता र निजात्मकता नून–चिनी–पानीझैँ घुलेर आउनुपर्छ भन्ने उनको दृष्टिकोण रहेको छ ।

समालोचनाका क्षेत्रमा पनि उनका कृति प्रकाशित भएका छन् । यात्रा साहित्यको सिद्धान्त (२०७०) सैद्धान्तिक कृतिका रूपमा देखापरेको छ । विकीर्ण समालोचना (२०७०) उनका विभिन्न समालोचनाहरू सङ्गृहीत कृति हो । उनले कैयौँ कृतिको भूमिका पनि लेखेका छन् तर ती कृतिका रूपमा सङ्गृहीत भएर आजसम्म आएका छैनन् । उनी प्रभाववादी र व्यवहारवादी समालोचक हुन् तापनि विद्यावारिधि उपाधि प्राप्त र अनुसन्धान-निर्देशकसमेत भएकाले उनका शोधमूलक रचनाहरू पनि पाइन्छन् ।

*– रत्ननगर, चितवन*

# आवारा बादल कृतिभित्र निर्मोही व्यासको जीवनबोध



• सीताराम उप्रेती

नेपाली नियात्राका क्षेत्रमा कलम चलाउने निर्मोही व्यास (वेदव्यास उपाध्याय न्यौपाने) सुपरिचित नाम हो । कविता, काव्य,कथा, उपन्यास, सैद्धान्तिक समालोचना र मुक्तकाव्यसमेत गरेर नेपाली साहित्यको भण्डारमा झण्डै डेढ दर्जन साहित्यिक पुस्तकहरू लेखेर आफ्नो ख्याति कमाई सकेका निर्मोही व्यासलाई मूलतः पाठकहरूले भने नियात्राकार र संस्मरण लेखकका रूपमा नै बढी मात्रामा चिन्ने गर्दछन् भन्दा पक्कै अत्युक्ति हुँदैन । विधागत रूपमा २०४६ सालमा नै तत्कालीन नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट नौ पाइला नामक कृति प्रकाशित भएपछि उनी सफल नियात्राकारका रूपमा चिनिएका लेखक भएका हुन । सोही वर्षको उत्तम पुरस्कारसमेत पाएपछि त्यसैको हौसलाले हुनसक्छ उनलाई नियात्रा विधामा कलम चलाउने हुटहुटी जागेको हुनुपर्छ । त्यसपछि उनी निरन्तर नियात्रा र संस्मरणमा नै केन्द्रित भएका देखिन्छन् ।




२०७८ सालमा प्रकाशित निर्मोही व्यासको आवारा बादल नामको नियात्रा सङ्ग्रहभित्र २०२० सालदेखि २०७३ सालसम्म लेखिएका र विभिन्न साहित्यिक पत्रपत्रिकाहरूमा यसअघि प्रकाशित जम्मा सोह्रथान नियात्राहरू प्रकाशित भएका छन । यस सङ्ग्रहभित्र प्रकाशित नियात्राहरूलाई तीन किसिमले वर्गीकरण गर्न सकिन्छ । नेपाल र भारतको सीमासम्म फैलिएका नियात्राहरूमा सपनाको गोहाटी, दरभङ्गा दर्शन र जुत्ता विसर्जन र काठमाडौंदेखि सिलिगुडीसम्म छिमेकी मुलुक भारतका विभिन्न सहरहरूमा कहिले माथिल्लो तहको परीक्षा दिनका लागि त कहिले साहित्यिक कार्यक्रमहरूमा निम्तालु भएर गएका समयमा लेखिएका नियात्राहरू छन भने बाँकी तेह्रथान नियात्राहरूचाहिँ आफ्नै देशको सेरोफेरो हिमाल पहाड र मधेशका विभिन्न स्थानहरू आफू जन्मिएको हुर्किएको ठाउँ आफूले सुरूमा काम गरेका बारा र रौतहट जिल्लाका विभिन्न स्थानहरूको तत्कालीन अवस्थाको चित्रणले पाठकहरूलाई तत स्थानहरूमा पुऱ्याउन र सँगसँगै हिंडाउन अत्यन्त सफल भएका छन निर्मोही व्यास ।

मृत्युन्जयको निम्तोमा, हिउँमा हामफाल्दा, रूकुम हेर्ने रहर, अग्रजका

पाइला पच्छ्याउँदै, के छ त सन्चो बिसन्चो? जस्ता उनका नियात्राहरू भने हाम्रो देश नेपालको मध्यपश्चिम र सुदूरपश्चिमका हिमाली र पहाडी क्षेत्रमा उनले गरेका यात्राहरूको वृतान्तलाई मिहीन ढङ्गले उतार्ने काम गरेका छन । कतै साहित्यिक कार्यक्रममा भाग लिन कतै मित्रहरूको आग्रहमा कतै पारिवारिक भेटघाटमा जाँदाका आफ्ना अनुभूतिहरूलाई नियात्रामा उतारेका छन् । यिनको ढिट र चञ्चलता कतिसम्म छ भने आफू लडेर घाइते हुने अवस्थामासमेत आफूलाई मनलागेको कुरा गरेर नै छाड्ने उनको चञ्चले बानी छ । तारानाथ शर्माले चार दशकअघि हिँडेको गोरेटो बाटो अहिले मोटर बाटोबाट भए पनि हिँड्न हुटहुटी चलेपछि पुगेरै छाड्ने र त्यहीँबाट मोबाइलमा सम्पर्क गरेर बेलीविस्तार लगाउनुले उनको अग्रजप्रतिको अगाध सम्मान झल्कन्छ ।

एक्लो यात्री,टीकाजस्तै टीकापुर, एकरात दुई अनुभूति, देवघाटमा सरस्वती दर्शन, बयर खान जाने? माडीहुँदै ठोरीसम्म, कैलालीको मोहनी जस्ता नियात्राहरू भने अधिकांश उनको जन्म र कर्मस्थल बारा र रौतहट जिल्लाको सेरोफेरो त्यहींका नदीनाला खेतखलीहान वनजङगल त्यस समयको समाज र परिवेशलाई चित्रण गरेका छन् । त्यसपछि चितवन र कैलाली जिल्लामा विभिन्न समयमा गरेका भ्रमणहरू कहिले जागिरको सिलसिला र कहिले साहित्यिक कामकै लागि भने कहिले नितान्त आफ्नै सुर र रनाहामा दुःख बेसाउँदै खानु न पिनु केवल बिस्कुट र पानीका भरमा आफ्नो स्वास्थ्यकोसमेत परवाह नगरी देश दौडाहा गर्ने यिनी वास्तवमा हरफन मौला नै हुन। जस्को लेखनले पाठकहरूलाई मन्त्रमुग्धमात्रै पार्दैन उनी पुगेका ठाउँमा पनि सँगसँगै पु¥याउन सफल भएको छ ।

कहिले साहित्यिक कार्यक्रमको निम्तोमा मन्थलीमा पुगेर आफू अनि अग्रजहरूसँग उन्मुक्त र छताछुल्ल हुन पुग्छन् त्यस्तै साइत उनलाई रूकुममा पनि जुरेको छ उनका आत्मीय मित्रको सौजन्यमा । २०२४ सालमा तानासर्मा पुगेका ठाउँमा आफू पुग्न पाउनुलाई निर्मोही व्यास अति भाग्यमानी ठान्छन् र तत स्थानमा पुगेर देख्नुभोग्नुलाई गर्व अनुभूति गर्दछन् । जागिरका कामकाजको सन्दर्भ अनुजहरूको आतिथ्य त कहिले समवयी मित्रहरूको साथमा विभिन्न समयमा चितवन जिल्लाको ठोरीदेखि देवघाटसम्म घुम्दाका उनका अनुभूतिहरू सांच्चै नै मधेश पहाडलाई जोड्ने सेतुका रूपमा रहेका छन् भनेर ठोकुवा गर्न सकिन्छ ।

नियात्राकार निर्मोही व्यास आफ्ना लेख रचनाहरूलाई धेरै नै परिष्कार गरेपछिमात्र प्रकाशन गर्न रूचाउने लेखक हुन् भन्दा फरक पर्दैन । अझ लेखहरूमा उखानटुक्का,संस्कृत साहित्यका श्लोकहरू, गीतका पङ्क्तिहरू र आफ्नै छन्दोबद्ध कविताका हरफहरूले त झन नियात्राहरूलाई सुललित बनाउन सफल भएका छन । लामालामा नियात्राहरूभित्र पनि अहिलेका र पहिलेका सन्दर्भहरू जोडिन पुग्दा कम रोचक बनेका छैनन ? उनी मनमौजी यात्रा गर्न मन पराउने मानिसका रूपमा चिनिन्छन चाहे स्कुटरमा सहयात्रीसँग पछाडिको सिटमा बसेका बेला किन नलडुन?आफ्नो फिस्टे ज्यानको कुनै परवाह नगरी जमेको हिउँमाथि हाम फालेर घाइते नै किन नहुन ? अनि आफूलाई सुर चढेपछि हत्ते हालेर नै देवघाटकी सरस्वतीलाई खोज्दै रातसाँझ केही नभनीकन नै उनका घरमा नै किन नपुगून्? बयर खानकै लागि सारा वनजङगल कटेर तीन दिनसम्म घरपरिवारलाई खबर नै नगरी किन नघुमून्? क्याप्टेन जनकबहादुर राणाले त्यसै उनलाई हरफन मौलाको उपाधि दिएका होइन रहेछन ?

नेपाली साहित्यको कान्छो विधाको रूपमा रहेको नियात्रा लेखनभित्र भर्खरै आएको आवारा बादलले निर्मोही व्यासलाई झन् निखारिएको नियात्राकारका रूपमा स्थापित गरेको छ ।

# 'नगरबधुसँगको सहयात्रा' कृतिभित्रका बद्रीप्रसाद ढकाल



● विवेक वाइबा

बद्रीप्रसाद ढकाल नेपाली साहित्यमा अत्यन्तै स्रष्टाको नाम हो । साहित्यका धेरै विधामा उनको कलम चलिरहेको छ । होहल्ला हैन, शान्ति मन पराउने ढकाल एकविधा वा क्षेत्रमा मात्र सीमित छैनन् । उनको कलम बहुविधामा निरन्तर चलिरहेको छ । यो लेखमा उनै स्रष्टा ढकालको ' नगरबधुसँगको सहयात्रा' नामक कृति पढेपछि मनमा उत्पन्न भाव पस्कने प्रयास गरिएको छ ।




नगरबधुबारे सहर बजारमा समय समयमाविभिन्न ढङ्गले चर्चा परिचचा हुने गर्छन् । तिनीहरूका जीवन भोगाईका विविध विषयमा विचार विश्लेषण हुने गर्छन् । नगरबधुप्रति समाजको धारणा र नजरिया फरक नै हुन्छ । किन र के कारणले ? नगरबधु बन्नु परेको हो, यो कुरामा कसैको चासो हुन्न । भए पनि विभिन्न ढंगले प्रताडित तुल्याउने काम बाहेक अप्ठ्यारा र समस्याहरूका बारेमा ध्यान दिँइदैन । त्यो मानवता होइन । नगरबधु बनेर शरीरको सौदाबाजी गर्न बाध्य पारिएकालाई राम्रोसँग नबुझ्नु हाम्रो कमजोरी हो ।

मानवीय भावना र सोच भएकाहरूले मान्छेले भोग्दै गरेका दुख पीडामा मलमपट्टी लाउनु अति आवश्यक छ । त्यति बुझ्न नसक्नेहरूलाई कुनै पनि हालतमा मान्छेको कोटीमा राख्न सकिँदैन । उनीहरूका मनका पीर, व्यथा, पीडा दर्द र समस्या बुझ्नु हाम्रो नैतिक जिम्मेवारी पनि हो । उनीहरूले अपनाएको पेसा छुटाएर बैकल्पिक उपाय सुझाई राम्रो काममा लगाउनु उत्तरदायित्व पनि हो ।

साहित्यका सबै विधाका लेखकले समाजका विविध घटना र मान्छेका रहसहन र वस्तुस्थितिको पाटापक्षबाट विचार बनाउन सक्नुपर्छ । समाजमा देखापरेका बिकृती र बिसङ्गतीले मान्छेलाई पर्ने प्रभाव बारे पनि बोल्नुपर्छ । नगरबधु भन्ने बितिकै हाम्रो उनीहरूप्रतिको धारणा गलत हुन्छ । समाजले खराब नजरले हेर्ने र बुझ्ने गरेकै कारण समाजदेखी ती रहन बाध्य बनेका हुन् ।

मान्छेका जीवनमा घटेका र घट्न सक्ने हरेक ठुला साना घटनाले उसको जीवन र ब्यक्तित्वमा प्रभाव पर्छ । ती घटनाले अरू भन्दा भिन्न अवश्य बनाउँछ । जीवनमा नकारात्मक असर पर्छ । त्यति मात्र कहाँ हो र ? समाज बहिष्करणमा समेत पर्नुपर्ने हुन्छ ।

समाजको अलगावमा परे पछि

बाध्यतावस बाँच्नकै लागि गलत पेसा अपनाउन पुगेको यौन व्यवसायी महिलाका बयान हामीले सुनेकै छौँ । कतिपय घटना गाउँका साहु–महाजन, तिनका छोरा वा आफन्तले जब्बरजस्त वा दुरब्यवहार गरेकै कारण घट्छन् । तिनीहरूले समाजबाट टाढिएर बस्नुपर्ने अवस्था आउँछ । उनीहरूलाई त्यो अवस्थाबाट बाहिर ल्याई त्यही समाजमा पुनःस्थापना गर्नुपर्छ भन्ने कुरा नारामा सीमित हुन पुगेको छ ।

यस्तो सामन्तवादी सोच, चिन्तन, दुर्व्यवहार र विवशताले नगरबधु बन्न बाध्य भएको कतिपय महिलाको भनाई छ । यिनै मान्छेको पीडालाई विषयवस्तु बनाई यो कथा सङ्ग्रहका रूपमा पस्कने काम कथाकार बद्री ढकालले गरेका छन् यसका लागि उनलाई बधाई दिनै पर्छ । यस्ता यौन व्यसायीहरू नेपालका साना ठुला सहर बजारमा देखिन्छन् । गरिबी र आर्थिक अभावले यो क्षेत्रमा लागेकाहरूको सशक्त कथाहरूको सङ्गालो हो यो ।

कोहि लोग्नेले छोडेर आधारविहीन भएका, कोहि जागिरको लोभमा फसाईएका, कोहि यौनहिंसामा परेकाहरू समाजमा टिक्न बस्न नसकी विवशतावश यो पेशा अपनाउन वाध्य छन् । हो, तिनीहरूकै पीडा र व्यथाहरूको सशक्त कथा हो, नगरबधुसँगको सहयात्रा । यौन व्यवसायी नगरबधुबारे बुद्धिजीवी, राजनीतिक दलका नेतागण, उद्योगी, व्यवसायी, प्रायः समान धारणा राख्छन् ।

तर त्यस्ता मान्छे नै समय समयमा यौन पिपासा मेट्न नगरबधुका कोठीहरूमा जाने गरेका घटना बारबार सुनिन्छन् । सकारात्मक सोच राख्नेहरू यो काम रोक्न किन प्रयास गर्दैनन् ? यस्ता प्रश्न नउठेका हैनन् उठेका छन् तर समस्या समाधानतिर कसैको ध्यान जान सकिरहेको छैन । उनीहरूका बाध्यता विवशता बुझी समस्या समाधानको बाटो खोज्नु नै जिम्मेवार व्यक्तिहरूको नैतिक दायित्व र कर्तव्य देखिन्छ ।

दुनियाँमा कतिपय देश र ठाउँमा राज्यले यौन ब्यवसायलाई व्यवस्थित र मर्यादित बनाएका छन् । यौन पर्यटनका माध्यमबाट प्रशस्त आम्दानी गरेका छन् । कथाकार ढकालले यो पुस्तकमा तिनका अप्ठ्यारा र पीडा उधिन्ने प्रयत्न गरेका छन् । सहर, बजार, चोक, चौतारा र गल्लीहरूमा निर्लज्ज रूपमा यौन बार्गेनिङ गरिरहेकाहरूको कथाको भए पनि अन्य सन्दर्भ समेत् जोडिएको छ ।

लेखकले यौनव्यवसायी अर्थात् नगरबधुको कथामा सामाजिक मनोबिज्ञानबारे पनि उल्लेख गरेका छन् । 'बदलाव' कथाको केही अशं– "मैले पनि उनलाई चिनेको थिएँ । उनी निशा थिईन्, तर यहाँ एउटा बेवारिसे युवतीको लाशको रूपमा लडिरहेकी । चिन्नेहरू पनि उनलाई नचिनेको अभिनय गर्थे । उनका शरीरसँग आफ्नो ईच्छा पूरा गर्नेहरू पनि उनीसँग अपरिचित थिए । ती चिन्नमा आनाकानी गरिरहेका थिए । ती सब परिचित अपरिचितका बीचमा म पनि मौन रहे ।"

यो सङ्ग्रह मान्छेको समग्र परिचय झल्कने शब्द चित्र बनेको छ । यहाँ शीर्षकका २१ थान कथाहरू समेटिएका छन् । कथामा सामयिकताका सन्दर्भसहित् व्यक्ति, परिवार, स्त्री र पुरूषका चरित्र चित्रण गरिएका छन् । मान्छेका विवशता तथा दुःख पीडाबारे धेरै बोलिएको छ । विकृती विसङ्गतीले सिङ्गो समाजलाई गाँज्दै लगिरहेको देखाउन खोजीएको छ । यसर्थ सबै क्षेत्रका सचेत अगुवाहरूले यस्ता गम्भीर सवालमा आवश्यक विकल्प सहित योजना ल्याउनुपर्छ । यो राज्य र समाज दुवैको दायित्वभित्र पर्ने समस्या हो ।

यसको ब्यवस्थापन गर्न एउटा निश्चित क्षेत्र तोकेरै भए पनि मर्यादित बनाउन आवश्यक छ । यिनै र यस्तै कथाहरू बुनेर कथाकारले कथालाई रोचक र घोचक बनाएका छन् । यस पुस्तकका सर्जक कथाकार ढकाललाई अझै अगाडि बढने हौसला मिलोस् । अहिले यति मात्र भन्छु यति मिठो सङ्ग्रह पढ्ने अवसर दिनु भएकोमा बधाई र शुभकामना कथाकारज्यू ।

*– दुधिअवा, रौतहट*

# रोजीको हवाइजहाजमा उड्दा



• **प्रतीक्षा रिजाल**

नेपाली बालसाहित्यमा आजसम्म करिब डेढसयको हाराहारीमा बालउपन्यास लेखिएका छन् । यसको इतिहास पनि त्यति लामो छैन । यसो भनौँ बालउपन्यास लेखिन थालेको करिब पाँच दशक मात्र भएको छ । यो पाँच दशकभित्र १५० को हाराहारीमा मात्र बाल उपन्यासहरू प्रकाशित भएका छन् । निश्चय पनि सन्तोष मान्न सकिने अवस्था छैन । वार्षिक हिसाबकिताब गर्दा एक वर्षमा जम्मा तीनवटा बालउपन्यास प्रकाशित भएको देखिन्छ ।




एउटा सशक्त र जीवन्त इतिहास भएको हाम्रो भाषासाहित्यको बालसाहित्य क्षेत्रको उपन्यास विधामा यति थोरै सङ्ख्यामा कृतिहरू प्रकाशित हुनु निश्चय सुखद् पक्ष हैन । यो कुराबाट के पुष्टि हुन्छ भने बालबालिकाप्रति हामी अलि कम चासो राख्छौँ । उनीहरूको भविष्य निर्माणनै देश विकासमा प्रमुख आधार हो भन्नेतिर त्यति ध्यान पुऱ्याउँदैनौँ । तर यो सकारात्मक सोचाई हैन । आजका बालबालि देश हाँक्ने कर्मठ युवा शक्ति भएकाले उनीहरूको चौतर्फी विकासको लागि आज हामीले गम्भीर रूपले सोच्नु आवश्यक छ ।

बालसाहित्य कम लेखिनु, कम पढिनु, देशका जिम्मेवार व्यक्तिहरूको ध्यान यतातिर नसोझिनुले हामी त्यो कुरालाई कम महत्त्व दिन्छौँ भन्ने कुरा स्पष्ट हुन्छ । यसले न बालबालिकाको चौतर्फि विकास हुन्छ न त देशले अपेक्षित प्रगति नै गर्न सक्छ । यसर्थ आजका हामीले देशको भविश्य हेर्ने हो भने बालबालिकाको शिक्षा, स्वास्थ्य र मानसिक विकासका लागि गम्भीर बनेर बनेर सोच्नु आवश्यक छ । आज बालबालिकाको चौतर्फि विकासमा ध्यान पुऱ्याउन सकिए भोलि देशले काँचुरामा कुनै शङ्का छैन ।

माथि उल्लेख भएका १५० हाराहारी उपन्यासहरूमध्ये एउटा उपन्यासका` नाम हो रोजीको हवाईजहाज । २०६७ मा पहिलो पटक प्रकाशित भएको यो कृति २०७८ मा भुँडीपुराण प्रकाशनबाट दोस्रो प्रकाशित भएको छ । बालसाहित्यमा एक दर्जन कृति प्रकाशित गराईसकेका नवराज रिजाल यस कृतिका लेखक हुन् । बालसाहित्यमा कथाका नौ र कविताका दुई कृति प्रकाशित गराएका उनको यो उनको एक मात्र औपन्यासिक कृति हो ।

यस कृतिमा धादिङ जिल्लाको तत्कालीन खाल्टे र जीवनपुर गाविसको

भूगोल अर्थात् परिवेश छ । खाल्टेको पापुङ गाउँकी रोजी, उसकी आमा, फुपू, दाइ, बहिनीहरू, साथीहरू, पाठशाला इत्यादिको वरिपरि उपन्यासको कथा घुमेको छ । रोजीको जन्म मध्य वर्गीय परिवारमा भएको हो । घरमा आमा, दाइ र बहिनीहरू हुनुहुन्छ । उसलाई आमाले दुःख गरेर सफलताका बाटो देखाउनु भयो । आमालाई ढाडस र सहायता दिने कान्छी फुपु हुनुहुन्छ । उहाँले रोजीलाई प्रत्यक्ष अप्रत्यक्ष दुवै रूपमा भरपुर सरसहयोग गर्नु भएको छ ।

उपन्यासको मूल सन्देश सानालाई माया र ठुलालाई आदार, सत्कार गर्नुपर्छ भन्ने हो । काम ठुलो र सानो कहिल्यै हुँदैन । कोही कसैलाई सानो भनेर हेप्न कहिल्यै हुँदैन । सकेको सर सहयोग जहिल्यै गर्नुपर्छ । नदेखेको, नजानेको र थाहा नपाएको कुरा आफुले पनि बुझ्ने र अरूलाई पनि बुझाउने प्रयास गर्नु पर्छ । अरूको कुरामा अनावश्यक हस्तक्षेप गर्नु हुँदैन । अवसर र मिहिनेतले मानिसलाई अगाडि बढाउँछ तसर्थ हामीले सधैँ त्यही बाटो रोज्नु पर्छ भन्ने सन्देश उपन्यासमा प्रशस्त मात्रामा रहेको छ ।


एकतामा ठुलो बल हुन्छ । कसैले पनि एक्लै केही गर्न सक्दैन । झन् हामी मानव त सामाजिक प्राणी हौँ । एक्लै कुनै पनि काम पूरा गर्न सम्भव हुँदैन । समाजमा बसेपछि सबैसँग मिल्न सक्नु पर्छ । अरूको खिसिँटिउँरी गर्नु हुँदैन । दृढ विश्वास लिएर अगाडि बढ्नु पर्छ । विश्वास बोक्नेले प्रगतिको पाटो पहिल्याउन सक्छ । मान्छेले चाहेको खण्डमा जे पनि गर्न सक्छ तर त्यसको लागि धैर्यता र इच्छाशक्तिको आवश्यकता पर्दछ । साथै लक्ष्य प्राप्तीको लागि धेरै सुन्ने र कम बोल्ने बानी बसाल्नु पर्छ । सिर्फ आफ्नो काम गर्नु पर्छ । अरूको कुरा गर्दै हिंड्नु हुँदैन । यस खालका कुराहरू पनि उपन्यासमा बग्रेल्ती पाइन्छन् । यसको उदाहरणमा लेखकले रोजीलाई नै अगाडि सारेका छन् ।

जीवन आफैँ बन्दैन, सफलता त्यसै हाता लाग्दैन त्यसलाई त परिश्रम र मेहनत गरेर बनाउनु पर्छ । निरन्तर सङ्घर्ष गर्नेहरूले सफलता प्राप्त गरेका छन् । अल्छीहरू कहिँ पुगेका छैनन् ती त जहाँको त्यहीँ र जस्ताको त्यस्तै छन् । यो यथार्थलाई सधैँ आत्मसात गर्न सके कहिल्यै पछाडि फर्कनु पर्दैन । त्यसलाई आत्मसात गरेर अघि बढे सुख र खुसी प्राप्त गर्न सकिन्छ ।


जीवनका बाटा अप्ठेरा र असजिला छन् । तर ती बाटाहरूमा सहजताका साथ हिंड्न सके सफलता भेट्न सकिन्छ । यो असम्भव छैन तर त्यसका लागि आफैँ तयार बन्नु पर्छ । म सक्छु र गर्छु भन्ने भाव बोक्नेहरूले कहिल्यै पछाडि फर्कनु पर्दैन तर यसका लागि मनमा दह्रो आँट र आत्मविश्वास भने चाहिन्छ । तत्परता नै सफलताको जननी हो । प्रयासमा नथाक्नेहरूले जीवनमा सफलता भेटेका उदाहरणहरू अनेकौँ छन् ।

आत्मविश्वास सबैभन्दा ठुलो कुरा हो । सकारात्मकता र नकारात्मकता दुवै एकै सिक्काका दुई पाटा हुन् । दुख र सुख पनि एकअर्काका परिपूरक हुन् । दुखको अन्त्य पछि सुखको आगमन हुन्छ । त्यसैले धैर्यतालाई साथ लिएर हिंड्नु पर्छ । यहाँ पनि रोजीले धैर्यता, मिहिनेत, कोसिस, गुरूहरूको हौसला, घरपरिवारले दिलाएको आत्मविश्वास र पाठशालाका साथीहरूको सहयोगका कारण ऊ हवाईजहाज उडाउन सफल भएकी छ । निरन्तर प्रयास गरे सफलता पाउँन सकिने यो उपन्यासको मुख्य सन्देश हो ।

सबैभन्दा पहिले आफूले आफूलाई चिन्नु पर्छ । आफूलाई चिने अगाडिका सम्पूर्ण बाटाहरू खुला हुन्छन् र। इच्छाशक्तिले मानिसलाई सफलतामा पुऱ्याउँछ । प्रयास कहिल्यै छोड्नु हुँदैन । सकारात्मकता अगाडि बढ्ने बाटो हो । रोजी त्यही कुरा बुझेर अगाडि बढेकीले सफल भएकी हो । यसर्थ हामीले यही कुरा आत्मसात गर्नुपर्छ भन्ने कुरा यहाँ अवगत गराईएको छ ।





कृति : लघुकथालय (लघुकथा, चिन्तन, मनन र लेखन)
कृतिकार : डा. विदुर चालिसे
प्रकाशक : नमस्ते आधुनिक लघुकथ मञ्च चितवन
पृष्ठ सङ्ख्या : ५००
मूल्य : ६९० /-
प्रकाशन साल : २०७९




कृति : जलान (लघुकथासङ्ग्रह)
कृतिकार : डा. विदुर चालिसे
प्रकाशक : बुलबुल पब्लिकेशन प्रा.लि. डिल्लीबजार पीपलबोट काठमाडौँ
पृष्ठ सङ्ख्या : २३२
मूल्य : ३७५/-
प्रकाशन साल : २०७७




| | |
|---|---|
| कृति : | पुत्लादहन (लघुकथसङ्ग्रह) |
| कृतिकार : | दिव्य गिरी |
| प्रकाशक : | गिरीवर प्रकाशन, ललितपुर |
| पृष्ठसङ्ख्या : | १६० |
| मूल्य : | २५०/– |
| प्रकाशन साल : | २०७८ साल |




| | |
|---|---|
| कृति : | परावर्तन (मुक्तकसङ्ग्रह) |
| कृतिकार : | रेहित सैजु |
| प्रकाशक : | उदय विष्ट |
| पृष्ठसङ्ख्या : | ११२ |
| मूल्य : | २५०/– |
| प्रकाशन साल | २०७९ साल |




# यो विज्ञापन होइन

आदरणीय स्रष्टा महानुभावहरू ! भैरव पुरस्कार गुठीले हास्यव्यङ्ग्य क्षेत्रमा कलम चलाईरहनु स्रष्टाहरूलाई भैरव पुरस्कार तथा भैरव नवप्रतिभा पुरस्कारद्वारा सम्मान गर्दै आएको छ । तसर्थ सो पुरस्कारका निम्ति यहाँहरूलाई आ–आफ्ना कृति यो संस्थालाई उपलब्ध गराईदिनहुन हार्दिक अनुरोध गर्दछौँ ।

**सचिव**
**वसन्त रिजाल ९८५१२१३९१४**
**तथा भैरव पुरस्कार गुठी परिवार**
जोरपाटी काठमाडौँ

# करैयामाई गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, करैया, बारा**

## सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं–सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा–पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जतातत‍ै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# देवताल गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, प्रिप्राढी, बारा**

## सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं–सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा–पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जतातत‍ै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# सुवर्ण गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, कबहीगोठ, बारा**

## सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौँ ।
- बाटो, नाला, चोक, गल्ली जतातत‌ै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# पचरौता नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय, बेनौली, बारा**

## सम्पूर्ण नगरवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै नगरपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहौँ ।
- बाटो, नाला, चोक, गल्ली जतातत‌ै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।

# आदर्श कोतवाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, महेन्द्रआदर्श च्युटाहा, बारा

## सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।



# प्रसौनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी, बारा

## सम्पूर्ण गाउँवासी महानुभावहरूमा अपिल

- जन्म, मृत्यु, विवाह, बसाईं-सराई तथा अन्य सामाजिक घटनाहरू यथा समयमै गाउँपालिकामा दर्ता गरौं, गराऔं ।
- घर–घरमा चर्पी बनाऔं, चर्पी प्रयोग गरी दिसा-पिसावको सुरक्षित विसर्जन गरौं, सामाजिक प्रतिष्ठा कायम गरी स्वच्छ वातावरणमा स्वस्थ भई बाँचौं र बाँच्न दिऔं !
- गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरुद्ध सबै सचेत, सजग र क्रियाशील रहौं ।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं । सभ्य बनौं । सभ्यताको परिचय दिऔं ।
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं । नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं ।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं । यी सामूहिक धरोहर हामी सबैको हो । यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं ।


मेरो
कुरामा
बा
हुनुहुन्छ
क्या !
राजेशमानंधर

# तपाईं निम्नमध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बालविवाह
- अनिच्छित विवाह
- बहुविवाह
- दाइजो विवाह
- दवाव विवाह
- विचार गर्नुस्,

के तपाईं अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**